*N-75-S

5*

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology


संख्या ९
कार्तिक २०२६

Number 9
October 1969



सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa



प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:-
साझाप्रकाशन
पुलचोक, ललितपुर

To be had of:
Sajhaprakashn
Pulchok, Lalitpur

मूल्य रु. ५।-

Price Rs. 5/-

Printed at the Jore Ganesh Press Pvt. Ltd. Kathmandu.

प्राचीन नेपाल
संख्या ९
कार्तिक २०२६

Ancient Nepal
Number 9
October 1969


सम्पादक

रमेशजङ्ग थापा

**Editor**

Rameshjung Thapa

# विषय–सूची

# Contents


| | पृष्ठ | Page |
|---|---|---|
| नेपालको इतिहास राजभोगमाला | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २५ | 25 |
| योगप्रकाश मल्लका तामापत्र, ताडपत्र र तमसुकहरू<br>*शङ्करमान राजवंशी* | २९ | 29 |
| शाहवंशका केही राजाहरूका राज्यकालका विषयमा विचार<br>*सूर्यविक्रम ज्ञवाली* | ३३ | 33 |
| तान्त्रिक दर्शन एक परिचय<br>*खोमराज नेपाल* | ३६ | 36 |
| हिन्दू विवाहपद्धतिको वैज्ञानिकता<br>*देवीप्रसाद लंसाल* | ४१ | 41 |
| राजा भास्कर मल्लका विषयमा संशोधन र निर्णय<br>*मोहनप्रसाद खनाल* | ४७ | 47 |
| Neolithic Tools from Nepal and Sikkim<br>*Dr. N. R. Banerjee and Janaklal Sharma* | ५३ | 53 |

# नेपालको इतिहास राजभोगमाला

## गताङ्कको बांकी

तिमी जाऊ भंदा ति आचार्यले जुन चाहीं अवतारि थिया तिनैकन ठहराइ ति राजपुत्रकन माग्दा ति राजाले मेरो पुत्रहरू मध्य उत्तम भयाका मुष्य चाहिंकन इनले माग्या वाचामा हार्‍यां क्यालाग्छ भनि केही भन्न सकेनन्। ताहांपछि रानिले थाहा पाई एस पुत्रकन त म कदाचित् दिन्या छैन भनी दियीनन्। थोरै दिन ताहां वस्दा ति लक्षणवान् पुरुषकन साथ ल्याउन नपाई एक दिन ती अवतारि पुरुषकन भेटी तिमिकन हामिले नेपालमा दुर्भिक्षे हुंदा यहांसम्म धाइ आई पुग्यौं वावासंग पनी मागी सक्यौं। हामिले पायौं। अब हाम्रा मनोरथ पूर्ण गरिदिनु चाहिंछ भनि विंति गर्दा मत्स्येंद्रावतार पुरुषबाट आज्ञा गर्‍या। नेपालमा सहकाल गर्ना निमित्त श्री पशुपतिनाथकन मांनु। आसमुद्रांत त्रिभुवनका देवताहरू तिनैका हुकुममा अधिन भै रहन्छन्। वैशाख मासमा ब्राह्मणद्वारा आर्यतिर्थको जलाभिषेक गर्नु। तव वर्षाफल सुफल होला भनी आग्या गर्‍या

**ततः श्लोकेन पठयतिः—**

**अथोवाच मत्स्येंद्रश्च नेपालवासिजन्तवः**
**मृत्युञ्जयाय विप्रैश्च वैशाखे चाभिषेचनम्।**
**मिलित्वा सर्ववर्णैश्च दुर्भिक्षहरणं भवेत्**
**गृहीत्वा तज्जलं मेघः काले वर्षति सर्वदा।**

एस्ता प्रकारसंग आज्ञा गरि तिमिहरूले आवाहन गर्दा म आउँला ऐले तिमिहरूसंग आउनु हुंदैन। मेरा आमाले पनि जान देवैनन्। तिमिहरू यहां वस्नु पर्दैन जाउ भनी आज्ञा प्रसन्नभया।

ताहां उप्रान्त कामरूवाट गमन गरी फर्कि नेपालमा आई चाहिंदो पुरश्चरणको सराजाम सव थोक् शास्त्रानुसार जोरजम्मा गरि उत्तमभूमि ठहराइ लग्नवेलका मध्यमा शिलाको पद्माकार वनाई पवित्र भै पीठपूजा कलस स्थापि पुरश्चरण आरंभ गर्‍या। एक दिन राजासंग भन्या—हे महाराज आज रातृ मत्स्येन्द्रनाथ गमन गरी आइ यस कलसमा प्रवेश गर्न्या छन्। तिमिले उस वषतमा एक पट्टवस्त्रले तत्क्षण कलसमा छोप्नु भनी यहाई ध्यानदृष्टिलाई मंत्रले आकर्षण गर्‍या। नेपालभूमिमा दशदिग् विषे रक्षा विधानले दिग्वन्धन गरी आवाहन गर्दा मंत्रका बलले गरी आकर्षण हुंदा श्री मत्स्येन्द्रनाथबाट नरस्वरुपमा आफ्ना आमा भै रह्याकीकन निंद्रैमा छली कामरु पीठमा गण साथमा ली नेपालभूमिमा प्राप्त भै पंचरात्रको तेजले जुक्त भै रत्नाकारस्वरूप भ्रमर भै पुरश्चरण गर्‍याका स्थानमा भित्र प्रवेश गर्‍या। राजालाई अकस्मात् निन्द्रा लाग्न जांदा वेहोस भै कलसमा छोप्न सकेनन् र भ्रमरस्वरूप फेरि कलसवाट निस्कि फर्कंदा भया र वंधुदत्त आचार्यले कुटुवाल दहदेखि पर जान नहुन्या साधन हो। दिग्वन्धन गरी राजालाई भन्या — हे महाराज तिमि उत्तर साधक हौ। तिमिले अवसर चुकायौं। इश्वर फर्कि गमन गरी जांदा भया। अव वेस गरी वस भनि फेरि मंत्रले आकर्षण गर्न लाग्या। फेरि मत्स्येन्द्रनाथ गमन गरी आइ कलसभित्र प्रवेश गर्‍या। राजालाई फेरि निंद्रा भयो र फेरि उम्कि गया। ताहाँपछि फेरि राजालाई भन्या — तिमिले दुइ वार चुकायौ। अव फेरि एक फेरसम्म मंत्रका वलले श्री मत्स्येन्द्रनाथ आकर्षण गरौंला तेश्रा पाली पनि चुकायौ भन्या मनोरथ वेर्थ भयो भनी यै गरी अव वेस गरी चेति रहुँला भनाइ आकर्षण गर्न लाग्या। फेरि मंत्रका वलले श्री मत्स्येन्द्रनाथकन आवाहन गर्दा गमन गरी आइ कलसमा प्रवेश गर्दा समय देवताका छलले गरी राजालाई फेरि निंद्रा लाग्न जांदा वंधुदत्त आचार्यले अव त अनर्थ भयो। एसै औसरमा चुक्याउप्रान्त सव मिहनत वेर्थ भयो भनि चाँडै राजालाई गोडाले थक्का दि राजालाई उठाउँदा राजाले पनि चाँडै पट्ट वस्त्रले कलश छोपिदिया। तर उस वषत्मा राजाले क्या चिताया

भन्या, यस आचार्यले मलाई लात्तैले हान्या । यिनको गोडा तिन टुक्रा पार्न पर्न्या हो भनि चिताया । आहाँ-पछि विधिपूर्वक स्थिर बाचन गरि पूजा मान्य गन्या : कामरू पीठका पूर्णचण्डि मिननाथ हैग्रीव भैरव आदि-हरूकन पनि आवाहन गरि पुजामान्य गन्या । ललित-पट्टनमा स्थान वनाई चोभु भन्याका स्थानमा सुह्रोश्वर नांम मिश्र व्राह्मण वौद्धाचार्यमा पस्या उनका विहांरका संधी उदरमा कलस राषि धनुका लोकेश्वर मूर्ति वनाई विधिपूर्वक प्रतिष्ठा कर्म गरि स्थापना गन्या ।

नेपालमा शुभाशुभ चिह्न हवस् भन्ना निमित्त भरणि नक्षत्र वार योग लग्न ठहराई मनुष्यका माफिक दश कर्म गरी स्त्रीलाई गर्न्या कर्म पनि गरि स्त्रीपुरुष दुवैका चाहीन्या कर्म पुऱ्याई यज्ञोपवीत दी शिवमार्ग बौद्धमार्ग दुबै मार्गले मान्नु पर्न्या प्रमाणले गरी ग्रहहरूका दान शान्ति स्वस्ति गर्नु पर्न्या रित चलाया । इ प्रमाण गन्याको शुभाशुभ चिह्न इनै श्री मत्स्येन्द्रनाथबाट हवस्-भन्ना निमित्त हो । एस्ता प्रकारसंग सिद्ध मत्स्येन्द्रनाथ-कन नरस्वरूपका गतिमा ल्याइ प्रतिष्ठा गन्या :—

**नमो लोकनाथाय**
**स्तुत्वा प्रणम्य अभयंकरं सर्वसत्वं संपूर्णचन्द्रवदनां— वृजपत्रनेत्रम् ।**
**सर्वस्य ज्ञानमुकुटं भवमुक्तिमार्गं**
**तं पद्मपाणिं वरभूषितज्ञानराशिम् (१)**

अस्यार्थ :—

हे लोकेश्वर परमेश्वर समस्त लोकहरूकन अभय वर प्रसन्न हुन्या पूर्णमासिका जस्तो तेजीला मुषारविन्द भयाका कमलका दल जस्ता लोचन भयाका तथागतका बौद्ध ज्ञान धारण गरि रह्याका फेरि यो परमेश्वरका गात्र लक्षण कस्तो छ भन्या नासिका पनि लामो गंडस्थल उठ्या ओठ रातो तुषार जस्ता दन्त हांसिला मुषारविन्द भयाका विसाल कृपाल भयाका सिर पिन भयाका फेरि व्रह्माले पनि मान्याका कोमलवाणि भयाका फेरी पुष्पका मालाले आभुषण गन्याका सुवर्ण नानारत्नका अलंकार ग्रहण गन्याका त्रिनयन जटा मुकुटमा वालचन्द्र सोभाय-मान भयाका कृष्णा मृगका अजीन ओढयाका सुवर्ण भयाका फेरी लोकेश्वर भनी समस्त देव दैत्यले भन्याका वासुकि नागराजाको जनै धान्याका चिन्तामणि मनकामना पुऱ्या-उन्या रत्न कुण्डल कर्णमा धान्याका फेरि संसार भन्याले जन्म मरण वृद्ध हुनु नाना पाप दु:खरूपि समुद्रमा डुव्याका—लोकहरूले नमस्कार गर्दा पुर्वकालमा परमेश्वरबाट बौद्ध ज्ञान दि बौद्ध गरि पापिहरूकन धर्म उपदेश दिन्या फेरि जमराजका नरकमा जाई अविचि नरकमा वुडाई राष्याका पापीहरू सबै उतारि पापदेह मोचन गरि नरक सबै नास गरि सितल, भुमि गरि नरक कुण्डबाट पद्म उत्पत्ति गरि पापिहरूको दु:ख मोचन् गरि सुख दिन्या फेरि नरकमा जांदा जमकिंकरहरूकन तर्साई पठाइ विहार गर्न्या फेरी नरक जस्ता ठाउंमा जाई भक्तजन उद्धार गर्न्या—त्रैलोक्यका नाथ भयाका अभय दिन्या दु:ख पर्दा जस्ले तिनको नाम स्मरण गर्ला: तस्को दु:ख हन्यो फेरि इनैले प्रेतलोकका भुमिमा जाई प्रेतहरूो भुष तृषा छुटाई दिन्या कस्ता प्रेतहरू भन्या, परवत जस्ता प्रेत भयाका तृषाले नरकका ज्वालाले सरिर जिर्ण भै पानि घाममा रह्याका सुक्याका काठ जस्ता आंग सियोका छिद्र जस्तो मुषद्वार भयाका प्रेतहरूकन आफ्नै वाहुलिले पानि पियाइ उद्धार गर्न्या तृष्णाले पिडित भयाका दु:खिहरू-कन अफ्ना पाँचै अंगुलिबाट नदि वहाइ प्रेतहरूको भुष छुटाइ सरिर पुष्टी गरि आनन्द गराउन्या फेरि चन्द्र सूर्जेका किरणले नदेष्याका ठाउंमा जाइ चिन्तामणि कुण्डलका तेजले उज्यालो गरि यक्षराक्षसले नमस्कार गरियाका वलिराजाकन पातालमा जाइ अनुत्तर ज्ञान केहीं वोध दि थोरै माथि उतारि दिन्या दिविकुण्डल भन्याका देवपुत्र थाइं जाइ अन्न माग्दा देवपुत्र रोइ बिन्ति गर्दा अन्न धन रत्न सम्पत्ति पनि दि दु:ख नास गर्न्या, कामरूप अनेक राक्षसिहरूका स्थानमा जाई अर्कालाई मारि षाउँ भनि चिताउन्या राक्षसीहरूकन मोह गरि ज्ञान कहि धर्मचित्त गराउन्या क्रिष्टा मुत्रका भुमिमा जाई कोटि प्रमाण क्रिमि भै रह्याका नारकीकन भ्रमर भै जाई शब्द सुनाइ सबं क्रिमिकन उद्धार गर्न्या बाह्र वर्ष सम्म पानि नपरि दुर्भिक्ष भै हाहाकार हुँदा पानि पांरि वृही वृद्धि गर्न्या राक्षसिका हातबाट वनियाँहरू आपनु बराह घोडा भै समुद्रबाट उक्साइ पार गर्न्या केहि कालमा संसार प्रलय हुँदा देवदानवहरू आपना रोमकुप-मा हालि रक्षा गर्न्या व्याघ्रादि सबै भय नास गर्न्या मनुष्य जस्तै पुरुषमा पारिजात श्रेष्ट तस्तै धान्यादिले युक्त गराई समस्त कुवेरादिले नमस्कार गरियाका एस्ता कन नमस्कार भनि जसले करुणाष्टक पाठ गर्ला तस्को साफल्य होला । नाम लिनाले दु:स्वप्नादि नास होला । ईश्वरले सव पदार्थमा रक्षा गरुन् भन्या आदि भावले

गरि करुणाष्टक बनाई स्तोत्र गऱ्या । श्लोक २५ को स्तोत्र बनाइ श्री मदार्यावलोकितेश्वर भट्टारकस्य श्री वंध वाचार्य कृतं करुणाष्टक भनि स्तुति गऱ्या ।

फेरि राजा नरेन्द्रदेवबाट पनि सुप्रभातं प्रभातं दशवल तवनि आदि संस्कृत वाणिका रूप स्तव भनि बनाई स्तुति गऱ्या । एस्ता प्रकारसंग श्री राजा नरेन्द्र देवले र वंधुदत्त आचार्यले मन्त्र आकर्षण गराइ श्री मत्स्येन्द्रनाथकन नेपालमा ल्याया । नेपाल प्राप्य गराउंदाको वर्ष २ संख्या लोकः– **अतितकलिवर्षेषु स्वादस्वर्गरसाग्नयः (३६७६) नेपाल विजयी श्रीमानार्यावलोकितेश्वराः १** कलिगत वर्ष ३६७६ जांदा श्री मत्स्येन्द्रनाथकन नेपालमा प्राप्त गराया । आहाँपछि राजा नरेन्द्रदेवले वंधुदत्तका संमतले यात्रा वनाउनको विधि कृया–रथको आकार भैरव कर्कोटक नागका प्रमाणले ढलमा बनाइ चार भैरवका भावले चार पांग्रा वनाइ ३२ हात प्रमाणका रथ पांग्रा ढलमा वहिदो विधि आरंभ यात्रा बनाया । मत्स्येन्द्रपुर नाम एक देश बनाई महिना छ ललितपुरमा विरामान गराउनु पर्न्या गरि देवालय वसाया । यहि रित वर्षप्रति सदा सर्वदा भैगयो । **मत्स्येन्द्रस्य समा यात्रा नास्ति ब्रह्माण्डमण्डले** भनाई मयायात्रा नेपालमा प्रष्यात भै गयो । इनै इश्वरका वाणि प्रमाण वैसाष महिनामा शिवकन पानि चढाउने रित नेपालमा भै गयो । यस धर्मले वर्षा सुफल भै रह्या । मत्स्येन्द्रनाथकन प्रथम आकार बनाउँदाको स्थान चित्रकार विधि गराउँदाको तेस स्थानमा अद्यापि मृत्तीकाभूमी छ त पनि केहि विजको अंकुर भुमिबाट उब्जंदैन । एस्ता प्रकार संग चाहिंदो प्रवंध पुऱ्याई सक्याउप्रान्त लोकमा धन्य कहाया । अघि वंधुदत्तले श्री मत्स्येन्द्रनाथकन आकर्षण गर्दा समय राजामाथि लात् दींदा राजाबाट यस बौद्धाचार्यका गोडा तीन टुक्रा गर्नु पाया हुँदो हो भन्या घटिया कुरो चितायाको वंधुदत्तले पनि राजाले ममाथि चिताउन्या भनि मनमा ली राष्याको थियो र सोहि वाहानाले इश्वरको भक्तिले युक्त भै सरिर त्याग गरि श्री मत्स्येन्द्र नाथका दाहिना पाउमा रहने गऱ्या । राजाबाट पनि मैले अघि घटिया कुरो चितायाथ्यां सो कुरो गुरुले पनि मनमा लियाका रहेछन् । उस वाहानामा इनले प्राण छोड्या त मैले पनि प्राणत्याग गरि जान्या योग्य हो भनि श्री मत्स्येन्द्रनाथकां भाव भक्तिले प्राण त्याग गरि वाउं पाउमा वास गऱ्या । सोहि कारण श्री मत्स्येन्द्रनाथका दर्शन गर्दा सोहि दुइ भक्तले युक्त छन् भनि चरणको नमस्कार गर्दछन् । अघि ललितपट्टन सहर्मा लोकनाथ मिननाथ आदि देवताहरूको यात्रा वर्षप्रति गर्दथ्या । पछि श्री मत्स्येन्द्रनाथ ल्यायाउप्रान्त यक मिननाथको यात्रा मात्र थामि अरू यात्रा ह्यासि **मत्स्येन्द्रस्य समा यात्रा नास्ति ब्रह्माण्डमण्डले** । भनाइ महायात्रा गऱ्या । श्री राजा नरेन्द्रदेवले ठुलो यस श्री मत्स्येन्द्रनाथकन नेपालमा स्थिति गराया । मत्स्येन्द्रनाथका यात्राको विधि प्रवंधका स्थिति गरि धन्य कहाइ देह त्याग गरि श्री मत्स्येन्द्रनाथका चरणमा लिन भै गया । सिवदेवदेषि पुस्ताद के भो भोगवर्ष २१४ । कलिगत वर्ष ३७०५ । जंमा राज भोगवर्ष ४५४८ ।

अस्य पुत्र श्रीराजा वरदेव भोग वर्ष । इन राजाका पालामा वावाले स्थिति गरि गयाका श्री मत्स्येन्द्रनाथका वर्षवन्धन पुऱ्याई दिन्या काम पुऱ्याइ प्रजा पालन गरि रह्याका थिया । अघिदेषिको हरिसिद्धि त्रिशक्ति भवानीका नाच लोप हुन लाग्याको जान्या मानिस गरि विधिपूर्वक फेरि गराया । अस्य पुत्र श्री राजा शंकरदेव भोग वर्ष । इन राजाले राजधानि सहर ललितपट्टनमा वसि दोश्रो सहर वनाउनको इक्षा गरि जगा विचार गरि हेर्दा वाग्मतिका उत्तर विष्णुमतिका पूर्व भागमा जगा ठहराइ वढिया सुसाइत् ठहराई सहर वसाउनको सव सरजाम तैयार गरि बिधिपूर्वक वास्तुक्रम देवताको पूजा गरी श्री शाके ५२७ फागुन शुदि २ उत्तरभाद्रनक्षत्र सिद्ध योग वृष लग्न वर्गोत्तमांस दुतिय द्रेष्काण यस दिन पूर्णवति नामका पुरि वनाउन आरंभ गरि जग् षनी बनाउन लाउंदा वर्ष ३ भित्र ५०० घर सिद्ध गराया । उस समय ईन्द्रवोक भंन्या ठाउंमा तेषु दोभान् भयाको थियो । थोरै वर्षपछि संगम छाडि एक वाणसम्म पुंढो सरी जांदा वेलामा हौंगलमा इंद्रचोक भनि देश वसाया । पिठ स्मशान मेटिकन सहर वशाइ बौद्धाचार्यका सम्मतले ललितपट्टनका श्री मत्स्येन्द्रनाथका यात्राका गतिले पूर्णवति सहरमा श्वेतरूपलोकेश्वर विधिपूर्वक स्थापना गरिकन स्वयंभु कालि पूर्णकाली कामना दायक गणेशकन प्रतिष्ठा गऱ्या । इनै आनंदादि लोकेश्वर दुवै साथै रथ बनाई चैत्र शुक्लाष्टमीको दिन असन टोलमा राषि तीन दिन पर्यन्त यात्रा गर्दथ्या । अस्य पुत्र श्री वलिदेवराज भोग वर्ष १६ ।

इन राजाले पनि फेरि थपि चार हजार घर बनाई पूर्णवति सहर बढाया । फेरि १५ वर्षपछि अस्य

पुत्र श्री वलीदेव राजा भोग वर्ष । इन राजाले पनि सहर बढाउनको इच्छा गरि उत्तरदेषि दक्षिणतीर सहर बढाइ बसाया । विशालनगर विग्र्या उप्रांत अनेत्र जाई बस्याकाकन उज्जेन्का मानिस झिकी ज्ञानि पंडित बुद्धिवंत्त प्रभृतिसंग सम्मत गरी नगर प्रतिष्ठा गरी देशमा प्रजाकन आनंददि प्रजाले यो नगरमा भुक्तमान गराया ।

आहाँपछि नेपाल मण्डलमा श्री रुद्रदेव राजा आई राज्य गर्‍या । भोग वर्ष २७। इन राजाले कुंमित पर्यन्त निष्कंटक गरी राज्य भोग गर्‍या । इनको परलोक भयापछि फेरि अघिका राजाका संतान श्री जयदेव राजा भया । भोग वर्ष ४२ । इन राजाले पनि ललितपट्टन पूर्णवति सहरको वास गरि नगर गुलजार प्रजा प्रति– पाल गरि रह्याका थिया । अस्य पुत्र श्री वालार्जुनदेव राजा भोग वर्ष २१ । इन राजाले भाइ छोरा आफ्नी रानीसहित कामनाले श्री मत्स्येन्द्रनाथ वुगमलोकेश्वर भट्टारककन आफ्ना शिरको मुकुट मणि नवरत्न जड्याको मुकुट विधिपूर्वक पूजा मान्य गरि चढाया । अस्य पुत्र श्री मानदेव १ श्री विक्रमदेव १ । मानदेवले ललितपट्टनको राज्य गर्‍या । विक्रमदेवले पूर्णवतिको राज्य गर्‍या ।

**अब ललित पट्टन सहर कान्तिपूर दुवै तिरको मर्ज्या मिलाइ वृत्तांत कहिछ** । श्री मानदेव भोग वर्ष ३६ । इन राजाले पनि नेपालमा दुइ राजा भै देव-देवताको सन्मान गरि आफु समान लि राज्य भोग गर्‍या । अस्य पुत्र नरेन्द्रदेव भोग वर्ष १ । इनले राज्याभिशेष पाइ चांडै परलोक हुंदा भाइ श्री गुणकाम नाम गर्‍याकाकन राज्याभिशेष दिया । अस्य भोग वर्ष ।

इन राजाका पालामा पंचनंदेश्वर संगम वाग्मती विष्णुमतीको संगम भै मूलसागर भयाको थियो । इन राजाका पालामा श्रीमन्मानेश्वरीका प्रसादले पंचकौमारि भैइती देवी भनि मांगल देशका नाम टोल बनाइ मूल स्वान नाम मनुष्यका निमित्तले मालिन नाम गठ प्रख्यात गर्‍या । इनिहरू गठ होइन । यहाँपछि ललितपट्टनका १८ को राजकुलमा ९ चोक बनाइ राष्याको श्री आदि शक्ति इश्वरी प्रसन्न भै मानदेव राजाका भक्ति सेवा-देषी प्रसन्न भै वृदावनबाट श्री आदिशक्ति दी पठाउंदा नेपालमा ल्याइ श्री मूलछे भनि मूल आगम स्थापना गरि शिवशक्ति युक्त गरि मूलछे आगम भनी प्रख्यात गरि संसार प्रतिपाल निमित्तले प्रवंध पुर्‍याइ स्थापना गर्दा भया । आहांपछि बौद्धमत शिवशक्ति दुवै मतका प्रमाणले रहस्य मूर्ति बनाइ प्रतिष्ठा गर्‍या । वटो टोल आगम् भनि पछि प्रष्पात भै रह्याका छन् । इन राजाले फेरी षड्गजात्रा अघि नभयाको मूलक्षै आगम स्थापना गर्न पाउंदा दशमिका दिन निमन्त्रण कर्म पुजा गराइ आश्विन शुक्ल परेवाका दिन, घटस्थापना जवो रोप्ने दस दीनका दशमिमा षर्गयात्रा गर्दाभया । आहांपछि मन्को वहाल भनि वनाइ संसारमा वृष्टिका कारणले वर्षा काललाई अनावृष्टि हुँदा कालमा पातालमार्ग वनाई लगनषेलमा महादेव वर्षेश्वर भनि स्थापना गरि संखमूल पर्यन्त चारै दिशामा इंट् ढुंगाले रस्ता वनाई तिर्थ नागदह भनि वनाइ चैत्यका प्रतिमा राषि मको वाहाल भनी नाम राषि अनावृष्ठिकालमा यसको विधि पुर्‍याइ साधक धन जान पाउन्या गरि वर्षा सुंन्य भयामा वर्षा होला भनि साधक् गुणिजन जाइ भनिराष्या । यो कार्जेसिद्धि गर्न निमित्तले मणि गणेंश भनी स्थापना गरि त्रीशक्ति गुप्त आगम स्थापना प्रतिष्ठा गर्‍या ।

याहांपछि राजधानिमा गिग्लभट्ट भनि मणिकुमार भनि नारायण स्थापना प्रतिष्ठा गरि एक वर्ष षेत वृष वर्ग गरि चोक बनाइ राजस्थान वसाया । ठुलो कोट गृहभण्डार निमित्त बनायां । पोषरि पनि बनाया । यस चोक र देवतालाई आसय जगा राषि पूजा पाठ पुर्‍याई सुषमा अैश्वर्य पाउनु निमित्तले गर्‍या । जुन मानिसले परंतु चित्त राषि भक्ति गर्ला उस् मानिसलाइ वैकुण्ठधाम प्राप्त होला । इश्वरिमा लिन भै मोक्ष पछि पाउला । तृवेणि शंखमूल नदसागर प्रभावति संगम ललितपट्टन शहर सन्मुख प्रवाह भै विराजमान भयाको छ । जुन मानिसले अन्तकालमा इ तीर्थमा प्राण त्याग गर्ला ष्णुिलोकमा प्राप्तहोला अथवा गरिव इत्यादि जनले इ तिर्थमा लैजान नसकि गृहमा प्राण छोडला सोकन पनि वैकुण्ठ वास पाउला । यो तन्त्रका मतले वनाइ राष्याको नगर उडामर तन्त्रका प्रमाणले यो ललितपट्टन सहर वनाई चौविस हजार अघिका गृहहरू समेत चौविस हजांर भनि प्रष्यांत गरि वनाया । इन राजाले यस्ता प्रकारसंग कृति वनांइ धंन्य कहाया ।

**अब पूर्णवति भन्या सहर पछि कांतिपुर भनि प्रष्यांत हुन्या सहरमा राजा हुन्याका वृत्तांत कहिछ.**

वालार्जुनदेव राजाका पुत्र २ मध्ये मानदेव ललित-

पट्टनका राजा भया । भाइ कान्तिपुरका राजा भया । राजा श्री विक्रमदेव भोग वर्ष ८।९ इन राजालेले पनि नेपालमा दुइ राजा भै देवदेवताको सनमान गरि आफुस्मां मिलि राज्यभोग गऱ्या । अस्य पुत्र श्री राजा नरेन्द्रदेव भोग वर्ष १ । इन राजाले राज्याभीशेष पाइ चांडै परलोक हुंदा भाइ श्री गुणकाम नाम गऱ्याका राजा भया । अस्य भोग वर्ष । इन राजाका पालाअघि पंचनंदेश्वर संगम वाग्मति विष्णुमतिको संगम भै मुलसागर भयाको थियो । इन राजाले महालक्ष्मीका वहुत सेवा गरि रहंदा समय राजाकन स्वप्नामा लक्ष्मिवाट आज्ञा प्रसन्न भइन्–हे राजन् तिमिले यक पुरि वनाउ । कहां भन्या परापुर्वमा मुनिऋषिले तपस्या गऱ्याका स्थान वाग्मति र. विष्णुमतिका संगममध्ये विषय कांतेश्वर विराजमान भयाका स्थानमा इन्द्रादि देवताहरू गुप्तरूपले आइ लोकेश्वरका स्थान हो । तेसै स्थान कांतिपुर नाम गरि देविका षङ्गाकारले पुरि वनाउ । तेस सहरमा नित्य लाष रुपैयाको कारवार हुन्याछ । तेति भयासम्म पनि तेसै सहरमा बास गरि रहुंला भनि स्वप्नविषे आज्ञा दिइन् र गुणकामदेव वहुतै षुसि भै आज्ञा प्रमाण जगा ठहराई सहर पुरि वनाउन निमित्त इंगिकार गऱ्या ।

अब फेरी ललितपट्टनतर्फ राजा मानदेवका पुत्र ललितपट्टनका राजा भया । श्रीराजा राघवदेव भोग वर्ष ६३ । इन राजाले प्रजाकन पालन गरी रह्याका थिया । इन राजाका पालामा भक्तपुर ग्राममा यक सांमुद्रिक शास्त्र जांन्या थिया र सुवर्ण आकर्षणका योग बार सायत् ठहराइ आफुखे जान्याको शास्त्र प्रमाण स्थानं स्मेत् जानि थोरै मानिसहरूकन गुप्तसंग विष्णुमतिको र भद्रमतिको संगम लषु तिर्थमा जाइ वालुवा उठाइ वोंकि सरासर आउनु भनी पठाया । ति भरियाहरूले ति जान्या जनले अह्राइ पठायावमोजिम् वालुवा वोकि आउंदा वेला. वाटोमा कोई यक चतुर मानिस कांतिपुर सहर हजार घर नपुग्दा अघिका कान्तितुर बासि साष्वा नाम गऱ्याको सुद्र जातिले भक्तग्राम वासि भरियाहरू विष्णुमतिसम्म आई वालुवा वोकि ल्यायाको देषि मन्मा विचार गऱ्यो । भक्तग्रामका मानिस्ले विष्णुमतिसम्म आई वालुवा वोकि भक्तग्राम लैजान किन लिन आया । यस्मा केहि कारण निश्चय होला भनि ठहराइ भरियाहरूकन वहुतै सन्मान गरि बुझाइ घरमा लगी ति भरियाहरूकन तृप्त गरि षुवाई मलाई पनि वालुवा चाहिन्या थियो । भरिया विनु ल्याउन सक्याको छैन तसर्थ यस वालुवा मेरा घरमा षन्याइ फेरि विष्णुमति जाई वालुवा वोकि लैजाउ भनि ज्याला स्मेत् दि अनेक तरहसंग वुझाउंदा ति विवेक नभयाका भरियाहरूले वढिया भन्यो क्या होला भनि वालुवा साष्वाको घरमा षन्याइ फेरि विष्णुमति जाई वालुवा उठाई वोकि भक्तग्राम लग्या. । यो भेद साष्वाले वाहिक अरूले जान्याको थियन । ति भरियाहरू दोश्रो फेर लिन जांदा सुवर्ण सिद्धिको सायत् टरी गयाको हुनाले भक्तपुर राजधानि सहर लग्याका वालुवाको भारी जस्ताको तस्तै रह्यो र त्यो शास्त्रीका मनमा यस्तो मैले. धेरै वर्षसम्म मिहनढत गरि निश्चय मानि ठहराइ पठायाको यस शास्त्रले मलाइ वहुतै सरम पाऱ्यो झुठ रहेछ भनि दिक् भै सुवर्ण आकर्षणका पुस्तकलाइ आगामा जलाइ दिया. । यस कुराको अर्थ साष्वाले वाहिक भक्तपुरका भरियाहरू उसका घरमा आउन्या जान्या मानिस्हरू कसैले पनि वुझन सकेनन्. । साष्वाका घरको वालुवा चौथा दिनमा सवै सुबर्ण सिद्ध भैगयो. ।

तहां उप्रान्त साष्वा बहुतै ज्ञानि हुनाले मनमा यस्तो विचार गऱ्यो–भक्तपुर वासि जनले शास्त्रका प्रमाण विचार गरि सुवर्णसिद्धिको सायत योग ठहराई लिन पठायाको धनकन मैले भरियाहरूलाई सन्मान गरि वुझाइ धन आफुनु गऱ्यां । अव यो धनलाई राषि छोडनको केहि प्रयोजन छैन । चांडै यस धर्म किर्तीमा लाउन्या हो भनी एस्ता तरहसंग विचार गरी सवै धन सुवर्ण षर्च गरी यो नेपालभरका मानिस प्रजाहरूको रिण कति शेष नराषी तीरी नेपाल सम्वत् नाम गरि सम्वत फिरायो । साष्वा जातमा शुद्र थियो त पनि बुद्धि वडो हुनाले नेपाल पुरिमा ठुलो ज्यस प्रष्यात गरी श्री पशुपतिनाथका दक्षिण दर्वाजा सन्मुख आफ्नु शिला मूर्ति वनाई स्थापना गरि अंतमा उद्धार भै गयो ।

**इन्दुश्वसोम वसुसंमितशाकवर्षे (८११)**
**तच्छ्रावणस्य धवले मुनितिथ्यधस्तात् ।**
**स्वातौ शनिश्चरदिने रिपुमर्द्द लग्ने**
**श्रीनान्यदेवनृपतिर्विदधीत राज्यम् ।**

शाके सम्वत्का ८११ वर्ष जांदा नेपाल सम्वत्का १० वर्षजादा इनै जयदेव मल्ल आनन्द मल्लका पालामा दक्षिण कर्णाटक देशदेषि नान्यदेव राजा आइ यो नेपालमा प्रवेश गरी द्वीमाजुदेवी स्वेष्टदेवता सहीत गरि आइ नेपा-

लका राजाहरूसित लडाइं गरी जिती ति राजाहरूकन भगाया । ति मल्लराजाहरू भागी तिह्रौतमा वस्न गया। इ कर्णाटकका राजाका सैन्यमा धेरै जातका मानिस साथ थिया। नायरदेशका वासिन्दा नेवाहरू ब्रह्म क्षेत्री जाति देषि उत्पन्न भयाका जात अचारहरू आदि अनेक जातका मानिस थिया। इ राजाले राजधानी सहर भक्तपुर गरि वास गरि तिनै सहरका राजा भै रह्या। राजाका नाम नान्यदेव भोग वर्ष ५०। इनै राजाले नेपालमा शाके सम्वत् ल्याइ चलाइदिया। अस्य पुत्र गंगदेव वर्ष ४१। अस्य पुत्र नरसिंहदेव वर्ष ३१। अस्य पुत्र शक्तिसिंह देव वर्ष ३९। अस्य पुत्र रामसिंह देब वर्ष ५८।

इन राजाका पालामा पश्चिम पालपादेशदेखि मकुंद सेन नाम गर्‍याका वडो वीर राजा सवालाष लस्कर साथ गरि यस नेपालपुरीमा प्रवेश गरी नेपालका राजाहरूसित ठुलो अतिकठोर युद्ध भयो। दुवैतर्फका सैन्य धेरै मर्‍या। परंतु सेन राजाले नेपालको राजाको लस्कर धेरैकन मारी जिति भगाया। सवै सहरका वेनीतिसित प्रजाहरूकन दलमल गरि लुटपिट गरि मुला उषेली खाडल खनि राषि धान सवै काटि चुटि कुनियो लाइ ठाउं ठाउंका देवताहरू भंग गरी तोडि भाचि मछिन्द्रनाथका जात्रामा निकासि राषन्या भैरवका मूर्ति उषालि आफ्ना स्वदेश पालपा नाम वटौलि देश पठाई दिया। अद्यापि पालपामा छंदैछन्। इ मुकुन्द सेन राजाले नेपालका प्रजा वसमा राषि राज्य भोग गर्नको वन्दोवस्त गरी प्रजाहरूकन मारपिट गरी अन्नादि काटि देवतास्थान विगारि मनग्य गर्‍या । इ सेन राजाका सैन्यमा षस मगर आदि पर्वतवासि थिया । इनहरूका मन्मा दया धर्म नहुनाले नेपाल पुरिमा धेरै अकीर्ति गर्‍या र श्रीपशुपतिनाथ आदि सवै देवता कोप भै पशुपतिका अघोरमुखले विकटदंत निकासिकन महामारी भन्याकी संहारकारी देवि प्रकट गरी सवै लस्करमा प्रवेश गराइ श्री पशुपतिनाथवाट एक १ पक्षेभित्रमा सवै लस्कर भस्म गराई सेन राजाका सव सेनालाई यमलोक पठाया। राजा मात्र पूर्वदिशामा जाई संन्यासी भेष गरी फिरंता भै स्वक्षेत्रमा जाइ पुग्या । इ मुकुन्द सेन राजाले नेपालमा प्रवेश गरी लडाइं गर्दा मछिन्द्रनाथ लगनषेलका स्नान मण्डपमा थिया । धेरै सेना साथ ली वैरी आयो भन्या स्वहरा सुंदैमा सवै यात्रा देषनकन गयाका मानिस भागी गया । मछिन्द्रनाथका साथ कोही मानिस थियनन् । उस्तै वषत्‌मा आफ्नै सैन्यलाई सहरतीर घेर्न लाइ मुकुन्द सेन राजा मछिन्द्रनाथ भयाका ठाउंमा पुगी आफ्ना घोडाका गलाको सिक्रि माला झिकि उरालिदिंदा मछिन्द्रनाथले सिर झुकाइ आफ्ना गलामा पारी लिंदाभया । एसैकारण मुकुंद सेन राजाले मछिन्द्रनाथको वडो प्रत्यक्ष मानी उनमाथी केही विघ्न सेन राजाका सेनाबाट हुन पायन । त्यो शिक्रि माला मछिन्द्रनाथका गलामा अद्यापि छंदैछ । यहि समयदेषी नेपालमा षस मगरहरूको प्रवेश भयो । सिन्की हकुवा पनी यहि समयदेषि वन्न गयाको हो ।

कर्णाटकी राजाहरूले पांच पुस्तासम्म नेपालको भोग गरीरहँदा मुकुंद सेन राजा आई अघिका राजकुल निर्मूल गर्‍या । उप्रान्त नेपालमा कर्णाटकि राजाका वंश शुन्य भै अरू कोइ राजा भयाका छैनन्. भनि सुन्या र नुवा-कोट वासि वैश्यहरू धेरै जंमा भै आई सहरहरूमा राजा कहलाई धेरै जनाले भोग गर्‍या । कांतिपुरमा त वैश्य-हरू वाह्र १२ ठकुरि कहलाई टोलटोलमा एक एक राजा भया ।

इनै वर्ष श्री भिमसेनले कांतिपुरमा विराजमान गर्न-को इक्षाले दोलषादेषि आइ क्वामठ वहालको वैश्य ठकुरीका घरमा आई मनुष्य रूप धरी वैश्यका घरको काम काज गरि रहँदा वैश्यकन केहि प्रत्यक्ष देषाया र वैश्यले इ त केवल भीमसेन हुन् ममाथि वहुतै अनुग्रह गरी आयाका रह्याछन् भनी निश्चय ठहराइ बडो देवालय बनाइ वडो मूर्ति बनाई चित्रकार भरी भीमसेनकन प्रवेश गराइ विराजमान गराया। फेरि इनै समयमा कांतिपुरका पश्चिमतिर कोइ एक मंजिपात नाम जगा थियो ताहांदेषि कोइ एक राक्षस नित्य आई कांतिपुरका दक्षिणपट्टि सहरका छेउ एक १ रंजिकार क्षिपानिसंग क्रिडा करी जांछ भन्या कुरा वैश्य ठकुरिहरूले सुन्या र वाह्र ठकुरिहरूले जुक्ति गरी तेस मनुष्य रूपधारि आउन्या राक्षसकन भेटी बुझाइ सत्य कबुलाई इन्द्रजात्रामा लाष्या-स्वरूपले मकुंडा लगाइ ठुलो यात्रा प्रतिवर्ष गराया । घर बनाई मंजिपात नाम राषि दिया । तेस राक्षस तसै जगामा गुप्त रूपले प्रवेश गरी रह्याको छ । अद्यापि इन्द्रजात्रामा तेस मंजिपात राक्षसका नामले यात्रा प्रतिवर्षँ गर्दछन् । यहि समयदेषि २२५ वर्षसम्म तिनै सहरका भोग वैश्य ठकुरिले गर्‍या. । धेरै राजा हुनाले नाम लेषीयन । नेपालमा प्रतापी राजा छंज्याल. नुवाकोटका पर्वतमा वसी दवी तैनाथी जस्ता भै रहन्या जव नेपालका राजालाइ परचक्र आइ जिल्दा मदद नदिन्या राजा दुर्वल हुंदा नेपालमा राजा शुन्य हुंदा औसर हेरी अघि सरी

नेपालको राज्य भोग गर्न्यां कोइ प्रतापि राजा आइ जित्दा फेरी नुवाकोट जाइ दविरहन्या. इ सवै वैश्य ठकुरिहरू लुम्वापनसंग राज्यभोग गर्न्याहुन् ।

**यहा उप्रांत हरिसिंहदेव नाम राजा ।**

श्री रामचन्द्रका कुलमा उत्पन्न भयाका सूर्यवंसि । इन्का पूर्षामा अयुध्या नगरीको राज्यभोग छुटन गयापछि अनेत्र जाइ वस्या वाहांबाट पनी नान्यदेव नाम गन्याका सूर्यवंसिले श्री तुलजा भवानीकन पाइ सिमरोन जंगलमा जाइ ठुलो मिहनत गरी लंकाको राक्षसले रात्रीमा यथाक्रम गरि वनायाको गढलाइ सिमरोन गढ नाम गरी रह्याका राजाका पांचबा पुस्ताका राजा हरिसिंह देव राजाकन. श्री तुलजा भवानीबाट मकन नेपाल पुरिमा लैजाउ भनी आज्ञा प्रसन्न हुंदा भवानीका आज्ञा प्रमाणले नेपालमा प्रवेश गराया ।

**वाणाब्धियुग्मशशिसम्मित शाकवर्षे पौषस्य शुक्लनवमीरविसूनुवारे । त्यक्त्वा स्वपट्टनपुरीं हरिसिंहदेवो दुर्गैव दैवविपरीतगिरिं विवेश ।**

शाके संवत् १२४५ नेपाल संम्वत ४४४ साल पौष मासका शुक्ल पक्ष नवमी तिथि शनिश्चर बारका दिन प्रारम्भ गरी हरिसिंह देव राजाले तुलजा भवानीसहित गरी नेपाल पुरीमा प्रयेश गरि राजधानि सहर भक्तपूरमा गया । इन राजाका साथ ब्राह्मण अचार नेवार. वैद्य खड्गी तेलि. रजिक इ साथ ७ जना र सुवार ज्यापुहरू संग थिया । तुलजा भवानिका कृपाले भक्तपुरवासि वैश्य राजाले आफ्ना गादिकन सौंपि राज्याभिषेक दिया । फेरि तुलजा भवानिकन दरवारभित्र पारी देवालय बनाई विराजमान गराया ।

यही समये तुलजादेवीकन हेर्नको इक्षाले वडो दल जंमा गरी भोटचाहरू आउंदा वडो दल थुम नाम गरी थुमको वसाया । परतु केही सिप् नलाग्दा फर्कि गया । थुम्को अद्यापि छंदैछ । इन राजासित सिमारोन गढ छाडि आउंदा संकष्ट कालमा ज्यापुले कपरा धुन पर्दा रजीक नाम जात कोही देवपट्टन आइ वस्या । इनै राजाका वैदमा एक वैद्य कर्कोटक नागले लैजाइ नागिनीको नेत्ररोगको औषधि गराया तेस वैद्यको औषधिले नागिनीको नेत्रका रोग आराम गर्दा नाग षुसि भै गुनि जन हो भनि ठहराइ वैद्यकन षुसि गराई शेषनारायण संधिमा वसाया । इन राजा बाटोमा सीमरोनगढ छाडि चांडै आउनु पर्दा नित्य वली दिनकन अट्कन जांदा तुलजा देविका आज्ञा प्रमाण षोजन जांदा जंगलमा महीष भेट भयो र समाति ल्याइ वांधि पूर्व दिशाकन द्वार पारी दिसा फिर्न्या ज्यापुलाई ल्याइ उसका हातले देविकन रक्त चढाउन लाया र षड्गी जात हुन गयो । यहांदेषी तुलजा भवानीकन प्रतिवर्ष महीषमांस प्रसन्न गरि चढाइ प्रसादी गरी मांसभोग गरी चलाथा । नेपालवासि नेवारहरूले महिष मांस जाहेर संग भोग गर्दा सयये एक कोई सिवदत्त मैथिल महापुरुष आइ महीष मांस भोग गर्न्याले जनइ धारण गऱ्याको कहीं देष्याको छैन भनी राजाकन सुनाउंदा महीष मांस छाड की जनइ छाड भनी कर लाइ रोजाउंदा इश्वरीबाट प्रसादी गरी बक्स्याको मांस भोग त्याग गर्न नसकी जनइकन धारणा गर्न सव नेवारले छाड्या । नेपालवासि नेवारहरूका जनै अद्यापि छंदैछैन ।

**अघि हरिसिंह देवका पूर्षा नान्यदेव नाम गन्याकाले श्री तुलजा भवानीकन पाउंदाको विस्तार कहिंछ ।**

सूर्यवंसि राजाहरूको राज्यभोग छुट्न गयापछि सूर्यवंसि राजाहरू कोहि कोंकण देश गै वस्या । नेआरिहरूको आदिस्थान पनी तेही देश हो। तहांबाट आई वाह्र मल्लारका अम्वलमा चंद्रभागा नदिका किनारामा वस्या। जात सूर्यवंसि चंद्रवंसि चौहान वैश्यक छरश्रु इज्यापु वहां इनिहरूले तिन चार पुस्तासम्म विताया। नैयार भन्याको देश अझसम चद्रभागा नदिका किनारामा छंदैछ । तिनहरूमध्ये सूर्यवंसि रजपूत नान्यदेव भन्याका २० वर्षका उमेर हुँदा दिल्लिमा आमा वाबु परियार स्मेत्लाइ ली गै आफुले दिल्लिका वादसाहको नोकरि गन्या। ५।७ वर्ष सम्म वादसाहका नोकर भै वस्या। आमा वाबु स्वास्नी सवै दिल्लिमा मर्दा आमा वाबु स्त्रिहरूकन पालन पोषन निमित्त नोकरि गन्याको हो। इनीहरू यदि मरिगयापछि नोकरी गर्नको क्या प्रयोजन छ भनि चित्त उदास भै फकिरि चालसंग रम्ता भै अयुध्यामा आइपुग्या। सरजुका किनारामा फकिरि चालसंग वस्दथ्या। एकदीन नान्यदेवलाइ अर्धरातृमा एस्तो स्वप्न भयो– एक अती सुन्दरी स्त्रि आइ म तेरा पूर्षाका इष्ट देवता हुं। म सरजुमा जलभीत्र छु । अैले तं उठेर मलाइ जलवाट झिक् । म वस्याका ठाउंमा भ्रमराहरूले छोपि राष्याको देषलास् भनी एस्ता तर्हसंग तुलजा भवानिवाट अनुग्रह गरी स्वप्न

विषे आज्ञा प्रसन्न हुँदा नान्यदेव जागी उसै घरी उठि सरजुका किनारामा जाइ हेर्दा धेरै भवंराहरूले एकत्र गरी छोपि राष्याको देष्दा उस ठाउँमा गोता मारि हेर्दा सुनको हुक्काभित्र तुलजा भवानीको यंत्रवाहीरपट्टि पूजापद्धतिको पुस्तकसमेत तावांको पेटाराभित्र हाली राष्याको पाया। डब्बाका माथिवाट लेष्याको श्लोकः—

**रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरूरवाः ।**
**अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति ।।**

यसको इतिहास यस्ता तरहसंग भै गयाको हो । अघि देवराज इन्द्रले महादेवसंग तपस्या गरी महादेवकन प्रसन्न गराउँदा तुलजा माईको मंत्र यंत्र पद्धति इन्द्रकन दिया । रावणको पुत्र इन्द्रजितले इन्द्रकन जिति ति यंत्र पद्धतिसमेत लंकामा ल्याई पूजा गरी नरवलीसमेत दिइ मानि राख्यो । रामचंद्रले लंकाको रावणलाई संहार गऱ्यापछि ति यंत्र पद्धतिकन अयुध्यामा ल्याइ पूजा गरि राष्या । पछि रामचंद्र स्वर्गारोहण हुँदा सरजुमा राषि गया। तहां उप्रांत नल राजाले ति यंत्र पद्धति पाइ पूजा गर्दा देवता प्रसन्न थिया । उनको प्राण त्याग हुन्या वषत्मा रामचंद्रले पनि सरजुमा राषि जानु भयो । म पनि तहीं राष्दछु भनी राषि पर्लोक भै गया । फेरि पुरूरवा नाम राजाले थाहा पाइ सरजुबाट झिकि पूजा मान्य गरी राष्या । उनले पनि अंतकालमा अघि रामचंद्रले र नल राजाले सरजुमा राषि गया. अब मैले पनि तहीं राषि जान्या हो भनी सरजुमा राषी पर्लोक भै गया । तहां उप्रांत फेरि लअर्कले झिकिकन पूजा गऱ्या। अलर्क ब्रह्मज्ञानी थिया र निष्कामनासंग भक्ति भाव गर्दथ्या । वलिदान पनि दिंदैनथ्या । एसै कारण देवताको प्रसन्नता भयाको नदेषी. उनले पनि सरजुमा अघि लियाकै ठाउं राषिदिया । त्यो डव्वामाथि लेषियाको श्लोक अलर्कका पालामा लेषियाको हो । नान्यदेवले तुलजा भवानीका अनुग्रहले यंत्र मंत्र पूजा विधानको पद्धति पाइ पद्धतिमाफिक देवीको पूजा गर्न लाग्या ।

अलिक दिनपछि पूजा गरि रहंदा आकाशवाणि भयो–हे नान्यदेव, जनकपूरका निकट एक ठूलो जंगल छ तैंले वाहा मलाइ लैजा। मेरो मन्दीर पनी वही वन्ला । तेरो भाग्यको प्रकाश पनि वहीं होला । एस्तो आकाशवाणी नान्यदेवले सुनी आश्चर्य मानी उसै घरि गमन गरी सरासर जनकपूरतिर आया । तहां ठुलो जंगल थियो । जो ताहां जांथ्यो ठुलो कालसर्पले डसी मार्दथ्यो । तेसै कालसर्पका डरले तेस जंगलमा कोनै मानिस पस्न सक्दैनथ्यो । नान्यदेवले आकाशवाणीको प्रतीत मानी आंटि सबैले मनाही गर्दागर्दै उस जंगलका बीचमा जाइ पुग्या । तहां पत्थरको ठुलो चट्टान् देष्या । रात पर्दा उसै पत्थरमाथि ईश्वरिकन पुकारि सुत्दा अर्धरातृमा स्वप्न भयो । अजुध्यामा सरजुका किनारामा स्वप्न हुंदा देष्याकी सुन्दरी स्त्री आई यो पत्थर मनी एक षड्ग छ । त्यो खड्ग झिकि हातले धारी जागी बस । एक मणिधर सर्प आई मणि भैमा राषी त्यो सर्प चर्न जाला । त्यो मणिनेरा गोवर होला गोवरले मणि छोपिदियास् । जसै तंमाथि सर्प आइलाग्ला तेरा पाला तेसै वेला तेस षड्गले प्रहार गरी त्यो सर्पको शीर छेदन गऱ्यास् । यस ढुंगा मनितिर वरिपरी छ इनार माझको समेत् ७ इनारमा द्रव्यले भरी राष्याका छन् । ति सब धन झिकि ली. अहां मेरा मंदिर वना । वाह्र मल्लाररबाट तेरा जात् स्वदेशिहरूकन झिकाइ अहां संहर वसाइ राज्य गर भनी ईश्वरीबाट स्वप्न विषय यस्ता तर्हका वचनले आज्ञा प्रसंन्न हुंदा नान्यदेवले भवानीका वचन प्रमाण काम गरी देविका अनुग्रहले खड्ग दान पाइ धनको षवरदारी निमित्त रह्याको अति भयानक बलवान् सर्पकन सहजै मारी सकी हेर्दा त अजुध्यामा सरजुबाट निस्क्याको डव्वा माथि लेषियाको श्लोकः— पर्पका शीरमा सुनका अक्षरले लेषियाको देष्या ।

तहांपछि निर्भयसंग ढुंगामनी षनी हेर्दा ७ इनार भरि द्रव्य राष्याको देषी मनमा बहुतै हर्ष भयो । ताहापछि माथि भन्याका रजपूतहरू स्वदेशीहरूकन झिकाइ धेरै द्रव्य षर्च गरी सहर वसाउनको आराम्भ गर्दा समय एक कोही राक्षस नान्यदेवका सेवक भयाकि एक स्त्रिसंग नररूप धरी आइ नित्य सयन गरी तेस स्त्रीसंग भोग गरी जांथ्यो । एक दिन तेस नररूपधारी राक्षसको र तेस स्त्रीको वात्चित हुँदा हाम्रा साहेवले वाह्रमल्लारबाट स्वदेशी हामीहरूकन झिकाइ राजा कहलाइ यस ठाउंमा सहर बसाउन निमित्त सव सराजाम तैयार गरी सक्या । कतिज्याल तैयार होला भनि तेस स्त्रीले भन्दा तेस राक्षस नररूपधारिले हामीले बनाउन पाया चांडै एकै रातमा तैयार गरी दिन्या थियां भन्यो र तेस स्त्रीले धेरै मानिसलाई धेरै दिनसम्म धेरै दुःख दिन क्या काम छ तिमि तैयारी गर्न सकदछौं भया तैयार गरी देउ भनि वहुतै ढिपि गरी भंदा लौ फलाना दिनका रातृ

बनाउंला । मानिसहरू मात्र रातृमा सबेरै सुतुन् कोइ मानिसले थाहा नपावस भनी प्रातकाल भयापछि उठि गयो । यसै माफिक तेस स्त्रिले राजासंग विंति गरी आजका रातृ मानिसहरू सबैले सबेरै सुनतु कोइ उठि नफिर्नु भनि षवर सबलाइ दिया । आज्ञावमोजिम् सब मानिस सबैले सुत्या । यसै रातृ राक्षसले लंकाका आफ्ना भाइ वंधु हितचितका राक्षसहरूकन डाकी संग ल्याइ सहर वसाया । तैयार हुन लाग्दा प्रातकाल हुन गयो र चांडै सिध्याइ राक्षसहरू आफ्ना आफ्ना स्थानमा गया । भोलिपल्ट नान्यदेव प्रभृति सब मानिस जागी हेर्दा अतिसुन्दर जवर गढ तैयार भयाको देषि सब मानिस आश्चर्य मान्या और बहुतै षुसि भया । तहांपछि तेस सहरको नाम सिमरोन गढ भनि राषी नान्यदेव राजाले राज्य गन्या ।

इनका वंसमा सिमरौन गढका राज्य भोग गन्याको पाचौं पुस्ताका राजा हरिसिंहदेवका पालामा ठूलो षर्च षजानाको सोहरा उठ्दा दिल्लिका वादशाहले तहाँ अंवल गर्न षोजदा हरिसिंहदेवलाइ स्वप्न भयो--हे हरिसिंह-देव जहाँ म्लेछको उपद्रव होला अब तं मलाइ नेपाल पुरिमा लैजा । अबउप्रान्त म तेहिं वसुंला भनी तुलजा भवानीबाट एस्ता तरहको स्वप्न दिदा जान्या हो कि नजान्या हो भनि दोचित भै वस्यापछि नित्य पूजा यथाक्रमले गर्दाषेर तंलाइ स्वप्नमा भयाको वचन सत्य हो मलाइ चाडै आजै ली नेपालतीरको गमन गर भनी. यंत्रबाट शब्द प्रकाश भयो र उसै बषत राजाले प्रष्यात गरी तर्त्तैयारी नेपालतिर चाँडो गरि आया । सिम-रोनगढमा रहंज्याल वंदोवस्तसित उही वेलामा नित्यपूजा वली अट्कन जांदा कस्ता तर्हसंग पूजा गर्न्या हो भनी संका संदेह गरी वसदा निंद्रावस्था प्राप्त भै प्रातकालमा जो जन्तु भेटछ उसैलाइ समाति वली दिनु भनि स्वप्ना भयो । जागी साथका मानिसहरूकन उठाइ बाटामा प्रातकालका बषत् अर्ना भेटचो र त्यै अर्नालाई समाती बलिदान दिया । दुइ चार ज्यापुलाइ इ बली दिन लाया ।

तहाँ उप्रांत ति ज्यापुहरू कसाइका जातमा दरियावाट हडवडी पर्दामा इश्वरिलाइ भोग लाउनलाइ गाह्रो भयो र इश्वरबाट ति ज्यापुहरू मध्यमा कोइ ज्यापुलाइ चोष्याइ नेम गराइ भोग पकाउनलाइ भनी आज्ञा पाउंदा ज्यापु-लाइ भोग पकाउन लाया । षालि देवतालाइ मात्र चढिय्यों । त्यै सुवार भन्याको ज्यापुहरूको थर भयो ।

जसै हरसिंहदेव नेपालमा आइ पुग्या नेपालमा जैभीम भन्याका वैश्य कुलका राजा थिया । जैभीम राजाले हरसिंहदेवलाइ वहुतै आदर सन्मान गरि इश्वरीको जहां इक्षा प्रसन्न हुन्छ तहां मन्दिर वनाउ भनी हुकुम दियापछि भादगाउंमा एक दक्षिणी व्राह्मण अग्निहोतृ थिया तीनै ब्राह्मण वस्याको जगालाइ प्रसन्न गरि स्वप्न-विषे इश्वरीवाट त्यो अग्निहोत्री व्राह्मण वस्याको ठाउं पवित्र भूमि छ मेरो मन्दिर तहां वनाउनु भनी आज्ञा हुंदा ती जयभीम राजाले तम्रा घरको साटो अर्कै ठाउं दिउंला द्रव्य पनी दिउंला भनि तेस दक्षीणी ब्राह्मणलाई अनेक तरहसंग समझाइ बुझाया । हरिसिंहदेवले पनी धेरै द्रव्य दिउंला भनि अनेग तरहसंग प्रार्थना गन्या तैपनि ब्राह्मणाले नमान्दा जयभीम राजाले यस ब्राह्मणलाइ हामीले यस्ता तरहसंग बुझाउंदा पनी मानेन त जाउ भित्र भनी जवरजस्तीसंग हरिसिंह देवलाइ ब्राह्मणका घर-भित्र हुल्दा तेस दक्षिणी ब्राह्मणले गला सेरी आत्महत्या गरी मन्या र हरिसिंह देव राजाले मलाइ ब्रह्महत्या लाग्यो ब्राह्मणको रक्त पन्याको ठाउंमा देउताको मन्दीर कसो गरी वनाउं भनी फिक्रि अपसोच गरी अन्न जलको त्याग गरी सात दिनसम्म देवतामाथि धर्ना दिंदा त्यो ब्राह्मणत गणेश हो तसको सिर अघिनै काटियाको छ तसर्थ तँलाइ हत्या लाग्दैन मेरो मन्दिर तहीं वनाउ ढोकामा त्यो ब्राह्मणलाइ गाढी उसको समाधि माथि गणेशको मूर्ति स्थापना गरी अघि उसको पूजा गर्नु पछि मेरो पूजा गर्नु भनी ईश्वरीको आज्ञा हुँदा राजाले उसै माफिक गरि मन्दिर वनाया । भादगाउँका तुलजा भवानिका ढोकाको गणेश तिनै हुन् ।

फेरि राजा हरिसिंहदेवले ईश्वरिसंग प्रार्थना गरि मेरा कुलको राज्य कहाँसम्म रहला भनी विंति गर्दा २७ पुस्तासम्म तेरा संतानको राज्य रहला २८ पुस्ता पुग्या-पछि पश्चिम दिशावाट वैरि आइ राज्य गर्ला भनी इश्वरीको आज्ञा भयो । यहि वचन आज्ञा भयाको भादगाउंका दर्वारमा लेषियाको छदैछ । रणजीत मल्ल सम्म: २६ पुस्ता भयेथ्यो । रणजित मल्लका राजकुमार जन्म हुंदा २७ पुस्ता लाग्यो राज्य पनी गयो ।

हरिसिंहदेव राजाकन केही दिन भयापछि द्विमाजु देवीबाट नान्यदेव नाम कर्णाटकी राजाका पालादेषी धेरै धन सौंपिदिया र राजाले द्विमाजु देवीकन इष्टदेवता

भनी प्रतिवर्ष देवाली पुजा गरी चलाया। र हरिसिंह देवका भोग वर्ष २८। अस्य पुत्र मतिसिंह देव वर्ष १५ अस्य पुत्र शक्तिसिंह देव वर्ष २७ अस्य पुत्र स्यामसिंह देव वर्ष १५। इ राजाका पालामा नेपालभरमा वडो उग्र दिन आइ अधिक भाद्र शुक्ल १२ उत्तराषाढा नक्षत्र सोम वारका दिन वडो उत्पात संकष्ट भूमि कंप भयो र मछींद्रनाथका देवालय भत्की द्वार वंद भै गयो। देश देशमा देवालय घर भत्की धेरै विग्रि मैदान भैगया। ललितपट्टनमा मत्तिको भैरवतीर लगन्षेलको सहर पूला इगल त्यागल भन्याको गया। सव मैदान भैगयो। कान्तिपुरमा पंचपुर भक्तपूरमा धर्मपूर खड्गपुर भन्याको जगा भत्की मैदान भै गयो। धेरै दिनसम्म भूमिकंप भै. भूमि फाटि गाइ भैसि धेरै षसि मऱ्या। जिवाजंतु असंष्य नास नेपाल संवत् ५२८ सालमा भैं गया उप्रान्त इ स्याम सिंह देवका संतानमा पुत्र भयन र पुत्रि नरिंद्रलक्ष्मी नृपेन्द्रलक्ष्मी मुनिन्द्रलक्ष्मी इ तिनमध्ये ज्येष्ठ पुत्री नरीन्द्रलक्ष्मीकन अघि कर्णाटकी राजा नान्यदेवले तिह्लोततीर भगायाका मल्ल क्षेत्रीका संतानलाई झिकाई पुत्रीकन कंन्यादान दि जुवाञीकन राज्याभिषेक दी आफु आर्य्यातिर्थमै परलोक भैगया। राजाका नाम जयभद्र मल्ल वर्ष १५। इ मल्ल राजा हुंदा नवदुर्गागण प्रसन्न भै अघिदेषी भक्तपूरका राजा पदवी मल्लहरू हुन्। तिनै मल्लका संतान् फेरि भक्तपूरको राजा हुन आया भनी देवीगण षुसि भै देश आग्नेय दिसामा धान झांटदा ठुलो रास् अन्नको भैगयो। मानिसहरूले धेरै ओसार्दा पनी अन्नपूर्ण भै पछि थुमको वनी गयो। अद्यापि थुमको छंदैछ।

अस्य पुत्र नाग मल्ल वर्ष १५। अस्य पुत्र जय जगत मल्ल वर्ष ११ अस्य पुत्र नागेन्द्र मल्ल वर्ष १०। अस्य पुत्र उग्र मल्ल वर्ष ११। अस्य पुत्र अशोक मल्ल वर्ष १९। इ राजाले ललीतपट्टन्का ववाथक्षेका कौमारी देवीको सेवा गरी देवीकन प्रसन्न गराई ललितपट्टन्का वैश्य राजाहरू सवै जिति भोग गऱ्या। ललितपट्टनको वैश्य राजाले धेरै बहाल वनाइ राष्याका छन्। देवपट्टनमा पनि वैश्य राजा र रानि दुवैले दुई वहाल वनाई च्यासल टोल ललितपूरमा पनि वनाइ इ देव प्रीति गरि धेरै गुठि पनि राषी गया। फेरी इ अशोक मल्लले इ कुमारी ठूला हुन भनी सेवा गरी रहंदा समयमा कौमारी संधि वह्याकि वाग्मति मन्मति संगम धाराले जगा फराक गरी छाडि उत्तरपट्टि जाइ वहंदा भया। इन राजादेषि गंगा वालकुमारी प्रसन्न हुंदा इ राजाकन वडो ज्ञानि पुत्र जन्म गराइदिया। पुत्रका नाम जय स्थिति मल्ल वर्ष–४३।

इन राजाले धेरै स्थिति वांधि दिया। आफ्नु स्वक्षत्र घर षेत विर्ता नाम राषि किंनु बेचनु हुन्या रित चलाया। फेरि चार वर्ण भित्र छतिस् जातका नीर्णय गरी जातअनुसार कर्मकाण्ड चलाउन लाया। फेरि अघिका राजाहरूका पालामा हस्तप्रहार धिग्वचन यति दुइ दंड मांत्रै थियो। अबउप्रांत यस्ता तरहका दंडले हुन्याछैन हस्तप्रहार धिक्वचन देषि सरम् मानी नरम् हुन्या छैन भनि विचारमा ठहराई. रुपैया लिन्या डंडका मर्ज्यादा गरी चलाया। फेरि राजाहरू पर्लोक हुंदा बेलामा छतिस जात जम्मा गरी जातअनुसार क्रमैसित राषी पलंक वनाइ राजाका मृतक सरीरकन राषि वोकि स्मशानमा लैजांदा दीपक नाम रागले वाजा वजाइ मृतकलाई अग्निसंस्कार गर्ने गरि रित चलाया। फेरी प्रजाहरू मरण हुंदा छतिस जातमध्ये कतिलाइ काहार बाजा बजाइ जलाउनु भनि रित् चलायीदिया। फेरि आफ्ना आफ्ना जात विसेषका कार्यविना अर्का जातको कार्य गर्न्यालाई दंड गर्नु। फेरि साना जातहरूबाट पहौरन् गहना घर यस्ता तरहको बनाउन लाई बस्नु। कसाइले वाहकट्टा लुगा लाउनु। पोढ्याले टोपि लबेदा जुत्ता सुनका गहना नलाउनु। कसाइ पोढ्या चर्मकारले झींगटी छाना नछाउनु। आफुभन्दा ठुला जातलाई मान्नु भन्या थिति बांधी चलया।

यस्ता तरहसंग अनेक रिति थिति नीति राषी जस किर्ति चलाया।

**इन राजाले स्थीति बांध्याको बिस्तार कहीन्छ.** इन राजा जय स्थिति मल्लले किर्तिनाथोपाध्या कान्यकुब्ज रघुनाथ झा मैथिल. श्रीनाथ भट्ट महिनाथ भट्ट रामनाथ झा एति ५ शास्त्रज्ञ बुद्धिमान् ब्राह्मणका बुद्धि मत सुनि लोप भैगयाको मत प्रष्यात गरि स्थिति बांधिदिया। घरको वंदेज प्रमाण बुढिअंगुठा. २४ अंगुलिको एक हात आफ्ना हातको प्रमाण गरि वनाया। गल्ली घर्को प्रमाण षा. १ घरको चारै तर्फ नापि हात ९५। गल्लिभित्रका घरको प्रमाण षा. १ को १०१. हात। सहरपट्टीका घरको प्रमाण ८५ हात घरको ३ प्रकार गरिदिया। ब्राह्मण क्षत्रीय वैश्य शूद्र यति ४ जातलाइ बास्तु प्रकरण विचार. अष्ट वर्गका विचारले घर बनाउनु

भनि चलाइदिया । बैश्य शूद्रलाइ दैवज्ञका द्वाराले जातक पद्धति दिन बिचार गराउनु । ब्राह्मण क्षेत्रीयलाइ ब्राह्मणका द्वाराले गराउन्या रित चलाया । षेतको प्रमाण अवल द्वयम. सिम चाहार. चार प्रकार । चाहार षेत कर्ष १ को चारै तर्फ नापि १२५ हात । सिम नाम षेत कर्ष १ को प्रमाण ११२ हात । द्वयम् षेत कर्ष १ को प्रमाण १०५ हात । अवल् षेत कर्य १ को प्रमाण ९५ हात । बुढि औंठा २४ अंगुलका हात १ को प्रमाणले षेत नापन्या टांगा के हात ७।। । अधिको प्रमाण १०।। हात भै रह्याको मेटी अपना हातको प्रमाण गरि षेत मापन्या डंगुल क्षत्रकारक नाम जात वनाया । जह्रांपछी तक्षकार भनी वांडाहरू मध्ये पिछु नाम घर नापन्या जात वनाया । फेरि नेवारलाइ ३६ जात वनाइ इ श्रेष्ट भनि जातक नाम प्रष्यात गराया । जैसिका जात ८ आचारको जात ८ वैद्यको जात ४ श्रेष्टका जात ३६ मध्ये तागाधारी १३ जात चन्देरि. सवेरि भंडारि आचार दैवज्ञ आदि १३ जात तागाधारि हुन् । ब्राह्मणका जात जति भयाका पञ्च गौड पञ्च द्राविड एति १० मूल जात हुन् यसै मूलबाट ब्राह्मणका जातका नाम धेरै हुन गया । जैसि ब्राह्मणलाई अपुज्य गराया । ज्यापुका जात ३२ कुह्मालका जात ८ कसाइले नं काटन्या जात ७२ षसका जात ६४ वांडाका जात ४ कुसुल्याका जात ४ चर्मकार कुल यति सब गरि ज्माजात ७२५ ठह्न्या । साना जातका हातबाट कुल नास आपदी क्षय होला. ठुला जातका छोरि. नीच जातसंग जान्या साना जातका मानिस उत्तम जातका स्त्रिसंसर्ग गर्न्याहिरूको थिती वांधिदि जह्रापछि इन राजाले जातनिर्णय क्षत्रनिर्णय गृहनिर्णय जातमाला स्थिति वांधि हिन्दुधर्म नेपालमा सच्याई आफ्नु जस नाम. प्रष्यात गन्या ।

नेपाली सम्वत ५१५ साल माघ शुक्ल १० रोहिणी नक्षत्र. वृद्धि योग व्याहानका १३ घरि चढदा कलश-स्थापनादि कोटचाहुति यज्ञ गरी ब्राह्मणलाई रोजगार बनाइ जातविसेष जातअनुसार कर्म, विधि रोजकार स्थिति वांधि सुनाविर्ता भनी बनाइदिया । साहु रिनिलाई डिक भोग किल भन्या नाम गरि चलायिदिया । यति विधिपूर्वक सुनाइ नर्कावलि श्लोक लेषि ब्राह्मणका वाक्य सुनि प्रजा प्रतिपाल गरि गरिव निर्धा अनाथ दुःखी दरिद्रलाइ दुःखमोचन गरी जातकर्मअनुसार घर षेत दि प्रजालाइ सुष भोग्य दिदाभया ।

**श्लोक–**

**आदित्यचन्द्रावनिलोनलश्च**
**द्यौर्भूमिरापो हृदयं यमश्च**
**अहश्च रात्रिश्च उभे च सन्ध्ये**
**धर्मश्च जानाति नरस्य वृत्तम्** (१)

**सत्यं हंति सुतं हंति हंति स्वर्ग पुराकृतम्**
**स्वर्गस्थं पितरं हंति येनास्य स्थितिरन्यथा** (२)

**स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम्**
**षष्टिवर्षसहस्राणि विष्टायां जायते कृमिः** (३)

यति श्लोक बनाई स्थितिवन्देजको परिपाठ यो नेपाल-भूमिमा चलाइदिया । यो थिति जसले हरण गर्ला उसै-लाइ एहि श्लोकका पद विपाक फल लागला । स्थिति थामन्यालाइ उत्तरोत्तर वृद्धि होला ।

फेरि इन राजाले अघिका राजाका पालामा हस्त-प्रहार धिक्‌वचन दुइ डंड गर्दथ्या । अवउप्रान्त यस्ता प्रकारका डंडले हुन्या छैन भनि षतअनुसार रुपैयां लिन्या मर्ज्यादा चलाया । फेरि राजाहरू परलोक हुंदा वेलामा ३६ जात जंमा गरि जातअनुसार क्रमैसित राषि लैजांदाका रोजगारले उत्तम मध्यम अधम चिन्हिछ ।

श्री अश्व मल्ल राजाका छोरा श्री जय मल्ल राजा वालकमा भित्रानितिरका छोरा ३ ले दुःख दिदा भागी पनौतिमा लुकि रहन गयाका थिया । राज्य चलन तिन भाइले गन्या । यक भाइका मनसुवा ठुलो पोखरी वना-उनु । एक भाइका मनसुवा सहरमा परषालले घुमाउनु । एक भाइका मनसुवा दरवार चोक वढाउनु । यति रकम चलाई पर्जा झारा वोलाउँदा भला २ आदमिले वोल्या । वावु छोडि सानावावुका वचनमा चलनुपन्यो । प्रजालाई सामल दिन तयार पनि भया । तिनपट्टी प्रजा छुट्टाउन पनि लाग्या । तेस विचमा भला आदमि सव वटोलि हातमा १।१ तेगा ली धुरा उठी सवै प्रजासंग ली पनौतिमा राजा लिन गया । राजा वोकि ल्याइ दर्वारमा चलाया । श्री जय मल्ल राजा थाप्या । भित्र्यानिका छोरालाइ तेगाले ठाउँको फोरि मान्या तस विचमा प्रजा सवै भै राजा छेउ भला २।४ आदमीले विंति गन्या । हे महाराज हजूरका प्रजा हजूरका देशमा घर गरि वसिरह्याछौं । वेचनु वांधा राषनु देवदेवतालाई चह्राउनु

हुन्या गरि सुनाघर सुनाषेत गरि प्रजालाइ वक्सनुहवस भनि विंति गर्दा राजा प्रसन्न भै चलनमा कांटा ढक पाथि कुरुवाले नाप जोष गरी किन्नु बेचनु । आफ्ना रकम् नछोडनु । जात नछोपनु । सुनाघर सुनाषेत सुनावारि गरि वक्स्यौं । ब्राह्मणले पुजापाठ जजमानी चलाउनु । ब्राह्मणले विराया भन्या तुरू १००० आचारले ५०० (गुरुभाजु) गुभालले ५०० ज्यापुले २५ सुढचानिले २५ पिछिनिले १२ नाउले १२ भाटले १२ काहालले १२ कुह्मालले १२ चित्रकारिले १२ कसाइले १२ मोटचाले १२ डंड गर्नु। जजमानले विरायो भन्या तुरू १००० डंड-गर्नु। राजाले ब्राह्मणादि पोड्चापर्य्यन्त परापूर्वका रितसंग मिलाइदिनु भनि थिति वांधिदिया । सो थिति वाधन-लाई डिल्लिवादसाहलाइ सौगात पठाई स्थिति गर भन्या हुकुम र सुनसिद्धि रुपैयाँ वनाउ भन्या हुकुम औ षिल्लत-सम्मेत पठाया । नेपालेश्वर जय स्थिति मल्ल नाउं गरि पठाया। तस दिनदेखि जय मल्ल नेपालेश्वर जय स्थिति मल्ल भनि नाउँ प्रष्यात भैगया ।

नेपली सम्वत् ५३९ माघ कृष्ण २ रोजका दिन श्री ३ जय स्थिति मल्ल ठाकुरवाट थिति वांधि वक्सनु-भयामा। अघि यो थिति नरहँदा फेरि थिति वांधि वक्स्याको-ब्राह्मणका जजमानी काम छेत्रियको र सुद्र भारोको जज-मानि काम गर्नु । छेत्रियले र सुद्र भारोले अरूवाट काम गराउनु छैन । सुद्र भारोले वेपार गर्नु। चित्रकारले चित्रकार काम गर्नु। सालमीले तेल पेलनु। छिपाले कपरा रंगाउनु। भाटले नवुर गाउनु। गथले र मालीले फुल वेचनु । षुसलले डोलि वोकनु । जोगि दर्शनधारीले मागी षानु। लोहर्कमिले ढुंगाकाम गर्नु। सिर्कमिले काठको काम गर्नु। दैवज्ञ जोसिले हेर्नुकोर्नु लेषनु। कुमालले भांडा पार्नु । टंटिले परि वुंनु। कसाइले रागो मार्नु । मासु वेचनु। नाउले कपाल षौरनु नङ काट्नु । भडेलले षाक गर्नु । कसनले कासाको काम गर्नु। तमोटले तामाको काम गर्नु। वेन्याक वांडाले सुन चांदिको काम गर्नु । बुद्धाचार्य गुबाहालले. चित्रकारि सालमी. छिपा. भाट. गठ. लोहर्कमि. कुमाल. नाउ तौ यो नौ जातको जजमानी गर्नु । राजाले पश्चप्रजाकन वांधिदियाको थिति–सिपाहिलाई ढाल तरवार दिया । प्रजालाइ डोकोवोको गर्नु। आफ्ना कर्ममा रहनु । ब्राह्मणलाइ सिपाहिले पावलागी गर्नु । कल्याण स्वस्ति दिर्घायु ब्राह्मणले भन्नु । सिपाहि र नेवारले राम राम गर्नु । यस्तै स्थिति वांधि दियाको हो।

नेपालमा ४ वर्ण छत्तिस जातलाइ वांधिदियाको थिति–पैह्ले मानिस जन्मदा सौढचानिलाई दिन्या दस्तुर चिउरा कुरुवा १० चावल कुरुवा १० जन्मदादेषि नुवारान सम्ममा वालषलाइ दियाको दाम सुढचानिको। सुढचानि डाकन जांदा आयन भन्या तुरु १२ डंड । अरु सुढचानि डाकन जान्यालाइ ति दुवैलाइ तुरु २४।२४ डंड । जन्म भयाका दिन अजिमा आदिलाइ सिन्दुर सुपारिको पोका चढाउनु । नाता लाग्याका र. इष्टमित्रलाइ पनि दिनु । सिंदुरका पोकामा देवतालाइ दक्षिणासमेत गुरुप्रोहितलाई पनी अजीमा आदीलाइ. सिचु पालु चह्राउनु दिनु । दिन १।२ विचार गरि वढिया दिनमा पिछिनिलाई डाकि नाल कटाउनु। तेसलाइ दस्तुर चिउरा कुरुवा ५ पिछिनि डाकन जांदा आयन भन्या तुरु १२ डंड । वालक जन्म भयाका थौथा दिनमा गर्न्या–अजीमा आदिलाइ सिचु पालु चह्राउनु । क्वाथ चह्राउनु षुवाउनु । इसि मुगु चह्राउनु षुवाउनु । छैटिका दिनमा फुफुले दिपमाला लाउनु । दिपमालामा गाजल थापी वालषका आंषामा गाजल लाइदिनु । सेतो भोटो. पहेलो रुमाल मिमिचा अंगुथि १ फुरुवा चावल यक माथि. वुकुवा तेल राषी लाइदिनु । पुरोहितले स्वधाकर्म गर्नु । दक्षिणा भेटी दाम ६।२४ पुरोहित डाकन जांदा आयेन भन्या तुरु २।। डंड अरु प्रोहित डाकि काम चलाउन्या आउन्या २ लाइ तुरु ५।५ डंड । हर्षवढाई गाउनु वजाउनु दिनु । सिचु पालु स्मेत अरु सक्याको दाम दि पठाउनु । फुपुले पुत्र परिवार आउन्यालाइ षुवाइ. पठाउनु । फुपुलाइ चोला दी विदा गरी पठाउनु । पुरोहितलाइ सिधा दक्षिणा दिनु । दसौं दिन नाउलाइ डाकि कपाल षौराउनु नङ कटाउनु । जति काममा लाग्याका नाउ नाउनीलाइ पेटभरि षुवाउनु । वर्षदिनको ठेक वाली अडक्यो भन्या नाउले आफ्नु वाली ली काम चलाउनु । दिनुपर्न्या ठेक नअड्कंदै चाहिन्या दिन डाकनु जांदा आयेन भन्या तुरु १२ डंड। आफना नाउ छोडि अरु डाकि काम चलायो भन्या. डाकन्या आउन्यालाइ तुरु १२ डंड । वर्षदीनसम्मको काम चलाउन्या काममा लागन्या नाउलाइ कौला वजी दिनु संघटलाइ लुगा धुन दींदा दस्तुर माथि १ चिउरा दाम १४। संघट डाकन जांदा आयन भन्या ३ डंड । आफ्ना छोडि अरु डाकि काम चलायो भन्या २ लाई तुरु ३।३ डंड । सुतकभित्र वढीया दीन हेरी ज्योतिकिलाइ डाकि चिटा चिन्हा लेषाउनु । दस्तुर दाम १२ चावल कुरुवा १ जोतिषिलाइ दिनु । लेष्याका चिटा चिन्हा ज्योतिषिले सौंपदा दाम २ दस्तुर दिनु । ब्राह्मण रजपुतको १२

दिनमा नुवारान् । अरू जातको दसौं दिनमा नुवारान् । प्रोहितले कलसार्चन गराउनु । नाउं ठहराइ पंचसुगंधले जन्मपत्रीका लेषाउनु । सुनाउनु सुढचानीले बालषलाइ स्नान गराउनु । घृतप्रासन गराउनु । मिमिचा लुअंगु. मिमि-चालं. साषाल वुकुवा तेल लगाइ दिनु । रुमाल दिनु । कलसादि. अजीमा र काममा लागन्या मानिसलाइ सिचु-पालु चह्राउनु दिनु । माइतीबाट आयाको टिकाको सराजाम सौंपनु । माइतिबाट आउन्या मानिसलाइ सिचु पालु र पेटभरि षुवाउनु । दाम २ दि बिदा गराउनु । दोवाटामा अजीमाकन ली फालनु । तेस दीनदेषि वालष-लाई मह घोटी औसधि चल्यो ।

तेश्रा मैह्ला लाग्यापछि बढिया दिनमा कलसार्चन गरि सुलग्नमा वालषलाई नारिबलको गरि. कपुर गुलियो फल उषु थकालिले षुवाउनु । सुढचानीले वली फालनु । ब्राह्मणलाइ सिधा दक्षिणा दी पठाउनु । माइतबाट आउन्या-लाइ षुवाइ दाम २।२ दस्तुर दि विदा गराउनु । तेस दिनदेषि वालषलाइ फल सातु चल्यो । छ मैह्ला लाग्या-पछि बढिया दिन देषाइ बढिया लग्नमा ब्राह्मणले कल-सार्चन गराउनु । चौरासि जातका वेंजन. सालि धानका चावल कुरुवा १ का भात बडा थालमा त्रीगोडिसमेत् राषि पस्काउनु टक्र्याउनु । तेतिकै वेंजन अजीमालाइ आगम्. पर सारि. सुवेलामा थकालिले पंचग्रास षुवाउनु । वडा ग्रास गरी ३ ग्रास षुबाउनु । देवदेवतालाई भाग ९ भेटि ब्राह्मणलाइ सिधा दक्षिणा दि बिदा गराउनु । माइतबाट आयाको टिका लाइदिनु । वोकि ल्याउन्यालाइ पेटभरि खुवाइ २।२ दाम दस्तुर दि बिदा गराउनु । तेस दिनदेषि बालषलाइ अन्न चल्यो ।

**अथ चुडाकर्म कर्णवेध**

अघिल्ला दिन थकाली आदिको कपाल षौराउनु नङ कटाउनु । षलिपिनाले नुहाउनु । सुद्ध वस्त्र लगाइ श्री गणेशसपूजनादि श्राद्ध पिठपूजा अर्चनले. गण गुरु नाग पुजा गराउनु । कुमारी सुत्रले वालषको आपाद मस्तकांत अष्टोत्तर सतावर्त अधिवासन सुत्र पवित्रि लाइ सुगन्धि स्वस्ति चिह्नित हातमा राषि अग्नीलोहरक्षा सगुणाद. कलशाभिकेक दिनु । नवरत्न मुद्रिकाले मध्य केसत्रिषे वांधनु । देवताको भेटि चह्राउनु । ब्राह्मण पूजा गरि जोसि अचारलाइ सिधा दक्षिणा दि विदा गराउनु । कुमारि पूजन । त्री गोत्रं समेतका बडा थालमा कुर्वा १ को सालि धानका चावलको भात पस्कि चौरासि वेंजन समेतका पंचग्रास पूर्वक भोजन गराउनु । उच्छिष्ट कलष फालनु । प्रातकाल भयापछि जग्य मंडपमा ब्रह्माष्ट कलसादि सराजाम तयार गरि र. गणेश आवाहनादि कलशस्थापन गरि ब्राह्मार्चन गरि होम गर्नु । सुलग्नका वेलामा मातुल क्षुर. सुचि चंद्रमण्डल थलिया पुजा गरि सौषध उष्णोदक ल्याइ. कपाल भिजाउनु । वालषका केसमा. पंचपल्लव वांधनु । पूर्णादि क्रम गरि माउलिले छेदन गर्नु । फुपुले चंद्रमण्डलमा थाप्नु । कानमा मामाले सूगंध चंदनले सुवर्ण सुचिले चिह्नो लाइदिनु । नाउले कपाल षौराउनु । कान छेडनु स्नान गराउनु । कपालमा श्रीषंड सेता तिल लाईदिनु । स्वस्ति लेषनु । सगुना-सिर्वाद गरि. वस्त्र दिनु । ठाडो चंदन लाइदिनु । देव-देवतालाई भेटी. ब्राह्मणलाइ सिधा दक्षिणा दिनु । यग्य विसर्जन गरी अभिसेष पाति दि. सूर्य गणेशादि दर्शन गराउनु । मामाका घरबाट आयाको टिका लगाइदिनु । ल्याउन्यालाइ षुवाई दाम २ दस्तुर दिनु । फुपुलाइ चंद्रमंडलको थाल चोलो १ दिनु । नाउलाइ दाम १२।४ दि कपाल षौराउंदामा लायाको वस्त्र नाउको षान्या भाग दि पठाउनु । यति काममा लागन्या मानिस छाडि अर्कालाइ डाकि काम चलाया भन्या यजमानलाई तुरु २४।२४ डंड । यजमान लाउन्यालाइ तुरु २४।२४ डंड । इ मानिस डाकंदा आयनन् भन्या प्रोहितलाइ तुरु १२ डंड । जैसि आचारलाइ तुरु ६।६ डंड । फुपुलाई तुरु ८ डंड । मामालाइ तुरु ८ डंड । चित्रकारलाइ तुरु १२ डंड । कुमाललाइ १२ नाउलाइ ३६ यति ब्राह्मण क्षेत्रियको । अरु जातको कलशार्चन गरि पुऱ्याउनु डंड ऐजन ।

**अथ ब्रतवन्धन**

अथ ब्रतवन्धन । अधिवासन ऐजन । आवाहनादि ऐज्रंन । बस्त्र कलसादि स्थापन ऐज्रंन । पूजासमेत गुरुले होम गरि यथाक्रममा गुरुमण्डल पूजन दंडादी ग्रहण भूषण वेलामा मौजिवन्धन । ब्राह्मणको क्षत्रियको गायत्री प्रदान माघादी आषाढावधि प्रारम्भ । ब्राह्मणको सायत वढिया । क्षत्रीयको ब्राह्मणको. भाद्र शुक्ल बढिया दिन समावर्तन । क्षेत्रियको प्रारंभका अस्टम दिन समावर्तन कुलदेवता पुजी आमीष भोजन । तेसपछि जात कलसार्चन मात्रले विधि पुऱ्याउनु । तेस दिनदेषि स्वजाति धर्म लिनु । षुसल आदि कुलुपर्यंतका हातको पानि नषानु ।

कदाचित भुलि षायो भन्या चांद्रायण नगर्नु. गवत षानु ब्राह्मणलाइ सिधा दक्षिणा दिनु तारा हेरि भोजन गर्नु । अकाल पर्दा जानि जानि षायो भन्या प्राजापत्य चांद्रायण गरि गोदान गरि ब्राह्मणलाइ सिधा दक्षिणा दि सरकारमा तुरु १२० डंड तिरि आफ्ना जात षुवाइ पंचगव्य गंगाजल षाइ आफ्ना जातलाई तुरु १२ दस्तुर दिनु जातलाइ भोजन षुवाइ तारा हेरी जातसंग भात मेलाउनु । बाबु ब्राह्मण आमा विधवा रजपुतनिबाट भयाको जैसि तसलाई जनै दिनु । सिषा गायत्रि दिनु । तसले संकल्प अद्यादि बोलनु । श्रेष्ठसंग विवाह गर्नु । ज्योतिष शास्त्र पढि गर्नु । पात्रो ग्रहण योग स्नानादि जोग कह्नु । चिटा लेषनु । ग्रहण लेषनु । ताहांदेषि ब्राह्मकर्ममा चल्या । तुरु १२ डंड । बाबु ब्राह्मण आमा सवर्ग क्षेत्रिनिबाट हुन्या कर्माचार्य । तसले सिषा गायत्री पाइ तलेजुमा टहल गर्नु । कदाचित् काम अटक्यो भन्या देवताको पूजा नअटकाउनु । अर्कालि छुन नहुन्या देवता बोकि ठाउंमा ल्याउनु । बल मिचि आफ्नु पुर्षाले नलायाको जनै लायो भन्या जनै छिनालिदिनु । तसलाइ सासना फलाम पाता लाल गरि पोलि जनै लाइदिनु. ऐजन । जैसिले स्वकर्म लेष्याको बल मिच्यो भन्या जनै छिनालि श्रेष्ठमा मिलाइदिनु तुरु २४ डंड गर्नु । ब्राह्मण षुसलनिसित गयो भन्या तुरु १२० डंड प्राजापत्य चांद्रायण । जातलाइ तुरु २४ दस्तुर दिनु । पंचगव्य गंगाजल सालग्रामोदक तुलसिदल षाइ भात षुवाइ तारा हेरि षानु । टेपेनि षोसलनी सालमीनि चित्रकारिनि भटियानि कोनालनिहरूसंग गया ऐजन सदर । नाउनी संघटनिसित गया तुरु १४० डंड अरु सदर । लोहकारनि पुलपुलनि माहुत्यानि छिपानि मालिनी चित्रकारनी बलिनि कसाइनि गठनि संषुनी छत्रकारिनी सवलिनि. सोढ्यानि. कुसल्यानि बलामिनी मझिनि यतिसंग गया तुरु ४८० डंड चाद्रायण दोवर अरु. ऐ । पोढ्यानि कुलुनिसंग जानी जानी गया भन्या चांद्रायण नास्ति तेसै जातको भयो । नजानि भुलमा पऱ्यो भन्या तुरु ४२० डडं ३ प्रजाप्रत्य चान्द्रायण अरु ऐजन । इ सबैमा पोइ भयाकासंग गया सुन सिगिको मोहर रुपैयाँ ६० डंड ल्हासा जान्याका स्वास्निसंग गया तसको दोवर डंड । क्षेत्रिय जाति गयो भन्या तसको आधा डंढ चांद्रायण पनि आधा अरु ऐ । वैश्य जाति गयो भन्या ऐजन चांद्रायण आधा । सुद्र जाति गयो भन्या तसको पनि आधा डंड चांद्रायण अरु सबै ऐजन । चांद्रायण नपऱ्या पोइ हुन्या स्वास्निसित सो जाति सबै गयो भन्या सुनसिंहि मोहर रुपैया ६० डंड । सुजातिसित कुजाति गयो भन्या जात प्रगति बढाइ स्वास्निको गर्भ भयाको छैन भन्या भुलि गर्याकि भया चौथाइ डंड चाद्रायण प्राजापत्य । ऐजन सित जानि जानि गयो भन्या डंड चांद्रायण दोवर अरू अैजन । ब्राह्मणिमा पोइ हुन्या छेउ ब्राह्मण गयो भन्या ब्राह्मणीको स्वजाति हुनु नास्ति । ब्राह्मणलाई लिंगसासना गरि देसदेषि बाहिर धपाउनु चाद्रायण नास्ति । ब्राह्मणले बिधुवा ब्राह्मणी विरायो भन्या सुनसिंहि रुपैयाँ ३० डंड ब्राह्मणी स्वजातिमा जान नास्ति । पोइ हुन्या ब्राह्मणीमा छेत्रि गयो भन्या षोला पार लैजाइ चांडालका हातले यक हातमा मार्न्या गरिकन हानि मार्नु । विधुवा ब्राह्मणीसंग क्षेत्री गयो भन्या लिंग सासना गरी सुन सिंहि रुपैया ३० डंड जातमा जान पऱ्यो भन्या प्राजापत्य चांद्रायण । पोइ हुन्या ब्राह्मणीमा वैश्य गयो भन्या लिंग काटिदिनु । सुनसिंधि रु. १२० डंड दुइलाइ चांद्रायण नास्ति । विधवा ब्राह्मणिसंग वैश्य गयो भन्या लिंग सासना गरि सुनसिंहि रुपैया ६० डंड ब्राह्मणीलाइ चांद्रायण नास्ति । वैश्यलाइ आफ्ना जातमा जानुपऱ्यो भन्या १० प्रजाप्रत्य चाद्रायण । पोइ हुन्या ब्राह्मणिसंग सुद्र गयो भन्या लिंग काटि षुवाइ चांडालका हातले कटाउनु । ब्राह्मणीलाइ चाद्रायण नास्ति । विधवा ब्राह्मणीमा सुद्र गयो भन्या लिंग काटि चांडालले मार्नु । ब्राह्मणिलाइ चान्द्रायण नास्ति ।

### जातको व्यवस्था

कुलु जातले गर्न्या कपाल षौरनु. नङ काट्नु आफुलाइ आफैले । दिन ७ मा वृद्धि सुतक सुद्ध. मृतक सुतक दिन १०। लटचा मानि पिंड गराउन्या । आफ्ना नाइक्याका वचनले आफ्ना जातमा जांन्याले पिंड गराउनु रकम् छालाका कुपा वनाउनु । छालाका थैलि वनाउनु । वाजा पेटारामा गोलामा छाला लाइ दिनु - आफ्ना रकम छालाको रकम् छोडी अरू रकम्मा गयो भन्या तुरू १२० डंड । आफ्ना जातमा विवाह गर्न पायेन भन्या. स्वास्नी बुझाइ आफ्ना जात नदवाइ श्रेष्टदेषि कुसल्यानिसम्म ल्याउनु षत् नास्ती। पोढचाको–कपाल षौराउनु नङ काट्नु आफैले । सुतक पिंड ऐजन । पोसाक जोर जोरि नलाउनु । सुनका गहना नलाउनु । बिनाकामले घाम अस्त भयापछि सहरभित्र नपस्नु । पीठ देवताका पिवाल वसी देवताका गहना सह्यारि. नैवदे मागी षानु । माछा मारी भंगेरा समाती वेची षानु । वडो जात नछुनु । गाइ नषानु । संुगुर

षानु। मुर्दाको पोसाक टिपि लिनु। दाम यक दस्तुर लिनु। सती जान लागी भन्या मित्यारि लाइ जोर पोसाक पोढ्यानीले लिनु। सती जान्या स्वास्नी पोइसंग सुती मर्न नसकी चितावाट षसी ठहरियी भन्या सोहि पोढ्यानीसंग जात मिलि पोढ्यानीका जातमा जाइ वस्नु। डोम जातिको–कुसल्यासंग भै ढोलक वजाउनु। स्वास्नी नचाइ कमाइ गरि षानु। सुतक २ लटचा ऐजन। टडिजातको–दुनियाँलाइ कात्रो परि वुंनु। मोल टका १। सतिको परी वनाउनु पर्‍यो भन्या मोल टका २ ली वेचनु। सुतक ६ जुठो १०। पुरोहित गुभाल। कुसल्या जातको–वाजा फुकि वजाइ दस्तुर सुमंगलको दाम १२। विवाहको ।।' पास्नी व्रतवंध चुडाकर्मको दस्तुर दाम ६। कामभा लागन्या जो छ तसलाइ पेटभरी षुवाउनु। डाकन आउंदा काम अटकाइ दियो भन्या तुरु ५२ डंड। आफना छोडी अरूलाई काम चलायो भन्या तुरु १२ डंड। टोलमा काज काममा मागी षानु। दुनियांको चोक वढारि षानु। कापालि भेष भै डमरु वजाइ मागी षानु। सुतक ३ मुर्दा गाडनु। जुठो-दिन ७। लटचा मांनु। पुरोहित आफनै जात। वारि कमाउनु। षेत कमाउनु। कसाइको–नङ काटनु। कपाल षौरनु। आफनै जातले दुनियाँका मुर्दा लैजांदा वाजा वजाउनु। काममा लागन्या कसाइ यति छ, सवैले तिन तिन दाम दस्तुर लिनु। सतिको वाजा वजाउनु पर्‍यो भन्या दस्तुर टका १। षलकीलाइ ३।३ दाम। दुनियाँका काम-काजमा रांगो काट्नुपर्‍यो भन्या दस्तुर एक पैसा कि दाम ली रांगो काटिदिनु। टिकावाल रांगा नदि वाल नकाट्नु। भला भला आदमिलाई त्यो मासु नवेचनु। चौरमा दुनिआको रांगो काट्नु पर्‍यो भन्या राजाको दस्तुर १ नदिज्याल रांगो नकाटनु। मासुको वेपार गर्नुपर्न्याले काट्नु पर्‍यो भन्या राजाको दस्तुर दोवर। दुनियाको वनेल काट्नुपर्‍यो भन्या सर्कारमा टाउको चह्राइ आफना दस्तुर रुपैयां आठाना षानु। मासु छुटयाइ दिनु। आफु-भंदा वडा जातलाइ दुद दहि नवेचनु। सुतक ६ जुठो लटचा ऐजं। षेति कमाउनु। पुरोहित नाइ गुभाल। नरिजातको–भीतमा चित्रकार लेषनु। फर्कमांयसी लेषनु। नङ कटाउनु। कलाहीले चिउरा कुटन्या मुसल नसमातनु सुतक ६ जुठो १०। लटचा मान्नु प्रोहित गुभाल। सवलको-मानिसलाइ जुको लाइ कमाइ षानु। षेत कमाउनु। सुतक ६ जुठो १०। लटचा मांनु प्रोहित गुभाल। गठको–वनको फुल टिपि ल्याउनु। वेचि साटि षानु। षेत कमाउनु। सुतक जुठो लद्या मांनु प्रोहित ऐजन। मालिको–फुलवारि वनाउनु। फुल वेचनु साटनु गरिषानु। सुतक जुठो लटचा मांनु प्रोहित ऐजन। छिपाको–नीर आदि गरि पाँचै रंग धागा कपडा रंगाउनु। कसाहिले नङ काट्नु। सुतक ६ जुठो लटचा प्रोहित ऐजन। षेत कमाउनु। पुलुपुलुको–दुनियाँको मुर्दा अघिवाट आरति मजिरा वजाइ आफना दस्तुर लिनु। दाम ४ चावल कुरुवा १। नाउ कसाहि। सुतक जुठो लटचा पुरोहित ऐजन। नर्कमिको–फलामको काम गर्नु। सुतक ६ नाउ कसाहि लटचा प्रोहित ऐजन। षेत कमाउनु। छिपिनिको–वढिया दिनमा दुनियांको वालष जन्मदा नाल काटिदिनु। दोवाटोमा फाल्नु। सुढ्यानीको–आधा दस्तुर लिनु। सुतक ६ जुठो १०। लटचा मान्नु पुरोहित ऐजन। नाउ कसाहि। षेत कमाउनु। संघतको–दुनियांको लुगा धोई वर्ष दिनको कवोल माफिक वालि षानु। सुतकमा जुठोमा ६।६ कुरुवा चिउरा दाम १६।१६ लिनु। षेत कमाउनु। सुतक ६ जुठो पुरोहित ऐजन। नाउको–ब्राह्मण-देषि ज्यापुपर्यंतको कपाल षौरनु। नङ काटनु। दस्तुर सुतकको कुरुवा ६ जुठोमा कुरुवा ६ लिनु। सुतक जुठो १०। लटचा मांनु पुरोहित ऐजन। माहुर लाउनु। ऐना देषाउनु। चुडाकर्म व्रतवंधमा दाम १२।१२ दस्तुर लिनु। भोज षानु। षेत कमाउनु। कोनालको–नेपालमा धुप वनाउनु र वेचि षानु काठ कुन्हु। सुतक जुठो गैह्र ऐजन। महाब्राह्मण भाटको–पाषी पटुका रंगाउनु। एकादशाह षानु। षेत कमाउनु। पसल नराषनु। सुतक जुठो १०। लटचा मांनु। पुरोहित ऐजन। चित्रकारिको–देवताको चित्रकार लेषनु। दिक्षा सुन्नु गुभालसंग। रंग सिजाउनु वनाउनु वेचनु। सुतक जुठो लटचा पुरोहित ऐजन। षेत कमाउनु। नाउ कसाही। सालमीको वेवस्था–तेल पेली वेचि षानु। वावियाले षट वाधनु। सुतक जुठो लटचा पुरोहित ऐजन। टेपोचको–पालुंगाको साग रोपि वेवस्तासित वेचनु। वेचदामा श्री ५ सरकारमा दस्तुर तिरनु। काहाल वाजा वजाउनु। षेति गर्नु। सुतक ऐजन। षुसलको वेवस्था–काहाल वाजा वजाउनु। षट वांधदा सालमिले नपुग्या गुहार दिनु। षेति गर्नु। सुतक गैह्र ऐजन। लुर्कमिको-सुनाचांदिको गहना वनाउनु। सुतक ६ जुठो ७। लटचा मांनु पुरोहित ऐजन। सिर्कमिको–काठको काम गर्नु। सुतक ६ जुठो १०। लटचा प्रोहित ऐजन। ग्वालाको वेवस्ता–गाइ पाल्नु। दूद दहि घ्युको टल वेचनु। श्री ५ सर्कार दुनियां-लाइ चाहियाका गाइ तयार गर्नु। सुतक १०। जुठो १२ लटचा प्रोहित ब्राह्मण ऐ। कुमालको वेवस्था–माटाका भांडा पार्नु। सरकारलाइ दस्तुर दि वेचनु। सुतक १० जुठो १२। लटचा पुरोहित गुभाल। अचार उदासको–ह्लासाको वेपार गर्नु। कोठी राषनु। सुतक ६ जुठो १०। लटचा

मांनु । पुरोहित गुभाल । टटिको–परिवत्तु जनै वनाउनु वेचनु । सुतक १० जुठो १८ लटचा मांनु प्रोहित ब्राह्मण । टमोटको–तावा कांसादि धातुको भांडा वनाउनु । सुनचांदिको जलप सार्नु । सुतक १० जुठो १२। लटचा उप्रांत ब्राह्मण जैसि । अचार वौधमार्गी भया गुवाहाल । मुलमि श्रेष्टको–रानीका माइति नभया माइतिले गर्न्या काम गर्नु । बनिज वेपार गर्नु । सुतक जुठो लटचा प्रोहित ऐजन । किसानिको वेवस्ता–देवदेवताका पूजासामा वोकनु । वलि फालनु । पुरोहित गुभाल । षेत कमाउनु । सुतक जुठो लटचा ऐजन । वैद्यको–दुनियांका नारि हेरि व्यथा थाहा पाई औषधि गर्नु । लोकांतर हुन्या ठहऱ्या वैतर्नि दिलाउनु । वषतमा विधिगरि लवागादि दिनु । दस्तुर टका १ लिनु । तिर्थ पुऱ्याउनु । अरू अंजन । पुरोहित ब्राह्मण । लोहकर्मिको-प्रमाणले देवदेवता बनाउनु । सुमेरू षोलि ढुंगा फोर्न्या रकम छ सो गर्नु । सुतक १० जुठो १२। पुरोहित गुवाहाल । बढैको–काठको फर्मायसि काम गर्नु । चर्षा उंईटा धनु बनाउनु । सुतक जुठो ऐजन । पुरोहित वौध मार्गीको गुभाल सिवमार्गिको ब्राह्मण । हलवाईको-रोटि वनाउनु । गुवाहालसंग मंत्र सुन्नु सुतक १० जुठो १२। लटचा पुरोहित. ऐजन । विषुवाडोको–मुलु वनाइ वेचनु । सिषा मुंडन गर्नु । गुवाहालसंग मंत्र सुंनु । सुतक ६ जुठो ७। लटचा मांनु प्रोहित गुभाल । वांडाको–सुना चांदिको गहना बनाउनु । सल वत्तु धात्तु भाडा कमाउनु । धातुका बुट्टा काटनु । सुनाचांदिका जलप सार्नु । कांसा कटौरा वनाउनु । सुतक ग्रैह्न ऐ । वज्राचार्यको–गुभालले श्रेष्ठ ज्यापु. हलवाई. बरहि. सिकर्मि लोहकर्मि चित्रकारि सम्म दि आयाकालाइ मंत्र दिनु । सुतक ६ जुठो ७। लटचा मांनु पुरोहित गुभाल । कसालको–कासो कुटि पिटि भांडा कमाउनु । सुतक १० जुठो १२। लटचा मांनु पुरोहित ऐ. । पिठाचार्यको–पिठपिठमा देवदेवताको पुजा गर्नु । आफ्ना अधिकारसंमको महाबलि आदि वलि विधान गर्नु । ब्राह्मणवाट मंत्र सुंनु र जनै पाउनु । विधि आफना थकालिले गर्नु । सुतक १० जुठो १२। लटचा मांनु । प्रोहित ब्राह्मण । विवाहमा ज्ञा श्रेष्ठ दुनियांको घर शुद्धि गर्नु । शिवाचार्यको– शिवलिंगको पुजा गर्नु आफ्ना अधिकारसंम यजमानि गर्नु । घरशुद्धि यजमानि चलाउनु । यज्ञ गर्नु । ब्राह्मणबाट मंत्र सुंनु । जनै पाउनु । आफ्ना ज्या बिधि हो थकालिले गर्नु सुतक १० गुठो १३। प्रोहित ब्राह्मण । सामान्य श्रेष्ठसित बिवाह चलाउनु । कर्माचार्यको–श्रीतलेजुको टहल चौकि बस्नु । ब्राह्मणबाट मंत्र सुंनु । जनै पाउनु । विधि आफैले गर्नु । आफ्ना अधिकारसम्म जजमानि चलाउनु । सुतक १० जुठो १२। लटचा मांनु प्रोहित ब्राह्मण । जैसि अचार गुर्वाचार्यको-श्रेष्ठलाई दिक्षा सुनाउनु । ब्राह्मणबाट मंत्र सुंनु । आफ्ना अधिकारसम्म जजमानि चलाउनु । सुतक १० जुठो १२। लटचा मांनु । प्रोहित ब्राह्मण । सुकार्यमा होम गर्नु । देवाचार्यको–आपना थकालिबाट मंत्र सुनु । आपना सुकार्यमा होम गर्नु । यजमानि चलाउनु । सुतक जुठो लटचा प्रोहित ऐजन् । पात्रवंश ठकु लवतको–ब्राह्मण-बाट मंत्र सुंनु । ढाल तरवार भिर्नु । सुतक १० जुठो १५। लटचा मांनु । प्रोहित ऐजन् । राजलवत्‌को व्यवस्था-ब्राह्मणबाट मंत्र सुंनु । ढाल तरवार भिर्नु । राज सेवामा रहनु सुतक १० जुठो १२ लटचा मांनु । प्रोहित ऐजन । कायस्थ भनी कसउको–मोहर लेषनु । दानपत्र सुक्रिविक्रीपत्र तमसुक भाषापत्र गैह्र लेषोट लेषनु । दस्तुर लिनु । ब्राह्मणसंग मंत्र सुंनु । सुतकदेषि प्रोहितसंम ऐजन । भारो श्रेष्ठको व्यवस्था—सिवमार्गिले ब्राह्मणसंग मंत्र सुंनु । बौधमार्गीले गुवाहालसंग मंत्र सुंनु । वाणिज्य वेपार गर्नु । सुतक १० जुठो १२। लटचा मांनु । प्रोहित गुवाहाल । अमात्य महात्‌को–ब्राह्मणसंग मंत्र सुंनु । उत्तम श्रैष्ठसंग विवाह गर्नु । राजकाज पनि गर्नु । सुतक १० जुठो दिन १२ दिन मांनु । प्रोहित ब्राह्मण गुभाल । जोसिको वेवस्था-ब्राह्मणबाट मंत्र सुंनु । जनै सिषा गायत्रि पाउनु । तसले उपल्लो संकल्प अद्यादि बोलनु । श्रेष्ठसंग विवाह गर्नु । जोतिषशास्त्र पढनु । पात्रो ग्रहन–ग्रह योगादि स्नान दान मेल २ को योग कहनु । चीटा लेषनु । सायत लेषनु । यतिदेषि उपर ब्रह्म कर्ममा नचलाउनु । आफ्ना अधिकारसंमको जजमानी गर्नु । सुतक १० जुठो १२। लटचा मांनु । प्रोहित ब्राह्मण । ठांकुरको–ब्राह्मणसंग मंत्र सुंनु । जनै पाउनु । शिव बुद्ध मार्ग मांनु । ढाल तरवार भिर्नु । राजकाज गर्नु । सुतक १२ जुठो १५ लटचा मांनु । प्रोहित ब्राह्मण । ठाकुरको–ब्राह्मणबाट दसकर्म गराउनु । जनै मंत्र पाउनु । ढाल तरवार भिरि राजकाजमा रहनु । वानिज्य वेपार गर्नु । सुतक १२ जुठो १२। लटचा मांनु । प्रोहित ब्राह्मण । श्री ५ राजाको ब्राह्मणबाट दशकर्मादि गायत्री जनै पाउनु । ढाल तरवार भिर्नु । आफना नितिमा चलनु चलाउनु । सुतक १२ जुठो १२ लटचा मान्नु । प्ररोहित ब्राह्मण । देवब्राह्मणको–सो जातिलाइ मंत्र दिनु । राजालाइ मंत्र सुनाउनु । श्रेष्ठसम्म जजमानि चलाउनु । वेदमंत्र श्रुति पुराणादि कर्ममा चलाउनु । राजगुरु घरले पुरान नवाचनु । राजगुरु हुन्याले अर्कालाई मंत्र सुनाउनु । सुतक १२ जुठो १२। लटचा मांनु । प्रोहित

कर्ममा चलाउनु। अपुता मर्दा ब्राह्मणी स्वगर्भीमा छंज्याल ब्राह्मणको अपुताली दाज्यू भाइलाई जादैनं क्रियाकर्म पनि अरूले पाउंदैन ।

सूर्य वंशमा उत्पन्न भयाका श्री नान्यदेव नाम राजाबाट श्री तुलजाका यंत्र मंत्र पद्धति पाई सिमोंगड-मा श्री तुलजाकन विराजमान गराया । ईनैका वंशका हरिसिंहदेवबाट श्री तुलजाकन नेपाल भक्तपूरमा ल्याइ स्थापना गऱ्यापछि हरिसिंहदेवका वंशमा उत्पन्न भयाका जयस्थिति मल्लबाट सव स्मृति शास्त्रको विचार गरि नेपालका प्रजामा जातजात जौना सुसार धर्म कर्म गर्नु भन्या वंदेज वाँधि नेपाल राज्यमा चलाया । इ राजा वहुतै ज्ञानवान् धर्मज्ञ थिया । जस्तै पूर्वकालमा मनु-बाट स्मृति धर्मशास्त्र बनाइ चलाया तस्तै यस कलि-कालमा नेपालविषे जयस्थिति मल्लबाट जान्या जान्या ब्राह्मण पंडितहरूकन आफ्ना हजूरमा बोलाइ धर्मशास्त्रको कारण बुझी प्रजाको थिति भन्याको गर्नाकन राजा भनि थापना गऱ्याका हो । जौन राजाबाट थिति वांधी थिति थामन सकेनन् उन राजाको राज्यमा वन्दोवस्त रहोइन । जाहां वन्दोवस्त रहँदैन. वहाँ जथाभावि हुनु जाँदा नीतिको अनीति हुन जांछ । अनीतिले सुष पनि होइसक्दैन । धर्म पनि नष्ट हुन जाला । धर्मको थिर भयापछि सुभिक्ष. सुभिता. राजा प्रजालाई हवस भन्ना निमित्त थिति वांधी पछिसम्म जस नाम रहन्या काम गरि थिति वांधी चलाउँदा भया । धन्य भंनु यस्ता राजालाई भन्नु । वहुत ज्ञानि वडा सामर्थि धर्मचित्त थिर भयाका यस्ता राजा जयस्थिति मल्लले प्रजा प्राणीहरूलाई दु:ख छुटाइ. सुष हवस् भन्नार्थले र जुग जुग किताप ज्यस नाम गर्नाकन देसदेशावरबाट धन्य धन्य कहाई सबबाट व्यवस्थाको स्थिति बनाइ धन्य कहाया । जयस्थिति मल्ल धन्य हुन् ।

अस्य पुत्र यक्ष मल्ल वर्ष २० । इन राजाले शंकराचार्यदेषि चलायाका दक्षिण भट्ट ब्राह्मण पशुपतिनाथका पूजाहारिकन सुसान्या र पशुपतिका भंडान्या देवपट्टनका नेवारलाईं राषिदिया । अस्य पुत्र ३ ज्येष्ठ राय मल्ल माहिला रण मल्ल. कांछा रत्न मल्ल जेष्ट राय मल्ल भक्तपूरका राजा भया । भोग वर्ष १५ । माहिला रण मल्लले वनेपूर जाइ सात ग्रामका राजा हुन गया । भोग वर्ष २१ । इन राजाका पालामा वनेपूरका नेवार एक कोहि तैलकार मोहनसिंहलाई देवीले स्वर्ण महिषसिर दियछन् र श्री पशुपतिनाथकन अघि नभयाको चांदिका कवच बनाई अनेक हिरा आदि जवाहर पत्थर जडि संहार एक मुषि रुद्राक्ष सहित गरि कवच चह्लाया । नेपाल संवत ६२२ सालमा मोहनसिंहले कवच चह्लाउँदा तेलका साल एक चह्लायाको कान्तिपुरमा छँदैछ । यस तैलकारलाई धर्म गर्नकन धन दिन्या कौमारिकुण्डका देवी हुन् । इ रण मल्लका संतान भएन र वनेपूरका राजधानि यत्तिकैले हो । कांछा रत्न मल्लले जेठा दाज्यू राय मल्लसित विरोध भाव परस्पर गर्न लाग्या । किन-भन्या इनका कुलमा. तुलजा जगाउन्या मंत्र प्राणत्याग हुन्या समय विना अरू कालका लिन हुन्या रित थियन र रत्न मल्लले आफ्ना वावाका प्राणत्यागका बेलामा दाज्यूकन छलकार गरी वावुदेखि कुल दुर्गा तुलजा जगाऊन्या मंत्र पायाको थियो र जेष्टक्रमले हुन्या हो तैंले मलाइ छलीस् भनी रिस गर्दा दुबै भाइका परस्पर चित्तमा विरोध भाव हुन गयाको थियो । यस्तै वषतमा कांछा रत्न मल्लकन, तिनै मंत्रका प्रभावले श्री नील तारादेवी प्रसन्न भै स्वप्नदिये देवीबाट हे राजन् तिमि कांतिपुर जाउ १२ ठकुरिहरू जिति राजा हुन पाउला भनी आज्ञा प्रसन्न हुँदा रत्न मल्लले देवी बाणी हो भनी निश्चय ठहराइ प्रातकालैमा उठि निलतारा देवीका स्थानमा जाइ दर्सन गरि सरासर कान्तिपुरमा आइ वाह्र १२ ठकुरिका पेक मुष्य काजिका घर पुगी एकांत पाइ तिनलाई देवीले आज्ञा भयाको वचन भन्दा देवी अनुग्रहका प्रभावले ति काजि रत्न मल्लका वसमा आइ काजिले हवस् म जुक्ति गरूँला भनी राजपुत्रकन गुप्त गरी राषि बाह्र ठकुरिहरूकन येस काजीले षान्या वस्तुमा विष राषि भोजन गराइ बाह्रै ठकुरिकन मारी रत्न मल्लकन राजा गराया । इ रत्न मल्लकन आफ्नु हुकुम बेस ररि चलाई रहँदा एक दिन मनमा यस्तो समझ्या कि मेरा निमित्त यस काजीले आफ्ना विश्वासि वैश्य ठकुरिहरूकन विष षुवाइ मान्या । अनविश्वासि पापी काजि रहेछ : यसको मन नपऱ्या मलाई पनि राष्न्या छैन भनि ठानि तेस वैश्य काजिकन राजा रत्न मल्लले जमलोक पठाया ।

**सर्पो व्याघ्रस्तथा राजा नहि विश्वासजातयः**
**येषां विश्वासतो मन्ये शीघ्रं नश्यंति जतवः ।**

यहांपछि इन राजा रत्न मल्लले प्रजाहरू हातमा लि तावाखानिबाट तावा मगाइ छाप बनाइ अघिका सिंह-

छाप मनाहि गरी पैसाका चलन नेपालभरमा चलाया । इ रत्न मल्लले राज्य गर्दा समय कुकु नाम भोट्या देवान् आदि भोट्याहरू धेरै आइ दुःष दिया र तिह्लौतिया ब्राह्मण चार जना नेपाल जाइ आफ्ना सिष्य सेन राजासंग मागी उनका लस्करलाइ ल्याइ भोट्याहरूकन मान्या । इनदेषि षसहरू चार थरिकन षेत विर्ता दिकन जगा जगामा राष्या । फेरि रत्न मल्ल राजाले ति तिह्लौतिया ब्राह्मणहरू चार-जनालाइ षिल्लत् दि आफना स्वस्थानमा पठाया । कुकु नाम भोट्यालाई मान्यापछि उस ठाउँको नाम कुकु स्थाना जोल भनी नाम रहिगयो । इनै वर्षमा जवन भन्याका मुसलमानहरूको नेपालविषये प्रवेश भयो । फेरि इन राजाका पाला मध्येशदेषि सोमेस्वरानंद नाम षोढान्या-सि यक स्वामि आया र तन्कन श्रीपशुपति नाथका पुजाका जोग्य ठहराइ पूजाहारि गरिदिया । शंकराचार्य स्वामिले रित चलाइ गयाका पुजाहारि दक्षिणी भट्ट ब्राह्मण मात्र हुन् । इन राजाका पालामा स्वामि पुजाहारि भया । इ स्वामि सुकुमार हुनाले इनकन टहलुवा विना ज्यादा कष्ट होला भनि वनेपूरका थरि २ जातलाइ भंडान्या गरि राषिदिया । पैलेका भंडान्या सित पालो गरी टहल गराया । फेरि देवताका रक्षक निमित कांतिपुरका नेवार २ थर ल्याइ विशेत नाम गरी राषिदिया । इ विशेतहरू भंडान्या-हरूमाथि डिट्ठा गरी राषीदिया । फेरि इनै स्वामिकन गुरुपदवि गरी देशरक्षानिमित्त दक्षिणकाली आवाहन गरी पशुपतिनाथका नैर्ऋत्यकोणमा पारि नव ग्रहसंधिमा मातृका गणसहीत गरि स्थापना गराया । फेरि स्वामीका आज्ञाले भंडान्याहरूकन पैले वौधसंधिमा देविकन नदेषाइ तेही स्थानमा प्रतिवर्ष इष्टदेवता गरी देवालि पुजा गराया । फेरि इनै स्वामीका आज्ञाले विशेतहरूकन पचलिभैरव-संधि म तिलि स्थानमा मंत्रेश्वरि देवीकन प्रतिवर्ष इष्ट-देवता गरि देवालि पूजा गरि मनाया । इ स्वामिले धेरै वर्ष श्रीपशुपतिनाथकन नित्य पूजा गरि मातृकासंधि स माधि राषि प्राणायाम गरि ब्रह्मद्वार षोलि शुन्यमा गया ।

इ रत्न मल्ल राजासित तुलजा जगाउँन्या मंत्रसिद्धि हुनाले तारादेवता संधि शुक्ष्म मंदिर वनाइ तुलजा स्थापना गराया । इन राजाका पालामा नुवाकोटवासि वैश्यठकुरिहरू स्वाधिन गरि राज-राजेश्वरी देविका चित्रकारी कर्म गराया । नेपाल संम्वत् ६११ साल वैश्य ठकुरिहरूले कुल गर्न लाया र ति वैश्य ठकुरिहरूमाथि धेरै सिपाहि पठाइ लडाजि गरि जिति नुवाकोटका फलफूल आदि ल्याइ श्रीपशुपतिनाथकन चढाया । राजा रत्न मल्लले वर्ष ११ रजाइं गरि सांत भै गया ।

अस्य पुत्र अमर मल्ल वर्ष ११। इन राजाका पालामा वनेपूरका कुह्मालहरूले अनन्तनारायणका मूर्ति पशुपतिनाथका मंदिरभित्र स्थापना गरूं भनि विन्ति गर्दा ठाउँ दियनन् र रातृमा आई एकै रातविचमा वछ्लादेवि संधिमा स्थापना गरि वनेपूर फर्किगया । इनै राजाले भुवनेश्वरीका पुजाहारि मुम्नी आचार्य मंत्र शास्त्रमा वडो प्रवर हुनाले तनसित सम्मत गरी मंगलेश्वरी भुवनेश्वरी जयवागेश्वरी वछलेश्वरी पशुपतिनाथ षुसिनिमित वडो असंभाव गरी लोकमा धन्य कहाइ नौ प्रकार काठ वनाइ मुशल श्रृंषला त्रिशूल ३ खड्ग बलि छल पाश इत्यादि संयुक्त गरि कुमार कुमारीहरू नौ जनालाई रथमा चढाइ शरिर छिन्नभिन्न गरि आषाढ कृष्ण अष्टमीका दिन इसानेश्वर प्रदक्षिणा गराई देशमध्ये प्रतिवर्ष यात्रा गराया । नेपाल संम्वत् ६२७। इ मुम्नी आचार्य अतिगुणी जन तंत्रशास्त्रमा प्रवल हुनाले मृत-संजीविनी लीन जांदामा लोप भैगया । फेरि इन राजाले दुर्गासित संग आउन्या राजवैद्यका संतान फर्पिङ ललीत-पट्टनमा वस्याकालाइ मगाइ देवपट्टनमा नवग्रहसंधि मूल-स्थान गरि कान्तिपुर ललितपट्टन (ललितपुर) सहर भोग गरि बस्या । इनहरूका कुलदेवताकन जगा बनाइ वसाग्रा । इन राजाले देवताहरूका नित्य सेवा गरि यात्रा प्रतिवर्ष गरि षुसिसंग गुणिजन षोजन गरी कांतिपुर ललितपट्टन दुवै सहर भोग गरि वस्या ।

## अथ भक्तपुरको महिमा

राय मल्लकस्य पुत्र सुवर्ण मल्ल वर्ष १५। इन राजाका पालामा अनिकाल आइ ६३३ साल नेपाल सम्वत्‌मा यस्तो दुर्भिक्ष हुंदा भक्तपुरका प्रजाहरू चारै दिशा फिंजिया । इन राजाले भाइसित विरोधभाव गरी भक्तपूर वनेपुर २ देशको भोग गरी वस्यामा कान्तिपुरमा राजाले अनेक देवि गणका यात्रा नाच बनाइ वर्षप्रति गर्न्या रित चलाया भनी सुनी गुणीजनका द्वाराले नवदुर्गा गणमा अनेक विधान प्रमाण गरि नाच प्रारम्भ गराया । फेरि वोडेमा पनी महालक्ष्मीदेवी वडो नेम गरी नाच प्रकाश गराया । फेरि आफना लगापातमा भैरह्याका देशका टोल ग्राम संमभाग गरि भोग गर्‍या । ग्रामहरूका नाम ठेमि नकदेश वोडे सांषु चांगु इत्यादिले गरि वनेपुर आदि सात ग्राम भक्तपुर राजधानि सहर सम तिन भाग क्रम गरि भोग **गरी सांत भै गया ।**

अस्य पुत्र प्राण मल्ल वर्ष २१ । अस्य पुत्र विश्व मल्ल वर्ष १५ । इन राजाका पालामा देवपट्टन आइ कान्तिपुरका राजाकन वुझाइ नारायणहरू चारै दिशाका यथाक्रमले आह्वान गरी देवताहरूका प्रभाव प्रमाण गरि पशुपतिनाथका चारै दिसामा यथाक्रमले वसाया । जलसयनका साटो वासुकीकन मान्या । इनै राजाका पालामा पशुपतिमा चांगुनारायण प्रभृति चारै नारायण आवाहन गरि मूर्ति स्थापना गर्‍याका सालमा ठुलो वर्षा भै पर्वत पहिरो आइ इचंगु नारायणका स्थानकन ढाकिदा यसै समय सहस्र शिवानन्द ब्राह्मणले विष्णुमतिमा वगाइ ल्यायाका नारायण मूर्तिकन पाया र इनै मूर्ति इचंगुमा स्थापना गर्छु भनि पहिरो भत्कि छोपियाको पन्साइ हेर्दा अघिकै नारायणका आसन पाइ अग्र भागमा विचार-पूर्वक स्थापना गरिदिया ।

अस्य पुत्र त्रैलोक्य मल्ल वर्ष १५ । अस्य पुत्र जगज्जोतिर्मल्ल वर्ष १५ । इन राजाका पालामा पूर्ववाट एक गेडा मकै दर्वारभित्र ल्यायाको माससित मिसि आया र कोहि गुणीजनकन देषाउँदा गुणिकजनले यो मकै दुर्भिक्ष गर्न्या वस्तु हो भनी पूर्वैतिर पठाइ शान्ति निमित्त ब्राह्मण भोजन गराउन लाया । फेरि इन राजाकन तुलजा भवानिबाट ब्रारंबार सुन्दरी स्त्रीका स्वरूपले दर्शन दिंदै रहंथिन् । कोइ दिन राजाले पाप मति चिताया र देवी अदर्शन भै गइन् । ताहांपछि इन राजाले भक्तपुर सहरमा आदि भैरवकन रथारोहण गराइ पूजा मान्य गरि जात्रा गराया । ठुलो लिङ्गाकार बनाइ शत्रुहंताक्रमले लिङ्ग ढालि टोलप्रति गणेशहरू दुर्गाहरूकन रथारोहण गराइ मेष संक्रान्तिका दिन विस्क्याट नाम गरि प्रतिवर्ष यात्रा गराया । फेरि इनै राजाले आफ्ना जग्गा ठेमि आदि ग्रामहरूमा पनि अनेक देवताका रथारोहण गरि यात्रा गराया । भक्तपुरमा कालिदेवीकन रथारोहण गराइ. भैरवनाथकन अन्य शक्ति विषये गमन इक्षा गरियाका लीला भावले कालीका रथ र भैरवका ......रथ अथ परस्पर प्रहार गराया । इ भैरवनाथका रथ बनाउँदा पांग्रा बनाउनालाई कांतिपूरका राजासंग बक्साइ श्लेष्मान्तक वनका रूपको बनाउनु भनि पशुपतिनाथकन मानि देवपट्टनका रकमिकन षाजा दि जिर्ण भै पांग्रा फेर्नु पर्दा लिन्या गरी रीत चलाया ।

अस्य पुत्र नरेश मल्ल वर्ष २१ । अस्य पुत्र जगत् प्रकाश मल्ल वर्ष २१ । इन राजाले देश पूर्वपट्टि हनु-मति नदि विषे हनुमान साधना गरि ठुलो घाट वनाई धेरै कीर्ति गरि मूर्तिहरू स्थापना गरि सांत भै गया ।

अस्य पुत्र जित मल्ल भुपतिन्द्र मल्ल वर्ष । इन राजाले पांच तला देवालय उच्च गरि बनाई ईश्वरिकन विधानपूर्वक स्थापना गर्‍या । तहाँपछि श्री भैरवनाथका देवालय बनाई दिया । श्री तलेज्यूका स्थानमा सुनको छाना बनाई सुनका पक्का घर गजुर बनाई मूलचोक सुन्दर गर्‍या । विश्वजात्राका रथ अघिकाभन्दा ठुलो गरि बनाई दिया । फेरि आफ्ना मूर्ति बनाई षम्वमाथि स्थापना गरि श्री तलेज्यू प्रीति गरि राषिदिया । यस षम्वालाई कारिगरहरूले षडा गर्दा षम्वा भाचिन गयो र राजा वहुतै मन्मा फिक्का गरी पछिबाट काठमाडौंका राजासंग तैलकार मागी ल्याइ काम लाउँदा कान्तिपुरका तैलकारहरूले जोरि षडा गरिदिदा वहुतै षुसि भै तैलकार-हरूलाइ षिल्लत गरि पठाया । फेरि ठुलो घंट बनाई दरबार अगाडि राषि श्रीतुलजा भवानि प्रिति गरिदिया । तिनफेर कोटचाहुति जज्ञे गरि शांत भै गया ।

अस्य पुत्र श्रीरणजीत् मल्ल वर्ष ३३ । इन राजाका पालामा गोर्षाका राजा पृथ्वीनारायण साह आई चाकरि गर्न आया । भक्तपूरका राजाले उन्का सुराई और बुद्धि देषि षुसि भै आफ्ना पुत्र वीरनृसिंह मल्लसंग मित्रता गराई पुत्र भनि प्रीति गरि राष्या । यसैं समय दसैंमा कौमारिकन पुजा गरि भोजन गराई कौमारिका हातबाट एक नील कमलका फुल राजाकन दिनुपर्न्या रित अघिदेषि चलायाको थीयो । सोई पुष्प भक्तपूरका राजाकन नदी उन्का आसपास रह्याका पृथ्वीनारायण शाहकन दिइन् । तहाँपछि भक्तपुरका राजा प्रजा सबैले नेपाल इनैकन सौप्या भनि भन्न लाग्या । पृथ्वीनारायण साहले ३ वर्षसम्म रहँदा भक्तपुरका राजाबाहेक अरू-लाई गम्य नभयाको फुल प्रसाद कौमारिका हातबाट पाई नेपालका चालचलन सब बुझि विदा भै आफ्ना स्वस्थानमा गया । भक्तपुरका राजा रणजित् मल्लले भैरवका देवालयमा सुनका छाना वनाइ दिया । दर्वारमा पनि आवरणसहित देवताका मूर्ति प्रकाश गरि सुनका सुंदर दर्वाजा वनाया । फेरि दर्वारभित्र धेरै चोकहरू वनाई दर्वार वढाया । दवारवाहिर ठुला नगरा २ वनाई ईश्वरि प्रीति गरि नित्य वजाउन लाया । यस्ता तरहसंग कीर्ति वढाई प्रजाकन षुसि राषी अनेक शास्त्र ग्रंथहरू चिकित्सा प्रमाणका औषधिहरू अन्न धन इत्यादि अनेक

जात जातका वस्तुको संग्रह गरि कोटचाहुति यज्ञ गरि अन्तमा गोर्षाका राजाकन प्रवेश गराई आफु कासिबास जांछु भनि जाई काशी क्षेत्रमा प्राणत्याग गऱ्या । रणजीत् मल्लका पुत्र वीरनृसिंह मल्लले राज्यभोग गर्न नपाई वस्या । इनदेषि सूर्यवंसि राजा नेपालपूरिमा शुन्य भै गया । तुलजा भवानिकन नेपालपुरिमा प्रवेश गराउन्या राजा हरिसिंह देवदेषि रणजीत् मल्लका छोरा वीरनृसिंहसम्म २३ पुस्ता । हरिसिंह देवका पुर्षा नान्यदेव राजादेषी पांच ५ पुस्ता थपदा जंमा पुस्ता २७ राजा भै अठाइसौ २८ पुस्तामा राजा शून्य भै गयाका हुन । सूर्यवंशका राजकुलमा अयुध्या नगरीका राजापछि छुट्न गयापछि सूर्यवंसि रजपुतथानदेषि पतित भै अनेत्र देश देसांतर जाई वस्या । इनहरूमध्ये येक नान्यदेव भन्याका सूर्यवंसि रजपुतले श्रीतुलजा भवानीका अनुग्रहले तुलजा भवानीकन पुजा भक्ति भाव गर्न पाउदा राजा भया । केवल इनै श्रीतुलजा भवानीका अनुग्रहले सूर्यवंसि नान्यदेवका वंशमा २७ पुस्ता सम्म राजा भै राज्यभोग गर्न पायाका हुन् । अठाइस् पुस्ता लाग्दा नेपालमा सूर्यवंसि सून्य भै गया ।

**अथ कान्तिपूरका महिमा ।**

रत्न मल्लका छोरा अमर मल्ल वर्ष । ४७ इन राजाले प्रथम हरिसिद्धिका परापूर्वदेषिका त्रिशक्ति देवि प्रमुष शुत्रवीरले नागेन्द्रलाई वध गऱ्याको शास्त्रोक्त प्रमाणका नाचकन ठूलो सम्मान गरि जगाई कान्तिपुरमा नचाइ नृत्यलीला वनाई नृत्य गराया । हरिसिद्धि नाचका हातिका दोषले अन्न घटाया भनि सहकाल निमित्त षोकना रुद्रायणि देविका नृत्यलीला वनाइ नृत्य गराया । फेरि जमाल पर्वतवासि हरिचोक देविका नृत्य वनाइ चलाया । फेरि मनमयजु इन्द्रायणिका नृत्य मात्रीका शक्तिसहित गरी नृत्यलीला वनाइ चलाया । फेरि पचलिभैरवका नृत्य दुर्गागणसहित गरी नृत्य चलाया । फेरि कंकेश्वरि कालिदेवीका नृत्य मातृकागणसहित गरि चलाया । फेरि लुमडि माइ महाकालीका नृत्य आवर्ण गणसहित गरि वनाइ चलाया । फेरि कान्तिपुर सहरभित्रका नटेश्वरिका नाचमा श्वेतकालि वाराहि भैरव चंडेश्वरि प्रमूष गरि चन्द्रासुर दैत्य वधका लीला गरि गणावरणसहित गरि नृत्य वनाइ चलाया । येस नाचमा किर्तिपूरका-वाघभैरव आवाहन गरि (धुचा) व्याघ्रिनी वनायाको हुनाले किर्तिपूरमा नचाउनु नजानु पर्न्या गरि रित चलाया । इन राजाले गुणिजनकन नजीक राषि अनेक स्थानका पीठ जगाई पूजा मान्य गरि देविगणहरूका नृत्यलीला वनाई प्रतिवर्ष नृत्य चलाई आनंद सित राज्ये गरि रहँदा कोइ समयमा यक दुर्जन मानिसले कंकेश्वरिका नृत्य प्रकाश हुन्या वेलामा मनुष्य पशुरूप गरी सन्मुखमा रहँदा देवी कोप भै नरवलि भक्षण गऱ्या र यहाँउप्रान्त यस्ता तरहसंग नृत्य कठीन होला भनि ठानि कंकेश्वरिका महाकालिकन पुजा मान्य गरी शांति गरि चलाया । अद्यपर्यंत्त यो रित छंदैछ ।

इनै राजाले फेरि लुमडि माइ कंकेश्वरि कालि लुचु भलुदेवि आदि देवताहरूकन रथारोहण गरी चैत्र मासमा प्रेतचतुर्दशिका दिन यथाक्रमले गरि रथारोहण गराई सहरमा यात्रा प्रतिवर्ष चलाया । इन राजाले राज्य गर्दा अम्वल गऱ्याका सहर ग्रामहरूका नाम कांतिपुर राजधानि सहर ललितपट्टन सहर वा ग्राम हरिसिद्धि ग्राम लुभु ग्राम. सानागाउँ ठेचो सुनागुठि चंपाग्राम फर्पिङ मच्छिंद्रपुर किर्तिपुर षोकना पांगा थानकोट वलंबु. सतंगोल हरिचोक फुतुग्राम धर्मथलि टोषा. चपलिग्राम. भूतलग्राम धलग्राम चुकग्राम गोकर्ण देवपट्टन नंदिग्राम नंदिसार सालिग्राम एति ग्राम नेपाल षाल्डाभित्रको भोग गरि राजधानि सहरमा रहँदा राजाले गुणि पण्डितजनहरूसित सोधन लाग्या । इ ग्रामहरू कैलेदेषि वन्याका हुन् भनि सोधदा गुणि पंडितहरूले वतायां । हेराजन् यी ग्रामहरू अघि अघिका राजाहरूले वनायाका हुन् । इ ग्रामहरू मध्ये इ ग्रामहरू र ब्राह्मण पुत्रिका मातृकाहरूकन दान गऱ्याका हुन् । कोइ देवताका आज्ञाले वनायाका कोइ देश र अघिका ठुला देश उजरि सेष र ह्याकोमा वनियाका नंदिसार नंदिग्राम मालिग्राम इ तिन ग्राम परापूर्वदेषी मुख्य सहर विसालनगरका सेषमा वनियाका हुन् । यहि मध्ये मालीग्राम इनै राजाका पालामा आगो लागि उजरि गयो र नंदिग्राम संधि वनाया । चांगुनारायणका आग्याले स्वस्थान पर्वत दोलागिरिविषये सात सय घर वनाई प्रजाकन राषिदिया । अघिका राजा संकरदेवले वज्रयोगिनी देविकन संषका आकारले देश वनाइ देविकन प्रीति गरि शान्त भै गया ।

अस्य पुत्र सूर्य मल्ल वर्ष ५१। इन राजाले भक्तपुरका राजाले अम्वल गरि राष्याको देश चांगु संषपूर दुइ देश वलात्कार गरि मिचि आफ्ना राज्यसंग मिलाई भोग गऱ्या । केहि वर्ष संषपूरमा बसि-वज्रयोगिनी देवीकन प्रार्थना गरि देविका आग्या पाई वैशाष पूर्णिमाका दिन अष्टदिवस पर्यंत्त पञ्च प्रकार रथमा श्रीवज्रयोगिनी. योगेश्वर

महाकाल भैरव सिंघिनी व्याघ्रिनीकन रथारोहण गराई स्थानदेथि ४ दिनअघि संषपूरमा ल्याई पूर्णिमाका दिन मूलयात्रा गरि वडो उत्साह गरि देश घुमाई चौथा दिनका दिग स्वस्थानमा लैजान्या रीत गरि प्रतिवर्ष यात्रा गराया। इन राजाले वज्रयोगिनीका जात्रा वनाई वर्ष ६ सम्म संषपूरमा वास गरि राजधानि सहर कांतिपुरमा आयाका समये वाला नाम एक कोइ सुद्र जाति राक्षस नररूप भै जनम लिन आयाका हुनाले. मृतक जलाउंदा नरमांस चोरि षायो र विकट दंत निस्की भयंकर दैत्य स्वरूप भै आयो । प्रजाहरू मरण हुदा वेलामा संस्कार गर्न निमित्त लैजांदा वाटामां स्मसानमा मुर्दा षोसि वलजफत गरि मृतमांस षाइ नित्य मृतक मांसहरू आहार गरि दुःख कष्ट त्रास प्रजाहरूकन दिंदा वाला दैत्य भनि सव मानिसले भन्न लाग्या । राजा सूर्य मल्लले आफ्ना पालामा एस्ता तरहको राक्षस रूप भै प्रजाहरूका दुःख दि उपद्रव गऱ्याको देषि क्या जुक्तिसँग यस राक्षसलाइ मार्न्याहो भनि विचार गर्दा तेस वाला दैत्यको अघि नररूप छँदाको मित्र एक कोइ तेलकार थियो। उसलाइ वुझाइ मनवेगी लोहका शस्त्र वनाई युक्तिसंग पठाई वाला दैत्यलाई वध गराया । ताहाप्रांन्त पछि राजाले तेस वाला दैत्यलाई मारिदियो भनि षुसि भै तैलकारहरूकन अघि नभयाको मृतकको मरणकालमा वाद्य वजाई लैलानु भनि वाजा सिरोपाउ दिया । वाजा अद्यापि तैलकारहरूलाई छंदैछ।

अस्य पुत्र नरेन्द्रदेव मल्ल वर्ष ५। इन राजाका पालामा देवपट्टन वासिं नेवार कोलोषा नाम गऱ्याको थियो । तेसले धेरै दिनसम्म नित्य चांगु जाई नारायणका दर्शन गरि सेवा गरि रहँदा यक दिनमा मनमति ठुलो वाढि आयो र तरि जान नसकि मनमा वहुतै फिक्का गरि मैले धेरै वर्षदेषि सेवा नित्य गरि रह्याको आज मैले दर्सन पाइन भनि रहँदा. ईश्वर नारायणका अनुग्रहले आकाशवाणि भयो । हे कोलुषा अव तैले नित्य चांगु पुग्नु पर्दैन । यो मेरा मूर्ति वगाई ल्यायाको तैले लैजाइ देवपट्टनमा चक्रकुंड स्वयंभु ब्रह्ममूर्ति संधि स्थापना गर भनी यस्ता तरहका आकाशवाणि सुनि तेस भक्त जनले मनमतिमा हेर्दा जलविषय श्री लक्ष्मी सरस्वतीसहित श्री भगवान् नारायण सिलामूर्ति देष्यो र उठाइ ल्याइ ईश्वरका आकाशवाणि प्रमाण ब्रह्ममूर्ति संधिस्थापना गरि कृष्णाष्ठमिका जागरणपूजा अनेक गुठी राषि दिया । नारायण अद्यापि छँदैछन् । इन राजाका पालामा अघिका त्रिशूलयात्रा रक्षानिमित्त गुठी राषिदिया। भुवनेश्वरिका देवालय जीर्णोद्धार गरि अघिको भंदा वढाइ वनाई दिया।

अस्य पुत्र महेन्द्र मल्ल वर्ष ४३। इन राजाले आफ्ना दर्वार उत्तरपट्टि श्रीपशुपतिनाथका आज्ञा पाई पशुपतिका उपमाले देवालय वनाइ सिव स्थापना गऱ्या । महेन्द्र मल्लले स्थापना गर्नाले शिवका नाम महेन्द्रेश्वर हुन् । पशुपतिनाथका आज्ञाले वनायाका हुनाले पशुपति भनि नाम प्रष्यात गऱ्या । फेरि दरवारका समीपमा सो कोटिलिंगेश्वर महादेव स्थापना गरि सिघै देवालयमा सुनले छाप्या। त्यस देवालयको नाम कोटिलिङ्ग भनि भन्दछन्। फेरि स्वेतहँस वाज डिल्लीका वादसाह अकवर साहकन सौगात पठाया ।

ति बादसाह कस्ता हुन् भन्या बिक्रम सम्बत् १५८९ माघ शुक्ल १२ का दिन तपसि मुकुन्द नाम ब्रह्मचारिले सुखभोगको निमित्त तिर्थराज प्रयागमा फाल हालि प्राणत्याग गरि दिल्लिका वादसाह तैमुरका कुलमा हुमायुको पुत्र भै वेगम सुलतनि हामिदेका गर्भवाट विक्रम संम्वत् १५९० साल आदित्यवारका दिन पैदा भया । अघि इनका वावा बादसाह हुमायुलाई डिल्लिका तष्तवाट सेरसाहले निकाल्दा भाइहरूका दुष्टवुद्धि हुनाले र सरदारहरू निमकहराम हुनाले बहुतै दुःष पाया । यस्ता तरहसंग पतित भयाका वादसाहले पुत्र जन्म भयापछि पुत्रको लक्षणका प्रभावले इरानका वादसाह तामास्यको मदत पाइ फेरि आफ्नो दिल्लितष्तको अधिपति हुन पाग्या । तपसिले अवतार लिमाको हुनाले तैमुरका घरानमा यतिका वडा वादसाह संसारमा जस किर्ति प्रष्यात भयाका प्रतापी अरू कोई बादसाह भयनन् । इनै वादसाह अकवरले विक्रम संम्वत् १८५० मा ३ साल तषत्मा बस्यापछि कोई वषतमा सौगात पठाइ वादसाह षुसि गराई ६ मासाका छाप वक्साइ ल्याइ आफ्नो नामको टक वनाइ छाप मारि महिन्द्रमल्लि कहाइ भरमुलुकमा चलाया । फेरि जवत भन्याका मुसलमानहरूकन कान्तिपुरमा घरखेत विर्ता दि बसाया । फेरि इन राजाले तुलजादेविका आदिस्थान भक्तपुर हो भनी नित्य जाइ तुलजामूल मंत्र जपि दर्शन गरि फर्कि आउंथ्या। यस्तै तरहसंग नित्य धाइ सेवा गर्दा श्री तुलजा भवानि प्रसन्न भै स्वप्नविषे हेराजन् तं जहासम्म नित्य धाउनुपर्दैन । यस स्थानको गजुर ताहांका स्थानको द्वार बरावर समसुत्र प्रमाणले उच्च गरि जग वसाई यात्राकार आवरण देवताले संजुक्त गरी देवालय वनाउ र म कान्तिपुरमा

आइ तेस मन्दिरभित्र प्रवेश गर्न आउंला भनी आज्ञा प्रसन्न हुंदा राजा महिन्द्र मल्ल अत्यंत षुसि भै मषन ढवलीदेषी दक्षिण तानादेवदेषि पश्चिम झोछेदेषि उत्तर प्याफलदेषि पूर्व यति चार सिमानाभित्र जगा ठहराई श्री तुलजाको देवालय वनाउन आरंभ गर्दा दिनभरि वनायाको रातभरिमा नासि राषन्या । एस्तै तरहसंग दुष दिंदा कारिगरहरू पनि थकित भै गया ।

ताहांपछि राजाले क्या कारण यस्तो भयो भनि विचार गर्दा तानादेवले आफ्ना स्थान भंदा उच्च गरि देवालय वनाउन लाग्या भनि विचार गरि दियाको रहेछ र ति तानादेवलाई राजाले भाष्या २१ गजुर ३६० रांगावलि चह्राउंला भनी भाष्या । उप्रान्त निर्विघ्नसित यंत्राकार सुन्दर देवालय सिद्ध भयो । ताहांपछि अघि तानादेवलाइ भाष्या मध्ये तानदेवलाई ५ गजुर चह्राई वांकि गजुर चाकलदेवल १६ मा राषिदिया ३६० रांगामध्ये तानादेवलाई १ रांगा मात्र चढाई ३५९ रांगा दसै मास सवै देवतालाई पूजा गरि वलिदान गऱ्या । तुलजा भवानीका देवालयलाई ५ गजुरे मखनडवलि ढाकऱ्या गरि वनाइ चह्राई सुवर्णले छाना छाईदिया । तहांपछि नेपालि सम्वत् ६८४ साल मिति माघ कृष्ण १० दसमि तिथि सोम वार अनुराधा नक्षत्रका दिन वढिया मुहुर्त पारि कोटचाहुति यज्ञ आरंभ गरि यथाक्रमले सवै देवता आवाहन गरि प्रतिष्ठा कर्म्म गरिरहंदा श्री तुलजा भवानि भ्रमरस्वरूप भै आई देवालयभित्र प्रवेश गर्दिभइन् ।

ताहांपछि राजा वहुतै कृतार्थ भै वडो उत्साह गरि धेरै ब्राह्मणहरूकन विर्ता दक्षिणा दि देवालय प्रतिष्ठा गराया । तस दिनदेषि कान्तिपुरमा सवै जनाले ठुलो उच्चा उच्च घर वनाउन पाया । फेरि इन राजाले पशुपतिनाथकन चार नाग चांदिका वनाई चारै मुखकन चह्राया । अद्यापि छंदैछन् । इ नागराजा वडा प्रतक्षका हुन् । फेरि पशुपतिनाथ तुलजामा धेरै गुठ थपि पूजा गहना ईश्वरप्रीति गरि धेरै धर्मकीर्ति यस जगतमा प्रष्यात गरि अंतमा शांत भै गया ।

अस्य पुत्र सदाशिव मल्ल । दोश्रो पुत्र शिवसिंह मल्ल वर्ष २५, सदाशिव मल्लले कुसंगको संग गरि धेरै घोडाहरूको वथान् तुल्याइ छाडि पठाई प्रजाहरूका बालि षुवाई वहुतै दुःख दिया र प्रजाहरू सबै हाहाकार गराया । फेरि वडावडा यात्राकालमा हेर्न आउन्या सुंदरि स्त्रिहरूकन पनि जवरदस्ति गरि लगी धेरैलाई विगारिदिया र प्रजाहरू सबै मिलि नोल मुद्गरहरू ली राजा मनोहरातिर षेलन जांदा नोल मुगर ढुंगाले प्रहार गरि भक्तपुरमा भगाया । इ राजा वहुतै उपद्रव गरि प्रजाकन पिडा दिन्या हुनाले भक्तपुरका राजा नरेश मल्लले यक चोकभित्र राषि वंद गरि षान दी राषिदिया । केही दिनपछि तेही चोकमा लोप भैगया । सदाशिव मल्लका चोक भनि प्रष्यात भैगया ।

वहां उप्रांत नोल मुद्गर समात्न्या प्रजाहरू सबै मिलि दाज्यू सदाशिव मल्लकन भक्तपुर तीर भगायापछि तिनै प्रजाहरू सवै मीलि भाई सिवसिंह मल्लकन राजा गराया । ई राजा वडो ज्ञानी हुनाले दक्षिण महाराष्ट्र देशदेषि लक्ष्मीनारायण नाम लम्वकर्ण भट्ट ब्राह्मण नेपालपुरिमा आई कुलेश्वरमा बसी राजा सवकन हेरि देशका लक्षण विचार गरि सहरभित्र प्रवेश गरि राजासंग भेट गऱ्या । राजाले विचार गर्दा सन्त पुरुष ठहराई वहुतै सन्मान गऱ्या । ताहाँपछि राजाले ति लम्वकर्ण भट्टकन गुरु गरि मंत्र दान लिया । इनैका मंत्रका प्रभावले ललितपट्टनका वैश्य राजाकन जिति दुवै शहर भोग गऱ्या । गुरुका आग्याले कांतिपुर ललितपट्टन दुवै शहरमा देगुतलेका देवालय बनाई यथाक्रम विधानपूर्वक वाह्याभ्यंतर गरि श्री ईश्वरिकन स्थापना गऱ्या । फेरि नेपाली सम्वत् ७०५ आषाढ कृष्ण ५ मा कांतिपुरका चिकंमुगलमा इनै भट्टले आगम श्री वज्रयोगिनीका रहस्य ध्यानले गरि स्थापना गरिदिया । ललितपट्टनमा पनि स्थान बनाइ आगमहरू गणेशका मूर्तिहरू स्थापना गरिदिया । इ लम्बकर्ण भट्ट वहुतै मंत्रशास्त्रमा प्रवीण सामर्थवान् हुनाले घर षेत विर्ता दि कांतिपुरमा वास गराया । फेरि तिह्नौति पंडीतहरूले वेस पढ्याका हुन्छन् भनी चार थर ब्राह्मणहरू षिशे बार कर्मट्ठेस कोनप नरवारय भन्याका यति ४ थरकन सि-न्हौतबाट झीकाइ घर षेत विर्ता दी पुत्र परिवारसमेतलाई कांतिपुर आदि सहरमा वसाया । इन दिन नेपालमा तिह्नौतिया ब्राह्मणहरूको पूर्ण प्रवेश भयो । फेरि राजकुमार-हरूकन मैया लिन पनि तिन्हौतिया भैगया । मैयाहरूसित डोलाका साथ आउन्या ब्राह्मणहरूकन पनी बारंबार घर षत विर्ता दी वसाया ।

यही समय परापूर्वदेखि नंदिग्रामवासिहरूका रक्षाकारी पूर्व दिसाका देवी भैरह्याका वाराही देविले प्रजाहरूकन मलाई वगाई लैजाला भनी जनायाको थियो । आग्या-

प्रमाण चउथो दिनमा चोभालका नागले रुद्रमतितीरका वाराहीकन बगाई बागमति दोभान थोरै नाघदा लैजान सकेन र अटकी रह्याको अद्यापि धन्तिल बाराही कहाइ रह्याकि छंदैछन् । नंदिग्राम वासिहरूले पैले देषिले षबर दिंदा पनि जानिजानी केहि याद नगर्नाले देवी कोप भै नंदिग्रामवासिहरू दुषि हुन गया । ताहाँपछि नन्दिग्राम-वासिहरूले ग्रामरक्षक पीठविना हामीलाई भलो हुन्या छैन भनी देश उत्तरपट्टिका वैष्णवीपीठ जगाई अन्नका धेरै पाक गरि सूवर्णका मूर्ति बनाई स्थानमा लैजाई विधि गरि वैष्णवि गणहरू रथारोहण गराई राजा वक्साई धेरै गूठ राषि जात्रा गरि प्रतिवर्ष चलाया ।

इ सिवसिंह मल्ल कांतिपूर ललितपट्टनका राजाका पुत्र २ जेष्ठ लक्ष्मीनरसिंह मल्ल कनेष्ठ हरिहरसिंह मल्ल । ललितपट्टनमा राज्य भोग गर्न गया । इन राजाले पुत्रका कल्याण निमित्त भल्लु नाम ग्राम बनाई तामापत्र गरि श्रीपशुपतिनाथकन प्रिति गरि दिया । फेरि इन राजाले पंचलिंग भेरवका कुप कैले भरिदैन भन्याको सुनी म भरिदिउला भनि अहंकार गरि धेरै द्रव्य ल्याइ भर्दा पनि भरियन र बाग्मतिका पानी उठाइ ल्याइ भन्या तैपनि भरियन र राजाले मैले नचांहिदो अहंकार गऱ्या छु भनी चेति अपराध क्षमापन निमित्त धेरै षर्च गरि पूजा गऱ्या । अद्यापि पंचलिंग भैरवका यात्रा प्रति केहि पुजा पठाउँदैछन् । यस्ता प्रतक्षका भैरव हुन् । इनै वर्षका जात्रामा भैरव कोप भै चिकंमुगलमा कुप षसी फुट्यो र सिवसिंह मल्ल कांतिपुरका राजा भै रह्याका हरिहर-सिंह मल्लका बाबाले भैरव कुपका फुट्याका टुक्राहरू सव जंमा गरी जमीनमा गाडि शिलाले ढाकि यथापुजा गरि स्थापना गरि भेलुपात स्थान भनी प्रख्यात गरी दिया । ताहाँपछि राजाले इ पचलिभैरव दक्षिणका क्षेत्रपाल वडा प्रतक्षका हुन भनि अघि वैश्य ठकुरि राजाहरूले मृत्ति-काको कुप बनाइ जात्रा चलायाको इनका पालादेषि धातुका कुप बनाइ भैरवका ध्यानले जुक्त गरि नानाद्रव्यले भरि आश्विन शुक्ल पंचमिका दिन प्रतिवर्ष जात्रा गराया ।

पुत्र हरिहरसिंह मल्ल पाटनका राजाको सोभावदेषि पिता सिवसिंह मल्ल माता गंगारानी दुवै स्त्रीपुरुष संकामान्दथ्या । गंगारानीले नजीक गरि वनविहारका इच्छाले बुढानिलकंठका अर्धमार्गविषय सुस्थिर गरि ठूलो वगैचा बनाइ रानीवन भनि प्रख्यात गरि जातजात फल फुल अनेक जातका विरुवा लाई तैयार गरी राष्याको थियो र एक दिनमा राजासहित वनविहारनिमित्त जाइ रहंदा दाज्यू लक्ष्मीनरसिंह मल्लकन वावाका शेषपछि दुवै सहरको भोग गरुंला भन्या इक्षाले केही अपवादलाई दर्वारबाट धपाइ पठाया । लक्ष्मीनरसिंह मल्ल भाइको ठूलो डर मानी देवपट्टन जाइ रात्रीविषय एक रजीक संघतको घरमा गुप्त गरि दवी रहन गया । धेरै दिनसम्म दवी-रहंदा रजीकपुत्री दुइ वैनी फिकुंचा परुचा नाम गऱ्याकी-हरूले राजपुत्रकन धेरै प्रकारले सेवा गरि राषदा सबै कर्म भै गयो र राजपुत्रले मेरा राज भैगया तिमिहरूकन जल चलाइदिउंला भनाइ राष्या । ललितपट्टनका राजा हरिहरसिंह मल्ल कांतिपुरमा वावामहतारिकन भेटन निमित्त आउंदै जांदै गर्दथ्या । ति राजारानिले ज्येष्ठ-पुत्रको षोज गऱ्या कांछा पुत्र रिसाइ कलह उठाउला भन्या संदेह मानी ज्येष्ठपुत्रको षोज षवर नगरी रह्याका थिया ।

यस्तै समय नित्यानंद नाम ब्रह्मचारी षोढान्यासि स्वामी दक्षिण देशदेषि आई पशुपतिनाथमा प्राप्त भयाका छन् भन्या षवर गंगारानिले सुनि रानी जाई स्वामिका सन्मान गरि परिक्षा गरि पशुपतिनाथका पूजक योग्य ठहऱ्याई अर्पनकारी गरीदिइन् । इ नित्यानन्द स्वामी कस्ता थिया भन्या—सदा समर्थवान् सवै कर्म क्रिया जान्या हुनाले राजाका कल्याणनिमित्त ललितपट्टनका अविअधिका राजाहरू धेरै दिन नठहऱ्याको कारण अघोर-नाथका कृपादृष्टि सन्मुख पर्नाले हो भनी ठहराई राजाका अग्रभागमा कुतुहल क्रियासंयुक्त गरि श्रीउन्मत्त भैरवकन स्थापना गरिदिया । इन दिनदेषि ललितपट्टनका राजाको वढिया हुन गयो । सिंभुका बुढीयाका बालकहरूको भय पनि निवारण भैगयो । ति बुढियाको भय देवपटन विषय थियो । इ भैरवका कृपाले भय नास्ति भैगयो । अरू स्थानमा रह्याका वालकहरूकन ति बुढियाका भय भयो भन्या उन्मत्त भैरवकन पुजा गऱ्या शान्ति होला ।

फरि राजराज्येश्वरीका जंगल पनि ठुलो गरि पशुपति-नाथका दृष्टि षुसि निमित्त वसाया । तहाँ इ श्वामिले गंगारानीकन बोलाइ अव तम्रा संतानहरूको दुवै सहरविषे स्थिर भोग रहला भनी आज्ञा भयो । फेरि इनै स्वामिका आज्ञा पाई रानिले पशुपतिनाथका देवालय तिन तला छाना भै रह्याको विघ्न लाग्यो र परंतुसम्म कष्ट होला भनी मध्यम षण्डका छाना शून्य गरि दुइ तला मात्र छाना गरि अघिको सुनका छाना विगऱ्याको भइ धेरै सुन

राषि गजुर वनाई त्रिकोण इट पारि देवालय संपूर्ण गरि छाना वनाइ गजुर चढाइन् । नेपाल सम्बत् ७०५ सालमा त्रिकोण ईट उप्रन गयो र चाँगुनारायणका देवालये संपूर्ण गरि छाइदिया । फेरि गंगारानीले पशुपतिनाथकन पताका चढाइ स्वामिका आज्ञाले कान्तिपूरका दरवारमा यक पताका बाँधन लैगया । येति गरि केही दिनपछि राजारानी दुवै लोप भैगया । यति भयाउप्रांत चौंथो दिनमा राजारानी लोप भैगयाका हुन् ।

अहाँ उप्रान्त लक्ष्मीनरसिंह मल्ल आइ कांतिपुरका मंत्रि प्रजाहरूको मद्दत पाई राजा भया । हरिहरसिंह मल्लले ललीतपट्टनैमा राज्ये गर्‍या । इ हरिहरसिंह मल्लले ललितपट्टनमा राज्य गर्‍याका माता पिता स्वर्ग नहुँदैमा हो । धनतले वाराहिकन वगाई ल्यायाको र पचलिभैरवको प्रतक्ष पायाको पनि आफु राजा भयापछि हो । इ हरिहर सिंहका भोग वर्ष २१ अस्यं पुत्र सिद्धिनरसिंह मल्ल राजाका भोग वर्ष ४१ नेपालि सम्वत् ७४० आश्वीण शुक्ल दशमि आदित्यवारका दिन राजा भया । काजिहरूका जुक्तिले हरिहरसिंह मल्ल राजाकन र लालमति रानीकन पशुपतिनाथका मंदिर संधि दक्षीणपट्टिमा थोरै दिन वास गराइ गर्भाधान भै वढीया लग्न पाई जन्म भयाका हुनाले अतिज्ञानीं भया । इन राजाले सम्बत् ७४१ साल मछिन्द्रनाथका देवालयमा यक तला बढाइ सुनका छाना बनाइ गजुर चह्लाया ।

इनै राजाले अघिका भंदा सुन्दर गरि दर्वार वढाई वनाया । सुनका ढोका वनाइ राषिदिया दर्वाजाका दाहिना वाउँ नरसिंह पंचमुखि गणेश हनुमान स्थापना गरिदिया । भित्र ढुंगाका चोकमा सुनका धारा वनाई तंत्रशास्त्रका प्रमाणका देवताहरूको ध्यान प्रकाश गरि मूर्ति वनाइ अतिरमणिय स्थान वनाइ सम्वत् ७६७ वैशाष कृष्ण उत्तराषाढा नक्षत्र वृहस्पतिवारका दिन स्थापना गरिदिया । फेरि दिगुतले भवानीका देवालय ठुलो पाँच तल्ला छाना गरि अघिका भंदा वढाइ वनाइ सुनका छाना वनाइ सम्बत् ७६७ ज्येष्ठ कृष्ण २ उत्तरा नक्षत्र बुधवारका दिन गजुर वढाया । फेरि तुलजा भवानीकन यथाक्रमले स्थापना गर्‍या ।

दसैंका टिकाका दिन दर्वारबाट गमन गरि ठेचोका गठनाच ललितपट्टनका दुर्गागनका नाचसमेत् षड्गयात्रामा जानुपर्न्या रीत चलाया । भडारषालमा पोखरि धारासहित गरि वनाइ विचमा सुनको कमल राखिदिया । फेरि मण्डपमा भूगोलका आकारले देवतासहित गरि काठको चदुंवा वनाइ गजुर चह्लाया । फेरि सुनका कमलमाला वनाई मछिन्द्रनाथकन चह्लाया । इन राजका महतारि लालमति रानिले तिन तला देवालय वनाइ विश्वेस्वर शिवकन लक्षाहुति यज्ञ गरि स्थापना गरिदिइन् ।

आहांपछि राजाले दर्वारका अगाडि ढुंगाका देवालय वनाउनकन सव सराजाम तैयार गरि सम्बत् ७५० भाद्र-शुक्ल १५ गते रोज ७ का दिन आरंभ गरी अति सुन्दर दस अवतार महाभारत रामायण आवर्णक्रमले मूर्तिहरू वनाइ राषि देवालय संपूर्ण गरी वनाया । एस्तै समय गोपिकृष्णले स्वप्नमा म फलाना ठाउं छु तैले वनायाको देवालयमा मलाइ स्थापना गर भनी आज्ञाप्रसन्न हुदा आज्ञाप्रमाण षोजदा श्रीकृष्णका मूर्ति र राधाजिका मूर्ति-कन वैगल्मा पाया । ति मूर्ति ताहाँ कस्ता तहंसंग रहन गयाको हो भन्या अघिका राजाले भडारषालका जमीन-भित्र पाइ दर्वारका वैगलमा राषि छोड्याका रहेछन् । तिनै मूर्मि २ कन ल्याई अर्को एउटा राधाजिको मूर्ति बन्यो र ३ मूर्ति सहित गरि नेपाली सम्वत् ७५७ साल फागुण शुक्ल १० पुनर्वसु नक्षत्र वृहस्पति वारका दिन कोटचाहुति यज्ञ विधानपूर्वक गरि देवालय प्रतिष्ठा गरि वडो उत्सवसंग श्रीकृष्ण भगवान्कन स्थापना गरि दिया । देवालयका सन्मुषमा ठूलो षम्बा षडा गरि सुनका वैनतेयकन स्थापना गरि दिया । देवालयमा सुनका २१ गजुर चढाइ ब्राह्मणहरूकन दक्षीणा वस्त्र गहनाहरू दि धेरै ब्राह्मण जोगी जंगम वैरागी फकिरहरूकन भोजन गराया । यही कोटचाहुति श्रीकृष्णका मन्दिर सन्मुषका मंडपमा जज्ञ आरंभ गरी यज्ञ कुण्ड वनाउँदा चुकवहालको गुभाल वडो सामर्थि थियो र तेस वाँडाको मन्मा सर्व कार्य्य ब्राह्मणले चलाउन लाग्यी । हामीले जान्याको शास्त्र त व्यर्थ भयो भनि चिताइ एस जज्ञमा विघ्न गरिदिनुपर्‍यो भनि ढोकाका बाहिर षेतको ड्यागमा मन्त्र पढि थड्याउँदा यज्ञकुण्ड वनायाको अकस्मात् चूर्ण भै विगर्‍यो फेरि वनाउँदा फेरि विगर्‍यो ।

(क्रमशः)

# ऐतिहासिक पत्रस्तम्भ

(गताङ्कको बाँकी)

**श्री दुर्गासहाय**

को, यस्तै गर्नु भन्या हुकुम, झिकाइ पठाइ वक्सन्या काम वहुत वढीया भयेछ, हुकुम आज्ञा आयावमोमिको काम गर्न लागि रह्याछौं, ठुलो वर्सात भै, घाट वाट वंद हुदा, मुन्सि मेजरहरूले सुरहि षोलाको वाटो गै, सिउँराज निस्कि, तुलसिपुर पुगि, वाहाँवाट कप्तान गयाको ठाउँको लहि, पुग्न पर्दा रस्तामा १२।१३ दिन लाग्न्या भयो र आजसम उनिहरूवाट, केहि लेषि आयाको छैन, दाङकौ ववै र, सुनारको रापतिले छेकेन भन्या, अव ४।५ दिंमा कप्तानका सल्लाहको स्मेत मुंसि मेजरहरूवाट चिठी आँहाँ आइपुग्ला र वोहि माफिक जौं जौं नाका रस्तामा, हाम्रो लस्कर राष्नुपर्ला सोहि ठाउँ ठाउँमा लस्कर राषि उसतर्फको वाटा नाकामा उसैको लस्कर रषाइ सल्लाह मिलाइ सेरमरुवा डाँकुहरूलाई हाम्रा मुलुकवाट निकाली अंगरेजका सपुर्द, गरि दीन्या काम गरौंला, सेरमरुवा डाँकु फत्यसिको गोल पनि रापति सिकटावार आइ वसेछ, यस्का गोलका टुटल षान नपाउन्या, स्वास्नि केटाकेटीस्मेत ८३ जना हतियार नली मागि षान दाङमा आयाका रह्याछं र ववै तर्न दीयाको छौंन, ववै पार उजारमा वस्याका छन् १ जनालाई ववैलें वगाइ लगेछ ३ जना षान नपाइ मर्‍याछन्, अरू उहीं वस्यैका छन् केही देउषुरीतर्फ पनि मागि खान गयाका छन्. भंछन षान वेनु मर्न नपाउन्. वेसाहा दी पठाउनु. कप्तान् मुंसि मेजरको चिठि आइपुग्यापछि. दाङ देउषुरीमा आयाका स्मेत् लाई लैगी मंगल्सी. फत्यसिको गोलमा सामेल गरी अंगरेजलाइ सपुर्द गरी दिन्या काम् गरौंसा. हाम्रो सरण पिछा गोर्षा १ बाट रहंछ भन्या जगा देउ. छैन भन्या ज्वाप देउ. हामीलाई पक्रन आउन्या अंगरेजका लस्करसंग लडी, अरू झाडिमा जान्छौं भंन्या कुराको. महंतलाइ चिठी लेषी मंगलसि फत्यसिले ४ मानिस् दाङमा पठयाको रहेछ र अब हामीले पनि डांकुहरूको कारवारि भीषासिहरूलाई झिकाइ. तिमिहरूको विति नपुर्‌दं १ मा अंगरेजले अरज् गर्दा तिमिहरूलाई हाम्रा मुलुकमा राष्न्या हुकुम भायेन अरू रस्ता भन्या सबै अंगरेजबाट रोक भयो हो अधैयाको रस्ता गरि पश्चिमतर्फ लद्वापार. जाउ भंन्या कुरा डांकुहरूलाई भंनु पर्‍यो पनि. भिषासिहरूलाई झिकाइ पठायाको छ १।२ दिंमा आइपुग्ला. मुन्सिमेजर.हरूलाई पनि. अधैयाको रस्ता गरि डांकुहरूलाई. हांमी निकाली दिन्या छौं तेहि रस्तामा भारि फौज राषी पक्रनु उम्कन नपावस्. तराइमा हामि पक्रौ भन्या थोरै पक्रिनन् धेरै भाग्नन्. तसर्थ. हामिहरूले सबै बाटुलो गरि निकाली दिउँला तिमिले १ पनि नउम्काइ कक्रनु भंन्या कुरा ताहा कप्तानसित गरि एहि सल्लाह मिलाइनु भन्या कुरा लेषि पठाउन्या काम गर्‍यौ मुष्ये येही सुर बस्ला कदाचित्. अर्को बाये जान लाग्यो भंन्या. उहि बाटोको षवर. अंगरेजलाई दी. उही सुर.वांधी काम खरौंला. येताबाट हामि जान्या उताबाट अंग्रेजलाई झिकाउन्या गरी पक्रि सपूर्द गर्न्या काम. गरौंला आफ्ना जानत्भर. भरीसष्य गर्न्या छौं हाल २ पल्टनको यक सय नाल. च्याकमि गढी ३ पल्टनको १ पट्टी फलवाङ ४ पट्टी सल्ल्यान् ४ पल्टन्को १ पट्टि तिदुवास्. ३ पट्टि सुवेदार स्मेत् सल्ल्यान्मा रह्याका छन्. अब प्रान्त मेसाले जांहा जांहा पठाउन्या जान्या ठहर्ला' वांही पठाउन्या जान्या काम गरौंला. सिक्ष्या अर्ति लेषि आउंदै रह्या वढिया होला. विज्ञेषु किमधीकम्. इति सम्वत्. १८९७ साल मिति भाद्र वदी ५ रोज ३ मुकाम षड्का कोट शुभम्

श्री महंत गोसा त्रिलोकनाथको आसीर्वचन ।

श्री दुर्गासहाय
१

श्री ५ सर्कार
१

श्री वुश्श्वर
२

अर्जि

उप्रान्त. कुम्मेदान मित्रलाल पाध्याले र सुवेदार जसिवन्त कवरले मलाइ लेषि पठायाको चिठि विजिनिस हजुरमा चह्राइ पठायाको छ. पुगि विस्तार जाहेर होला डाँकुको सर्दार मंगलसिं र २१ जना सिपाहि पक्री आज वांकीमा डाँकु पक्रन आउन्या हालिस साहेव छेउ पठाइ दिन्छौं भनि लेष्याको रहेछ. यो. मंगलसिं सानु मानिस होइन. ठुलो मानिल जमामर्द छ. नवापले र अंगरेजले मंगलसिं सर्दारलाई पक्रन लाग्याको ढेरै भयो पक्रन सक्याको छैन . ठुलो जमामर्द छ भनी राजा वावुहरू जगा जगामा कुरा गर्छन्. भन्न्या कुरा सुनिन्थ्यो ¯¯१¯¯ का प्रतापले गरि मंगलसिं पक्रीय छन्. त्यो मंगलसिं आफ्ना होसियारीमा गाफिल कत्ति थिएन. वहुत होसियारीमा थियो भया पनि दुइ ¯¯१¯¯ को दोस्ति मजगुत रहना निमित्त ¯¯२¯¯ ले ¯¯१¯¯ का सेवक कुम्मेदान सुवेदारहरू वहुत षवर्दार वषतसीरे. काम गर्न जान्या हुनाले हुन्दरले गरि ¯¯१¯¯ का प्रतापले सहजै मंगलसिं सर्दारलाई पक्रन्या काम गऱ्याछन् हुंदा त गोर्षाले आफ्ना मुलुकमा आयाकालाई पक्री अंग्रेजका सपुर्द गऱ्याछन् भन्न्या कुरा जगामा हुन्याछन्, अघि देखि दुइ ¯¯१¯¯ को दोस्ति बरोबर आंमदूरफत चली आयाको हुनाले जान्न्या दानादार मानिसहरू दोस्तिमा क्या फरक हुन्छ. यकै हो अब गोर्षाको र अंग्रेजको दोस्ति मजबुत हुँदै गयो भन्न्या कुरा गर्न्या छन्. प्रभु इ डाँकुहरूको फौज येति छ भन्न्या डाँकु पक्रन आउन्या हालिस माहेवले लेषि पठायाका फीलीस्तमा २५ हजार थियो मंगलसिले ५० हजार छन् भनेछ. इन्को फौज ठलै रहेछ. अब हामीतिर पनि. डाँकुहरू. ना.उमेदवार भया. अब हाम्रा मुलुकतिर पनि दंगा गर्न वेर गर्न्या छैनन् कदाचित् दंगा गऱ्या भन्न्या जत्ता दंगा गर्लान् उतैतीर धावा गरौंला कि कसो कसो गर्न्या हो जुन माफिक्को हुकुम आवला सोइ हुकुम बमोजिम सेवकले गर्न्याछ. विज्ञ प्रभु चरणकमलेषु किमधिकम् इति संवत् १८९७ साल मिति आश्विन शुदि २ रोज १ मुकाम तान्सेन शुभम् ।

सदा सेवक रणदल पांडे कस्य कोटि कोटि कुर्नेस साष्टांग दंडवत्. सेवा सेवा सेवा सहस्रम् शुभम् ।

श्री दुर्गासहाय
१

श्री ५ सर्कार
१

अर्जि

उप्रान्त. लकनौका नवाफका चकलेदार वैसात् जिल्लाका संकरप्रसाद पाठक येस्का तावेदार कुम्मेदान शिवसहाय. दुर्गाप्रसाद ई तिन आफ्ना चकलेका काममा षडअड पर्दा आफ्ना लस्कर छोडि भागि आइ हाम्रा अम्वल शिवराज वाहादूरगंजमा वहिदार मनिरत्नसंग भेट हुंदा. उसले वहिदार मनिरत्नसंग विस्तार गऱ्याको वहिदार मणिरत्नले मसित कह्याको विस्तार अर्जिले ¯¯१¯¯ मा जाहेर भै हुकुम्को लालमोहर आइपुग्दा मनिरत्नलाई विराम थियो २।४ दिन जान सकेन र. अब त. मनिरत्नलाई पनि अलीक आराम भयो र मनिरत्नलाई र. तनहुंवस्या राम नगरका राजासंग फौदारी काम गरि अघी देषी रह्याका फौदार महाविर अधिकारी ३ वर्ष सम्म ढाक्या चाकरी गरि मसंग रह्याका थिया. ति. देसी मान्छेसंग काज कामया वढिया हुसियारि थिया र. मनीरत्न सं

ग साथ गरि हुकुम आया वमोजिम तिन्हेरूसितको वसउठ गरि जस्ताको तस्तो तहकिकात् गरि काहाँसम्मको रह्याछन्. क्याविद्युतले आयाका रह्याछन्. निस्तुक बुझि चांडो आउ र ‴१‴ मा अर्जि चह्राइ पठाउन्या काम गरूँला भनी अह्राइ. भोली मंगलवारका दिन हिंड्न्या थिया. जसै बेलामा सोमबार विहानै चकलेदार संषरप्रसाद पाठकले मलाइ अर्जि लेषि २ रुपैया मोहर अर्जिमा हाली वुटबलसम्म सिपाहि पठायेछ र. उ सिपाहि वुटवल थामी. मनिरत्नका मानिसहरूले ल्याया सो अर्जि विजिनस हजुरमा चह्राइ पठायाको छ जाहार होला. मंगलवार मनिरत्न र महाविर अधिकारि पनी जांछन् तिन्हेरूले ल्यायाको निस्तुक षबर हजुरमा चह्राइ पठाउन्या काम गरूँला. मलाइ लेषी पठायाको चिठिको जवाप. जुनमाफिकको लेषी पठाउनु भन्न्या हुकुम आवला, सोइ वमोजिको जवाप लेषी पठाउन्या काम गरूँला. लषनौका अम्मलका वभनीका राजा ९५ सालका माघ मैन्हामा वाहाँ हाकिमसंग गडवड पर्दा भागि भाइ छोरा भतिजा सवै वुटवलमा आइ सरणमा लेउ भन्न आया र ‴१‴ मा विन्ति पारि. षजहनीमा कालावंजर १ गाउँ दियाको हो ६।७ मैन्हा वसी पछि हाकींसित वंदोवस्त भयो भनी आफ्ना मुलुकमा गयाथ्या. यो साल फेरि हाकींसित षडबड भयो र हो की कसो हो. मलाइ १ गोसाञी जयकृस्न पुरिलाई १ चिठि दि पठायाका रह्याछन्. मेरा नाउँको चिठि बाटोमा षसायेछ र जयकृस्न पुरीको चिठि मात्र जयकृस्न पुरिलाई दियेछ. जयकृस्न पुरिले मलाइ लेषि पठाया. चिठि विजिनस हजुरमा चह्राइ पठायाको छ. पुगी विस्तार जाहेर होला. जुन माफिक लेषि पठाउनु भन्न्या हुकुम आवला सो माफिक लेषि पठउंला. जो काममा गयाका ७ पट्टि विरामी भै जगा जगामा पड्याका छन् भनी षवर सुन्दा. तानावाना पनि कसो भयो क्या भयो संभार गरि ल्याइनु भनि १ सपटि विजन र. येक जामादार पठाउन्या काम गऱ्यां जो भागी गयाका डाँकुहरूले तुलसिपुरका गोठ पनी लुट्या १ अजिटन् पनि मा-या. मंगलसिलाई छुटाइ ल्याउँला भनी कति डाँकुहरू धावा पनी गरिरह्याछन् भंन्या गलवा षवर आइरहेछ. बुझ्न भनी २ मानिस षटाइ पठायाको छ निस्तुक षवर आयापछि विन्ति गरि पठाउन्या काम गरूंला, वुटवल नामुद जगा हुनाले देसदेसावरका मानिसहरू आउन्या जगा रहेछ. यो सालमा त नाम ज्यादै मानिसहरू पनि आउन लागि रह्याछन् हाम्रो लस्कर साविक वमोजिमा धेरै घट्न्या डवल आयो. वुटवल जान्या वेला पनि आया जुन माफिकसित लस्कर ली जानु भंन्या बुकुम आवला सोइ माफिक सित लस्कर ली सेवक वुटवल जान्या काम गर्न्या छ. विज्ञ. प्रभु चरण कमलेषु किमधिकम्. इति संवत् १८९७ साल मिति कार्त्तिक वदि ९ रोज २ मुकाम तान्सेन शुभम्

सदा सेवक रणदल पांडेकस्य कोटि कोटि कुर्नेस साष्टांग दंडवत्सेवा सेवा सेवा सहस्त्रम् शुभम्

स्वस्ति श्री गिरिराजेत्यादी श्री मन्महाराजाधिराज कुमार कुमारात्मज श्री मुषिया चौतरिया पुत्र फत्यजङ्ग शाह श्री माहिला मुषिया चौतरिया पुत्र गुरुप्रसाद शाह वर्म्मसु ईत श्री जान साहकस्य शुभ आसिष. ईत निक ताहा कुशल आनंद भया चाहिये. जागे. जाहाको समचार भलो छ. उप्रांत. माडवारीलाई. धौलाराका राजाले पिछा लियाको रहेछ. सो धौलाराका राजा अर्जुनसिलाई गंगाराम साहिका छोरि दि जुवाञी जुल्यायाको थियो. माडवारि धौलारासित पिछा परी अनेत्र. अंरेजका जगाबाट डांकु लुटपिट गरि ल्याउँदो रहेछ र. उसै डांकु भै हिंड्याका माडवारि येक साहेवलाई. अंरेजका साहेवले पक्री तैं को होस् भंदा. माडवारि हुँ भनेछ. काँहा रहंछस् भंदा धौलाराका राजा. अर्जुन्सींसित पिछा पऱ्याको छुं भनि माडवारीले भंदा. डाकु भै लुटपिट गर्नु भंन्या. मतमा को को छ भनि अंरेजका साहेवाजले सोद्धा धौलाराका राजाको भैयादमा पनि डांकुका काम्मा हाम्रा साथै सामेलमा छँदैछं. गंगाराम साहिको पनि मत छ भनि भनेछ र तिमिसंग दोस्ती छ भनि भंनु. नवावका र हाम्रा अम्बलमा रहि. माडवारीलाई पिछा ली हाम्रा मुलुकमा डांकु भै लुटपिट गर्न लाउन्या येस्तालाई राषनु हुँदैन भनि. धौलाराका राजा गंगाराम साहिका जुवाञी अर्जुनसिलाई पक्री

१४. नजरवंदिमा राषि गंगाराम साहिलाई पक्रन साहेवान र लस्कर वहुत आइरहेछ गंगा
१५. राम साहि भन्या रानि मलवारमा छाडि येकलै भागि हाम्रा सिमानाका झाडिमा आई
१६. लुकी रहेछ. गंगाराम साहिलाई जो पक्राई देला. उसलाई २ हजार रुपैञा दि
१७. उँला भनि उर्दि फिराई गयेछ भंछन्. जैराम भट्टका छोराहरूमा पनि. वावुलाई मारि
१८. दियाको सुर फेर्ना निमित्त. येक भाइ लषनौ. वालाको चाकरिमा रह्याको थियो. आफ्नु वा
१९. वु जैराम भट्ट मारि दियाको. गंगाराम साहि माथि लषनौवाला उठाई ल्याइ राषेछन् प
२०. नि भंछन्. षैरिगडको मुलुक अंगरेजले लियाको थियो. ठेक तिमीलाई तिरूँला. जगा
२१. मलाइ देउ भनि गंगाराम साहिले. लियाको थियो. सो ठेका पनि ४।५ वर्षको गंगाराम
२२. साहिले अट्कायाको रहेछ. षैरिगडका राजा माधौसिंको छोरा गिंदा पनि. अङ्ग्रेजसंग
२३ मिल्न गयाको रहेछ र. तेरो मुलुक तँलाइ दिउँला. गंगाराम साही पक्राइ दे भनि अं
२४. रेजहरू भंछन्. कर्वजिका छोरा. हांसु साहि. जोगा साहि. डुम्राकोटि अनुव साहि. मो
२५. हकम साहि. हरि साहि अंरेजका पिछा पऱ्याका. सार्थमा नजरवंदि छन्. कंचनपु
२६. रमा अंग्रेजले छाउनी वनाउन. ईंट वोकाउन लागि रहेछ. षैरिगडमा ७ तोप १३ सा
२७. हेव आयाको छ. केहि तोप डोटिका मधेसमा पनि आइपुग्या. हाम्रा सिवाना मछे
२८. लिघाटसम्म साहेवानहरू ७१८ जना र सिपाहिहरू आई हेर्चाह गऱ्या जो कोहि आ
२९. दमी भया पनि. तं को होस् भनि सोद्धछ. गोर्षाली हुँ भंन्यालाई षुसी गर जाउ भंछ. गंगाराम
३०. साहिका मानिस हुँ भंन्या जतिलाई पक्रंछ. भंन्या षवर सुनिछ ल्याउँछ सो कसो रहे
३१. छ. हाम्रा सिवाना कर्नाली लगायत झुलाघाटतक सिवाना सिवाना गै षवर बुझि
३२. आउनु भनि मानिस पठायाको छ जो षवर ल्याउनं. लेषी पठाउँला. डोटिका छोटा व
३३. डा मत्र गंगाराम साहिसंग जांछ. नजान्या कोहिकोहि मात्रै हुनन्. गोर्षाको आसा
३४. मारि. गंगाराम साहिको आसा राषी आवत जावत डोटयालहरू सव कोहि गर्छन्. के
३५. हि कुरोमा हाम्रो विग्रन गयो भन्या. गंगाराम साहीलाई उठाउन्या इनै डोट्याल हुन्याछन्.
३६. गंगाराम साहि पनी ताक पऱ्या हामी माथी तयार भै. अघि तेहि सर्न्या छ. अंग्रेजका षु
३७. नि आदमी गोर्षाका अम्बलमा जो कोहि आया पनि पक्री सौंपिदिनु भंन्या हुकुमको
३८. सालमोहर अघि आयाको छ. हुकुम आयावमोजि. गंगाराम साहि जाहा आयो
३९. फेला पऱ्यो भन्या पक्री अंग्रेजलाई सौंपि दिन्या काम गरौंला. यो चीठि लेषदैका विचमा गं
४०. गाराम साहि भागि डोटि इलाकामा आइ लुकिरहेछ. तेसलाई पक्रि सुपुर्त गरिदेउ भंन्या
४१. षत. अंग्रेज हालिङ्ग साहेवबाट आउँदा डोटि अम्बलभरमा. गंगाराम साहि आई जा
४२. हाँ वस्याको छ षोज तलास गरि. पक्री अंग्रेज हालिङ्ग साहेबलाई सौंपि दिनु भनि कंपनी
४३. कंपनीलाई पनि लेषी पठाञा. जाहाबाट १ पल्टन्का जमदारसमेत सिपाहिहरू पठा
४४. उन्या काम गऱ्याँ. वेस गरि फेला पर्न्या वित्तीकै हुंज्यालसम्म सुजाइ बुझा
४५. इ मुषकै लोलोपोतो गरि पक्रनु. उति गर्दा. बुझमा आयेन गंगाराम साहिहरूले हात चला
४६. या भन्या तिमीहरूले पनि हात चलाई पक्रनु भनि ज्मादार सिपाहिहरूलाई षजना स्मेत दि
४७. अह्राइ पठायाको छ, फेला पऱ्यो भन्या पक्री अंग्रेजका हालिङ्ग साहेवलाई सौंपि दिन्या का
४८. म गर्न्या छं. हालिङ्ग साहेवले मलाई लेष्याको षत विजिनीस र. जाहाँबाट उनलाई ले
४९. ष्याको जवापको नकल उतारि २ मा चह्राई पठायाको छ, वेहोरा उतैबाट पुझौला.
५०. सोहि पाठसिन तिमीहरूले २ मा विंति पारि हुकुम भयाको जवाप चाँडो लेषन्या का
५१. म गऱ्या वेस होला. औ. तिमीहरू मुषत्यारि भयादेषी येक चीठी पनि लेषी आयेन. के
५२. न हो कुसल छेमको चिठि लेषने गऱ्या वेस होला. कसैले जाहाँ कुरा ताहाँ पार्दा
५३. जाहाँ सोधनी आइ काम गऱ्या वेस होला. सब कुरामा तिमीहरूले संभार राष्या र
५४. हन्या छ ईति सम्वत् १८९८ साल मिति वैसाक वदि ५ रोज १ मुकाम सिलगढि शुभं ।

# योगप्रकाश मल्लका तामापत्र, ताडपत्र र तमसुकहरू

शङ्करमान राजवंशी

## ताडपत्रहरू*

**वि. सं. १७८२ को**

*लम्बाइ* 1 फुट $2\frac{1}{2}$ इञ्च

चौडाइ $1\frac{3}{8}$ इञ्च

यसमा माटोको बाटुलो छाप छ । छापको बीचमा खड्ग र खड्गको तल कछुवा अङ्कित छन् । छापको घेरा भित्र 'श्री श्री लोक' लेखिएको छ। यो पत्र राजा योगप्रकाश मल्लले ल. पु. परुदेशक्वाठका दातेह्म भारोलाई बारी बेची गरिदिएको हो । यसमा साक्षी विष्णु मल्ल छन् । यस पत्रको लेखक राजज्योतिषी जोगराज छन् ।

**मूल**---

१ ॐ स्वस्ति ।। श्री मानिग्राधिपति श्री श्री जयप्रकाश मल्ल देव प्रभु थाकुरसन परुदेशक्वाठनि वन्तागृह निवाशि ग्राहक दातेह्म भारो नाम्ने प्रसादी कृतं ।। पुराम ग्राम वातिका नाम प्रदेशे ।।

२ नदीशिमाया पश्चिमत श्री श्री राज्ञा भुम्यादुत्तरत पूर्व्वत दक्षिणतश्च एतन्मध्ये तद्वातिका एकतीश कर्षाङ्क कर्ष शूय छि ३१ नेचातलन जुरो भूय पकुमारि वातिका चतुर कर्षाङ्क क

३ र्ष पि ४ आवथलिवातिका द्वयो कर्षाङ्क कर्ष नसि २ एते वातिका यथा नगरकाल प्रवर्त्तमानेन सुवर्ण्ण पुष्पमारार्ध प्रढौकृत मोहोर टंका निश्लङा २०५ आदाय स्वाधिना वर्तकं न्याये

४ न क्रीविक्रीन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षि श्री विष्णु मल्ल थाकुरस सम्वत् ८४६ मार्ग्गशिर शुक्ल षष्ठयान्तिथौ राजदैवज्ञ जोग राजेन लिषितं ।।

**वि. सं. १७८२ को**

*लम्बाइ* 1 फुट 6 इञ्च

चौडाइ $1\frac{1}{4}$ इञ्च

सस पत्रमा पनि माटोको बाटुलो छाप लगाएको छ । छाप माथिकैं बमोजिम छ । यो पत्र राजा योग प्रकाश मल्लले ल. पु. नेकत्वाल क्वाठका शाक्यवंश श्री रायजुलाई गरिदिएको हो । यसमा घर जग्गा बेचेको कुरा छ । यहाँ साक्षी विष्णु मल्ल छन् । यस पत्रको लेखक मत्सेन्द्रराज छन् ।

**मूल**---

१ ॐ स्वस्ति ।: श्री माणिग्लाधिपति श्री श्री जय योगप्रकाश मल्ल देव प्रभु थाकुरसन नेकत्वाल चाकलं येताक्वाठ गृह शाक्यवंश श्री रायजुस नाम्ने प्रसादीकृतं ।। काचग्रन्थि गृहपाताल नाम प्रदेशे महादेवया अमात्य गृहेण पश्चिमतः हरिनाथ ओ जयकृष्णजु ओ गृहे

२ ण पूर्व्वतः ग्वपिनाथजुया व ननि व सीमाया पूर्व्वतः गृहेण दत्रिणतः एतन्मध्ये तद्गृह ननिन दक्षिण प्रवेशजा व पाताल न खा स्व ३ कु २८ ओंकु वाहारगृह जाव कु षुय ६० यन्ता लिविया ताल कु सूय ३० एतद्गृहभूभ्यां

३ यथा नगरकाल प्रवर्त्तमानेन सुवर्ण्ण पुष्प मालार्ध मोहोरटंका षुय न्हसत्या $६७\frac{1}{2}$ आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादीकृता अत्र पत्रार्थे दृष्टसाक्षि श्री विष्णु मल्स थाकुरस सं ८४६ माघ शुद्धि मत्सेन्द्रराजेन लिखितं ।।

---

* वीर पुस्तकालय घण्टाघरमा छँदा संग्रह भएका हुन् । हाल राष्ट्रिय अभिलेखालयमा छन् ।

वि. सं. १७८४ को

*लम्बाइ* 1 *फुट* 2 *इञ्च*
*चौड़ाइ* $1\frac{1}{2}$ *इञ्च*

यस पत्रमा पनि माटोको बाटुलो छाप लगाएको छ। छाप माथिकै बमोजिम छ । यो पत्र राजा योग प्रकाश मल्लले ल. पु. महापालका अमात्य महादेव भारोलाई गरिदिएको हो । यसमा जग्गा विक्रीको कुरा छ। यहाँ साक्षी विष्णु मल्ल छन् । यस पत्रको लेखक राज ज्योतिषी कोटिराज छन् ।

मूल—

१　ॐ स्वस्ति ।। श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय योगप्रकाश मल्ल देव प्रभु थाकुरसन माहापाल चाकलं यन्तागृह अमात्य महादेव भारो नाम्ने प्रसादीकृतं ।। पनू

२　तुति ववलिविवु क्षेत्र नाम प्रदेशे ।। मार्ग्ग व श्री राज्ञा क्षेत्र ओ न पश्चिमतः नद्याः दुत्तरतः गथिया क्षेत्रात्पूर्व्वतः मार्गेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र वारह् रोपनीकं रोव ष्वंनसि १२

३　वातिका सह तत्क्षेत्र यथा नगरकाल प्रवर्त्तमानेन सुवर्ण्ण पुष्प मालार्घ प्रढौकृत मोहोर टंका नेश्ल पीय ङा २४५ शुकि छि १ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादा

४　रपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षि श्री विष्णु मल्ल थाकुरस सं ८४७ चैत्र वद्धि ११ राजदैवज्ञ कोटि राजेन लिखितं

वि. सं. १७८४ को

*लम्बाइ* 1 *फुट* 10 *इञ्च*
*चौडाइ* $1\frac{1}{2}$ *इञ्च*

यस पत्रमा पनि माटोको बाटुलो छाप लगाएको छ । छाप माथिकै बमोजिम छ । यो पत्र राजा योग प्रकाश मल्लले ल. पु. मतखावहालका कल्याणसिंह भावो तथा शिवराम भावो, दोपालका राजसिं भावो, ख्वपंगाडका लक्ष भवोलाई गरिदिएको हो । यस पत्रमा खेत बेचेको कुरा छ । यहाँ साक्षी विष्णु मल्ल छन् । पत्रको लेखक राजज्योतिषी नरेन्द्रराज छन् ।

मूल—

१　ॐ स्वस्ति ।। श्री मानिग्लाधिपति श्री श्री जय योगप्रकास मल्ल देव प्रभु थाकुलसन श्लको भेतखा वाहार ननि येता गृह निवासी ग्राहक कल्याणसिंह भावो दोपात ननि येता गृह रत्नसिंह भावो स्वहल निह्म मेतखावाहार यौकुन्ति दुंदु गृह शिवराम भावो ख्वपंगाड लं येतागृह लक्ष भावो ऐतेस नाम्ने प्रसा

२　दी कृतं ।।वलवु सिपातल क्षेत्र नाम प्रदेशे ........ मार्गेणोत्तरत धलसिमायां पूर्व्वत ...... दक्षिणतश्च: एतन्मध्ये तत्क्षेत्र पादोन षड्रोपनिकं रोव ङा ५ जव ९वं ३ तत्क्षेत्र यथा नगलकाल प्रवर्त्तमानेत सुवर्ण्ण पुष्प मालार्घ प्रढौकृत मोहोर टं

३　नेश्ल चय न्हसया २८७ ।। आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षि श्री विष्णु मल्ल थाकुरस सम्वत् ८४७ भाद्र पद कृष्ण सप्तम्यान्तिथौ राज दैवज्ञ नरेन्द्रराजेन लिखितं ।।

## तामापत्र

वि. सं. १७८५ को

*लम्बाइ* 10 *इञ्च*
*चौडाइ* $4\frac{1}{4}$ *इञ्च*

यो तामापत्र धादिङ मालबाट वि. सं. २००४ चैत्र १२ गते रोज ५ मा वीर पुस्तकालय घण्टाघरमा उल्था गर्ना निमित्त आएको रहेछ । संग्रहका निमित्त छाप उतार लिइएको रहेछ । अहिले राष्ट्रिय अभिलेखालयमा रहेको छ त्यसैको लिप्यन्तर उतार यथावत् यहाँ दिइएको छ । तामापत्रको लिपि नेवारीमा छ । तामापत्रको छेउमा मोहोरको छाप लागेको छ । छापको

वीचमा खड्ग अङ्कित छ । छापको घेरामा 'श्री श्री श्री करुणामय' लेखिएको छ । यो पत्र राजा योगप्रकाश मल्लले चन्द्रमणि जैसीलाई जग्गा बेची गरिदिएको हो । यसमा साक्षी विष्णु मल्ल छन् । पत्रको लेखक सिद्धि सिंह छन् ।

मूल—

१ स्वति ।। श्री माणिग्लाधिपति माहाराजाधिराज श्री श्री जय योगप्रकाश मल्ल देव थाकुल

२ सन¨ कासिम चन्द्रमणि जैसीया नाम्ने प्रदादीकृतं धान्याताल नाम प्रदेशे———

३ षा सिमाया पश्चिमत नदि सिमाया उत्तरत पूर्वत श्री राज भूम्या दक्षिणत एतत्क्षे

४ त्र कर्षाक कर्ष नीय २० ङ्ये खातार कर्षाङ्क कर्ष-श्लयपि १४ एतत्क्षेत्र यथा

५ नगरकार प्रवर्त्तमानेन सुवर्ण पुष्प मालार्घ प्रढौकृत मोहोल नेश्लचयपि

६ २८४ आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रा

७ र्थे दृष्ट शाक्षि श्री विष्णु मल्ल थाकुलजु भूय कर्ष ङा ५ घल्यालि संवत् ८४८ चैत्र

८ शुक्ल षष्ठम्पान्तिथौ ।। लिखित सिद्धिसिह ।। शुभ ।।

## ताडपत्र

### वि. सं १७८५ को

***लम्बाइ 1 फुट 5 इञ्च***
***चौड़ाइ $1\frac{5}{8}$ इञ्च***

यस पत्रमा पनि माटोको बाटुलो छाप छ । छाप माथिकै बमोजिम छ । यो पत्र राजा योगप्रकाश मल्लले ल. पु. पलु देशका दातिह्म भारोलाई गरिदिएको हो । यस पत्रमा बारी बेचेको कुरो छ । यहाँ साक्षी विष्णु मल्ल छन् ।

मूल—

१ ॐ स्वस्ति ।। श्री मानिग्लाधिपति श्री श्री जय योगप्रकाश मल्ल देव प्रभु थाकुलसन पलुदेश गृह निवासि ग्राहक दातिह्म भारोस नाम्ने प्रसादी कृतं ।। पुरामे ग्रामे वातिका नाम प्रदेशे ।। प्रपात शिमाया पश्चिमत मार्ग्गशिमा

२ या दुत्तरत श्री श्री राजया भूम्या पूर्व्वत ग्राहकया वातिकाया दक्षिणतश्च एतन्मध्ये तद्वाटिका एकतीस कर्षाङ्क कर्ष शूय छि ३१ नेचातेलं त जुरो, तद्वा-टिका यथा देशकाल प्रवर्त्तमानेन सुवर्ण्ण पुष्प मालार्घ प्रढौकृत मो

३ होर टंका श्लंछि ङ्यङा १५५ आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रीविक्रीत प्रसादात्नपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षि श्री विष्णु मल्ल थाकुरस सम्वत् ८४८† नष्ट वैशाष कृष्ण द्वितीयायान्तिथौ.

### ऐतिहासिक टिप्पणी

ललितपुरका राजा योगनरेन्द्र मल्ल प्रसिद्ध थिए । यिनको सालिक ललितपुर राजदरवार अगाडि अग्लो स्तम्भमा रहेको छ । तिनका उत्तराधिकारी ठ्याहा छोरा थिएनन् । यसैले योगनरेन्द्रको मृत्युपछि ललितपुरमा अनेकन् राजाहरू भए । तिनमध्ये ललितपुरका राजा महीन्द्र मल्लको वि. सं. १७७९ मा मृत्यु भएपछि यी योग प्रकाश मल्ल ललितपुरका राजा छानिएका हुन् । यी योग प्रकाश मल्लको विषयमा वंशावलीमा यस्तो लेखिएको छ—

> "महीन्द्र मल्ल राजाको भोग पनि धेरै वर्ष नभई शान्त भै जांदा सन्तान शून्य भै मूलमा जन्म भयाकाले धपाई ल्याई पाटनमा रह्याका भक्तपुरका राजाका पुत्र योगप्रकाश मल्लकन राजा गराया"
>
> (प्राचीन नेपाल पत्रिका ५ संख्याको १६ पृष्ठ)

† नष्ट वैशाख भनेको मलमास वैशाख भनेको हो ।

"महीन्द्र मल्ल कहायाका कान्तिपुर ललितपत्तन दुवै सहरका राजा महेन्द्र मल्ल परलोक भया । यहां उप्रान्तु ललितपत्तनमा योगप्रकाश मल्ल छोरी पट्टिका सन्तान राजा भया ।"

(नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित भाषा वंशावली भाग २ को ७५ पृष्ठ)

यसरी योगप्रकाश मल्लको विषयमा वंशावलीकारहरूको विभिन्न मत देखिन आएको छ । त्यसकारण यसको यथार्थ निर्णय गर्ने अरू प्रमाण खोज्नु बाँकी छ। यी योगप्रकाश मल्ल चतुर थिए । यिनले गोरखा र कान्तिपुरसंग मिली भक्तपुरलाई अँचेटेका थिए । उपर्युक्त ताडपत्रहरूमा लगाइएको छापमा "श्री श्री लोक" लेखिएको र तामापत्रहरूमा "श्री श्री श्री करुणामय" लेखिएको हुनाले यी योगप्रकाश मल्ल करूणामय लोक नाथका भक्त रहेछन् भन्ने स्पष्ट छ । ती पत्रहरूमा दृष्ट साक्षी विष्णु मल्ल छन् । यसकारण योगप्रकाश मल्लले आफूपछिको उत्तराधिकारीं विष्णु मल्ललाई छानेका रहेछन् भन्ने कुरो प्रमाणित हुन्छ । यी विष्णु मल्ल योगनरेन्द्र मल्लकी भाञ्जी पुण्यमतीका छोरा हुन् । यो कुरो शङ्खमूलको विष्णु मल्लको अभिलेखमा यसरी लेखिएको छ —

"ज्येष्ठा योगनरेन्द्रकस्य भगिनी श्री श्री निवासात्मजा ।
पत्यौ भक्तिमती सती मणिमती नाम्नी ह्यभूच्छ्रीमीग्ती···
तस्याः सुतासीत्सुदती कुल श्रीर्लज्जावती पुण्यमतीति नाम्नो
पुण्यमत्याः पतिर्द्धीमान् दरसिंहो दयापरः
अजीजनच्छ्री जयविष्णु मल्लस्तस्यां नरेशो दरसिंहनाम्नः

(अभिलेख संग्रह १० भाग १७ पृष्ठ)

श्री श्री निवासकी छोरी योगनरेन्द्रकी दिदी पतिको भक्ति गर्ने प्रतिव्रता श्री मणिमती हुनुभयो । उहाँकी (मणिमतीकी) छोरी राम्रो दाँत भएकी लज्जालु कुलकी लक्ष्मी पुण्यमती हुनुभयो । पुण्यमतीका पति बुद्धिमान् दयालु दरसिंह हुनुभयो । दरसिंहका पुण्यमतीतर्फ राजा विष्णु मल्ल जन्मनुभयो ।

उपर्युक्त ताडपत्रमा ठाउँ ठाउँमा क्वाठको पनि उल्लेख छ । क्वाठ भनेको किल्ला हो । मल्ल कालमा किल्लालाई क्वाठ भन्दछन् । त्यस बेला क्वाठको महत्त्व हुन्थ्यो । सो क्वाठ शत्रुबाट बचावट गर्ना निमित्त बनेको हुन्थ्यो । त्यहाँ क्वाठ रक्षक पनि नियुक्त गरिएको हुन्थ्यो । यी योगप्रकाश मल्लले आफ्नो दरवारमा राजज्योतिषी पनि २।३ जना राखेका रहेछन्, उपर्युक्त पत्रहरूबाट ज्ञात हुन्छ ।

** — ★ — **

# शाह वंशका केही राजाहरूका राज्यकालका विषयमा विचार

—*सूर्यविक्रम ज्ञवाली*

गोरखा वंशावलीको योगी नरहरि नाथले लेख्नुभएको परिचयमा द्रव्य शाहदेखि नरभूपालसम्मका राजाहरूको राज्यकाल सोही वंशावलीबाट तल सारेबमोजिम लेखिएको छ ।

| | राज्य भोग वर्ष |
|---|---|
| श्री ५ द्रव्य शाह (शाके १४८१) | ११ |
| श्री ५ पुरन्दर शाह | ३५ |
| श्री ५ छत्र शाह | .७ |
| श्री ५ राम शाह | २७ |
| श्री ५ डम्बर शाह | ९ |
| श्री ५ कृष्ण शाह | ११ |
| श्री ५ रुद्र शाह | १६ |
| श्री ५ पृथ्वीपति शाह | ४७ |
| श्री नायक वीरभद्र शाह | ० |
| श्री ५ नरभूपाल शाह (शाके १६६३.७) | २६ |

सोही परिचयको प्रथम पृष्ठमा "द्रव्य शाहदेखि नरभूपाल शाहसम्म १० पुस्ताको १८२ वर्ष ७ महीनाको यथार्थ वृत्त सूत्र रूपमा स्पष्ट छ ।" भनी योगीजीले भन्नु भएको छ । उपर्युक्त कुरालाई शाके तथा ईस्वी संवत्‌मा लेख्दा त्यसलाई तल लेखिएका रूपमा व्यक्त गर्न सकिन्छ ।

| | शाके | ईस्वी | |
|---|---|---|---|
| द्रव्य शाह | १४८१-१४९२ | १५५९-१५७० | ११ वर्ष |
| पुरन्दर शाह | १४९२-१५२७ | १५७०-१६०५ | ३५ वर्ष |
| छत्र शाह | १५२७-१५२८ | १६०५-१६०६ | सात महिना |
| राम शाह | १५२८-१५५५ | १६०६-१६३३ | २७ वर्ष |
| डम्बर शाह | १५५५-१५६४ | १६३३-१६४२ | ९ वर्ष |
| कृष्ण शाह | १५६४-१५७५ | १६४२-१६५३ | ११ वर्ष |
| रुद्र शाह | १५७५-१५९१ | १६५३-१६६९ | १६ वर्ष |
| पृथ्वीपति शाह | १५९१-१६३८ | १६६९-१७१६ | ४७ वर्ष |
| वीरभद्र शाह | ० | ० | ० वर्ष |
| नरभूपाल शाह | १६३८-१६६४ | १७१६-१७४२ | २६ वर्ष |
| | | | १८२.७ |

उपर्युक्त लेखाइमा शाके १४८१ देखि १६६४ सम्म तथा इस्वी सन् १५५९ देखि १७४२ सम्मका वर्षको योग १८३ भएता पनि छत्र शाहको राज्य–काल केवल सात महीना हो भन्ने हामीलाई थाहा हुनाले १८३ बाट पाँच महीना झिकिदिएपछि बाँकी १८२ वर्ष ७ महीना रहन्छ । यसरी लेख्नाले लेखाइ यथार्थसित अधिक मिल्ने हुनाले पनि यसरी नै लेखिएको हो ।

उपर्युक्त राजाहरूका राज्यकालका विषयमा केही अघिसम्म पनि वंशावलीका कथनमा हामीले विश्वास गर्नुपरेको थियो । तर यसो यी राजाहरूका विषयमा केही प्रामाणिक नयाँ कुरा चाल पाइएका हुनाले उपर्युक्त परम्परागत राज्यकालमा केही परिवर्तन गर्नुपर्ने आवश्यक देखिएको छ तथा तिनैको विचार गर्ने तथा ती कुराको प्रचार गर्ने यो लेखको उद्देश्य हो ।

राम शाहका गोर्खामा भएका दुइ शिलालेख योगी नरहरि नाथले प्राप्त गरी प्रकाशित गर्नुभएको छ । यी संवत् २०१२. १९५५ तिर छापिएका थिए । यिनीमध्ये एउटा हामीले चर्चा गर्न लागेका विषयका निम्ति अत्यन्त महत्त्वपूर्ण भएको हुनाले त्यसलाई यहाँ इतिहास प्रकाश अङ्क १ पृष्ठ ४० बाट उद्धृत गरिन्छ ।

**श्री गणेशायनमः।। वसुबाणशिवाननचेन्दुयुते नृपशालिवाहसमये विगते।। विदधे नृप राम मठं कुतुकात् शुचि दशमीयुक्त रवौ नभसि ।।**

**श्रीं शाके १५५८**

**रामश्शंकरसेंद्वतीतसमये श्री विक्रमार्कस्य वं शुद्धे श्रावणमासि भानुदिवसे युक्ते दशम्यां तथा।। चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं श्रीमच्छंकरपावपद्मरजसा पूतः सदा शत्रुजित् ।।**

यसमा शाके १५५८ को श्रावण महीनामा (इ० १६३६ मा) राम शाहले मठ बनाएको कुरा लेखिएको छ । माथिको गोरखा वंशावली अनुसार बनाएका सारणीमा शाके १५५५ १६३३ मा राम शाहको राजत्वकाल सकिएको कुरा लेखिएको छ । यो लेखबाट उनी शाके १५५८ १६३६ सम्म जीवित भएको कुरो प्रमाणित हुन्छ ।

सो सम्बन्धमा एउटा अर्को विचारणीय कुरा छ । त्यो के हो भने आजसम्म गोर्खासित सम्बद्ध जति वंशावली देख्ने मौका लेखकलाई परेको छ। ती सबैमा राम शाहले २७ वर्ष राज्य गरे भनी लेखिएको छ तथा उनको मृत्यु शाके १५५५ १६३३ मा भयो भनी लेखिएको छ । यो दृष्टिले विचार गर्दा उपर्युक्त शिलालेखको आविष्कार अत्यन्त महत्त्वपूर्ण भएको कुरा हामी चाल पाउँछौ ।

माथि उद्धृत गरेका शिलालेखबाट शाके १५५८ १६३६ सम्म राम शाह जीवित भएको कुरा प्रमाणित भए उनका राजत्वकालको कहिले अन्त्य भयो भन्ने प्रश्न उठ्छ । त्यसको निश्चित उत्तर अहिले हामीलाई प्राप्त छैन तर वंशावलीबाट प्राप्त तिथिमिति औ पाइएका केही प्रमाणहरूका अध्ययनद्वारा हामी १६३६ नै राम शाहका शासनको अन्तिम वर्ष हो भन्ने कुराको अनुमान गर्न सक्छौं। यसका निमित्त राम शाहका उत्तराधिकारी राजाहरूका राज्यकालका विषयमा केही विचार गर्ने आवश्यकता देखिन्छ ।

माथि उल्लिखित सूचीका अन्तिम राजा नरभूपाल शाहको राज्य अवधिका विषयमा प्रायः सबै वंशावलीले २६ वर्ष भनेका छन् । एक दुइ वंशावलीमा २६ वर्ष ८ महीना भनिएको छ । सो आठ महीनालाई अहिले हामीले विचार नगरे तापनि काम चल्ने हुनाले नरभूपाल शाहका राज्यकालका विषयमा पनि सबै वंशावलीको ऐकमत्य छ भने हुन्छ। वीरभद्र शाहका विषयमा गोरखा वंशावली तथा अरू धेरै वंशावलीमा उनको राजा न हुँदै मृत्यु भएको कुरा लेखिएको छ तथा यो कुरा नै सत्य हुनाले वीरभद्र शाहको राज्यकाल योगी नरहरि नाथले भने झैं शून्य वर्ष थियो भन्ने कुरा निश्चित हुन्छ ।

अब हामीले हेर्नुपर्‍यो राम शाहपछिका तथा वीर भद्र शाहअघिका चार राजाहरूका विषयमा विविध वंशावलीहरूको के भनाइ छ । सो हेरेपछि हामीलाई विचार गर्न सजिलो हुनेछ । केही वंशावलीहरूबाट अब उपर्युक्त चार राजाको राज्यकालका विषयमा प्राप्त संख्या तल लेखिन्छ ।

| | हाजसन वंशावली (१८४३ अघि) | राइट-१८७७ पृष्ठ २७३–२८४ |
|---|---|---|
| १ डम्बर शाह | ९ | ९ |
| २ कृष्ण शाह | १६ | ११ |
| ३ रुद्र शाह | ११ | १६ |
| ४ पृथ्वीपति शाह | ४७ | ४७ |

| | राइट-१८७० पृष्ठ २८९-२९१ | इतिहास पृष्ठ २४ भाग ५ पृष्ठ ३७२ | यौटा अर्को वंशावली |
|---|---|---|---|
| १ डम्बर | ९ | ९ | ९ |
| २ कृष्ण | १६ | १६ | १६ |
| ३ रुद्र | ११ | ११ | ११ |
| ४ पृथ्वीपति | ४७ | ४७ | ४७ |

माथिका अङ्कमा कृष्ण शाह तथा रुद्र शाहका राज्यकालका अङ्कका विषयमा जो पार्थक्य देखिन्छ त्यसको विचार अलि पछि गर्न थानी राखी पहिले पृथ्वीपति शाहका राज्यकालका विषयमा विचार गरिन्छ ।

पृथ्वीपति शाहका पिता रुद्र शाहको विक्रम संवत् १७३० ज्येष्ठ १६७३ को एउटा तमसुकको नकल छापिएको छ। यो पहिले ऐतिहासिक पत्र संग्रह भाग–२ मा वि. सं. २०२१ १९६४ मा छापियो । (पृष्ठ १०–१५) फेरि उही वर्ष श्री देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा अङ्क २ मा छापियो । फेरि अर्को वर्ष योगी नरहरि नाथद्वारा इतिहास प्रकास भाग ५ (पृष्ठ ५३) मा छापियो । यसबाट १६७३ सम्म रुद्र शाह जीवित

भएको प्रमाणित हुन्छ । नरभूभाल शाहको मृत्यु १७४२ मा भयो । ई दुइ मितिको अन्तर ६९ वर्ष भयो । नरभूपाल शाहले २६ वर्ष राज्य गरेको कुरा सबै वंशावलीद्वारा स्वीकृत छ । यो २६ वर्ष ६९ वर्षबाट झिक्यो भने ४३ वर्ष बाँकी रहन्छ। यताबाट रुद्र शाहको राज्यकालको अन्तिम वर्ष १६७३ रहेछ तथा पृथ्वीपति शाहले ४३ वर्ष औ नरभूपाल शाहले २६ वर्ष राज्य गरेछन् भनेर अनुमान गर्न केही आधार पाइन्छ।

कृष्ण शाह तथा रुद्र शाहको राज्य–कालका विषयमा वंशावलीहरूका बहुमतका आधारमा कृष्ण शाहलाई १६ वर्षको नै राज्य–काल प्रदान गर्नुपर्छ । उसमाथि पनि सबैभन्दा पुरानो हाजसनको वंशावली १६ वर्षका पक्षमा छ । रुद्र शाहको राज्य अवधि अब १२ वर्षको हुन्छ किनभने ११ वर्ष वंशावलीहरूको बहुमत तथा सबैभन्दा पुरानो वंशावलीका साक्ष्यका आधारमा छ औ त्यसमा १६७३ का तमसुकको एक वर्ष जोर्दा १२ वर्ष हुन्छ ।

वंशावलीहरूमा पृथ्वीपति शाहको भोग वर्ष ४७ लेखिएको कारण पनि अब बुझिन्छ। वंशावलीकारहरूलाई गोर्खाली राजाहरूको शासन कालका विषयमा ४ वर्षको सन्देह भएछ औ सो मिलाउन उनीहरूले पृथ्वीपति शाहको सबैभन्दा लामो शासन कालमा ४ वर्ष थपी त्यसलाई ४७ वर्ष तुल्याई अझ लामो तुल्याएका रहेछन् ।

उपर्युक्त चार राजाहरूको राज्यकाल अब तल लेखे बमोजिम हुने भयो ।

| | शाके | सन् | |
|---|---|---|---|
| डम्बर शाह | १५५८-१५६७ | १६३६-१६४५ | ९ वर्ष |
| कृष्ण शाह | १५६७-१५८३ | १६४५-१६६१ | १६ वर्ष |
| रुद्र शाह | १५८३-१५९५ | १६६१-१६७३ | १२ वर्ष |
| पृथ्वीपति शाह | १५९५-१६३८ | १६७३-१७१६ | ४३ वर्ष |

कृष्ण शाह तथा रुद्र शाहका भोग वर्षको टुंगो लाउने उपाय वंशावलीहरूको बहुमत तथा प्राचीनतालाई मान्न परेको कारण अरू प्रमाण हाल उपलब्ध नभएर हो ।

डम्बर शाहका राज्य–कालका विषयमा सबै वंशावलीमा ऐकमत्य छ । त्यस कारण यसलाई पनि ९ बर्ष भनी स्वीकार गर्नु नै बढिया छ ।

| | शाके | सन् | वर्ष |
|---|---|---|---|
| द्रव्य शाह | १४८१-१४९२ | १५५९-१५७० | ११ |
| पुरन्दर शाह | १४९२-१५२७ | १५७०-१६०५ | ३५ |
| छत्र शाह | १५२७-१५२८ | १६०५-१६०६ | ७ महीना |
| राम शाह | १५२८-१५५८ | १६०६-१६३६ | ३० |
| डम्बर शाह | १५५८-१५६७ | १६३६-१६४५ | ९ |
| कृष्ण शाह | १५६७-१५८३ | १६४५-१६६१ | १६ |
| रुद्र शाह | १५८३-१५९५ | १६६१-१६७३ | १२ |
| पृथ्वीपति शाह | १५९५-१६३८ | १६७३-१७१६ | ४३ |
| वीरभद्र शाह | ० | ० | ० |
| नरभूपाल शाह | १६३८-१६६४ | १७१६-१७४२ | २६ |
| | | | १८२ वर्ष ७ महीना |

माथिको सारणी उति बलिया प्रमाणका आधारमा तैयार गर्न नसकिएको भए तापनि आधुनिक समयको आवश्यकतालाई यसले यो लेखका प्रारम्भमा लेखिएको वंशावलीहरूका अनुकूल सारणीभन्दा राम्ररी यो सम्बन्धको हाम्रो ज्ञानको प्रतिनिधित्व गर्छ भन्ने लेखकको विचार छ ।

# तान्त्रिक दर्शन–एक परिचय

*—खोमराज नेपाल एम. ए. आचार्य*

हिजोआज हाम्रो यहाँ यो भ्रमात्मक धारणा साधारण जनमानसमा बद्धमूल भएको पाइन्छ — तन्त्र अथवा तान्त्रिकको अभिप्राय जादू, टोना, मन्त्र, मन्त्रादीद्वारा कसैको हित, अहित अथवा इष्ट, अनिष्ट उत्पन्न गर्नु हो । तसर्थ त्यो अनर्थकारी, निम्नकोटिको, निन्द्य तुच्छ विषय हो, यसमा कुनै उच्च प्रयोजन, सिद्धान्त आदि रमणीय विषय वस्तुको प्रतिपादन छैन इत्यादि । परन्तु यो वास्तविक तथ्य कुरा होइन । तन्त्रबारे उक्त विचार राख्नु वस्तुतः सत्यको उपेक्षा र असत्यको समर्थन गरी तन्त्रप्रति अन्याय गर्नु हो ।

संस्कृत साहित्यमा 'तन्त्र' शब्दका अनेक अर्थ दृष्टिगोचर हुन्छन् । कसैको मतमा 'तन्त्र' तर्कको विज्ञान हो भने कसैको मतमा शास्त्रवाचक । जस्तै अर्थतन्त्र, समाजतन्त्र इत्यादि । कालिदासले शाकुन्तल नाटकमा 'तन्त्र' को प्रयोग प्रशासन अर्थमा गरेका छन् त जयदेव कविले प्रसिद्ध गीतिकाव्य गीतगोविन्दमा सिद्धान्त अर्थमा । यस्तै रीतिले कात्यायनको मतानुसार धर्मानुष्ठान अथवा कर्मकाण्डसम्बन्धी शास्त्रीय आदेशपरक 'तन्त्र' शब्द छ । यसरी त-तत् प्रसंग र स्थलमा अन्य अनेक अर्थमा पनि यसको प्रयोग भएको पाइन्छ । जे होस् प्रकृत विषयको निम्ति युक्त 'तन्त्र' शब्दको अर्थ युक्ति हो । जुन शास्त्र ग्रन्थमा देवता सम्बन्धी मन्त्रजाप, उपासनाद्वारा जीवात्मालाई परमात्मामा लीन बनाउने विधिविधानको वर्णन गरिन्छ अर्थात् तद्विषयक युक्तिको बोध गराइएको हुन्छ, त्यसलाई तन्त्रशास्त्र भन्दछन् । जसमा सम्पूर्ण प्राणीको कल्याणका निमित्त शिव, पार्वतीको प्रश्नोत्तर, परिसंवाद संकलित होस् त्यो तन्त्र हो जो एक प्रकारको धर्मशास्त्र नै हो ।

हिन्दूहरूका धर्मशास्त्रलाई युग–काल अनुसार मुख्यतः यो चार भागमा विभाजित गरिएको छ, ती भाग हुन् —श्रुति,स्मृति, पुराण तथा तन्त्र । एवं युग पनि उक्त मतानुसार चार नै छन्—सत्य, त्रेता, द्वापर र कलि । युगधर्म, युगावश्यकतालाई ध्यानमा राखी शास्त्र पनि प्रत्येक युगका बेग्लाबेग्लै छन्, उदाहरणार्थ—सत्ययुगको लागि श्रुति, त्रेताको स्मृति, द्वापरको पुराण र कलिकालको लागि तन्त्र नामले सुविख्यात छन् । जस्तो – 'सर्वोल्लास' तन्त्रबाट विदित हुन्छ ।

**सत्ये श्रुत्युक्तकर्माणि त्रेतायां स्मृतिसम्मतम् ।**
**द्वापरे तु पुराणोक्तं कलावागमसम्मतम् ॥**

यसरी युग कालका भोग, आवश्यकता हेरी तदनुसार लक्ष्य प्राप्ति, पूर्तिका विधि विधान साधन प्रकारको निरूपण गर्नु युक्तियुक्त, वैज्ञानिक कुरो हो । यद्यपि परम प्रयोजन, पुरुषार्थको रूपमा प्राप्तव्य, ज्ञातव्य तत्त्व नित्य शाश्वत्, अपरिवर्तनशील हुनाले सदा एकरूप नै हुन्छ किन्तु त्यसको उपलब्धि, साक्षात्कार र उपदेशका उपाय, उपादान, प्रकार प्रत्येक युगकालमा अवश्य भिन्न हुन्छन् ।

धर्मको सर्वोच्च तथा मौलिक आधार श्रुति नै हो किनकि त्यो अनादि अपौरुषेय पनि सिद्ध हुन्छ । यो ईश्वरीय ज्ञान हो न कि ईश्वररचित । किनकि कुनै पनि विषयवस्तु कर्ता रचयिता सावयव विनाशी हुनुपर्छ परन्तु ईश्वरको उक्त स्वरूप संभव छैन । श्रुति केवल सुनिन्छ, परम्पराबाट प्राप्त हुन्छ नकि कसैबाट नवीन बनाइन्छ जो 'श्रुति' यसै नामबाट स्पष्ट सूचित हुन्छ । ऋषि पनि यसका द्रष्टा हुन् नकि कर्ता । युगान्त कालमा श्रुतिका सूक्ष्म समाधिगम्य तत्तद् भागको साक्षात्कार गरेका हुनाले उनको नाममा ती श्रुतिभागको नामकरण पनि हुन गएको हो । अतः स्मृति, पुराण तथा तन्त्रको मूलाधार श्रुति नै हो र वास्तवमा उनको कार्य

पनि श्रुतिप्रतिपादित त्यसै एक शाश्वत् सत्य तत्त्वको एक विशेष भिन्न सरल प्रकारले व्याख्या गर्नु हो । भाषा भिन्न भए पनि भाव्य वस्तु अभिन्न नै हुन्छ । 'तन्त्र' शास्त्र, यस प्रकार श्रुतिकै विवरण, विशेष व्याख्या हो र यसलाई पञ्चम वेद पनि भन्दछन् । यसरी परंम्परावादी हिन्दूहरूले श्रुति तथा तन्त्रलाई समान श्रेणीमा राख्दछन् र भन्दछन् — विभिन्न युगकालका परिस्थितिको विचार गरी वेदले धर्मशास्त्रको व्यवस्था गरेको छ र यसै क्रममा कलियुगका निम्ति व्यावहारिक रूपले विशेष उपयोगी तन्त्रशास्त्रको व्यवस्था गरिएको छ । वेदको तन्त्रसितको संबन्धलाई उनीहरूले त्यस सम्बधसित तुलनां गर्दछन्, जुन सम्बन्ध जीवात्मा र परमात्माका बीच अवधारित गरिन्छ ।

यो तन्त्रशास्त्र अति प्राचीन कालदेखि नै कुनै न कुनै रूपमा विद्यमान थियो । प्रतिपाद्य विषयवस्तुको दृष्टिले तन्त्रशाश्त्रमा हामी पाउँदछौं—सर्वोच्च सत्ताको विश्वको उत्पत्ति, विनाश र परिपालनको देवाराधन । मन्त्र साधनाको छन्द, कोष, व्याकरण, चिकित्सा, ज्योतिष, शाकुन, षट्कर्म, राजधर्म, युगधर्मादि, ध्यान, योग आदिको विस्तृत विवेचन एवं प्राणीका विभाजन, वर्गीकरणको, परमेश्वरस्वरूप र उसका उपासना आराधनाको दिव्य देह, विभिन्न विश्व संसार, स्वर्ग, नरक, स्त्री, पुरुष, धर्म आश्रम, अनुष्ठान, मन्त्र, यन्त्र, विभिन्न आध्यात्मिक प्रशिक्षण, अनुभवका रूप, वाह्य तथा आन्तरिक व्याधि निराकरण, विज्ञान तथा अन्य अनेक विषयवस्तुको निरूपण ।

यी तन्त्रलाई प्रायः आगम र निगमका रूपमा पनि व्यवहार गरिन्छ । शिवजीको मुखबाट निःसृत भई पार्वतीको श्रुतिप्रदेशमा प्रविष्ट र वासुदेवद्वारा प्रमाणित सम्मत हुनाले यसलाई आगम र त्यस्तै गिरिजाको मुखारविन्दबाट निर्गत भई शिवको श्रवणपुटमा प्रविष्ट र विष्णुद्वारा सम्मत भएकोले निगम भन्दछन् । जस्तो –'सर्वोल्लास' नामक तन्त्रमा आगम, निगमको लक्षण, र परिभाषा बताइएको छ —

**आगतं शिववक्त्राद्द् गतं च गिरिजाश्रुतौ**
**मतं च वासुदेवस्य तस्मादागम उच्यते । तथा**
**निर्गतः शांकरीवक्राद् गतश्च गिरिशानने**
**मतः श्रीवासुदेवस्य तस्मान्निगम उच्यते ।।**

यस प्रकार आगम त्यस तन्त्रलाई भनिन्छ जहाँ गुरु शिष्य उपदेशक उपदिश्यको रूपमा शिव पार्वतीका प्रश्नोत्तर–परिसंवादको संग्रह होस् एवं जसमा स्वयम् पार्वती उपदेशिका समाधानकर्त्री बनेकी होऊन्, त्यो निगम हो । यस रीतिले तन्त्रको विस्तार भौतिक विज्ञानदेखि लिएर अध्यात्मविज्ञानको सीमासम्म पुग्दछ । अन्य शब्दमा यसलाई मन्त्रशास्त्र भन्न सकिन्छ र कलियुगको योगशास्त्र पनि हो ।

वाराहीतन्त्रमा तन्त्रको लक्षण यस प्रकार गरिएको छ :—

**सर्गश्च प्रतिसर्गश्च मन्त्रनिर्णय एव च ।**
**देवतानां च संस्थानं तीर्थानां चैव वर्णनम् ।।**
**तथैवाश्रमधर्मश्च विप्रसंस्थानमेव च ।**
**संस्थानं चैव भूतानां यन्त्राणां चैव निर्णयः ।।**
**उत्पत्तिर्विवुधानां च तरूणां कल्पसंज्ञिनाम् ।**
**संस्थानं ज्योतिषां चैव पुराणाख्यानमेव च ।।**
**कोशस्य कथनं चैव व्रतानां परिभाषणम् ।**
**शौचाशौचस्य चाख्यानं नरकाणां च वर्णनम् ।।**
**हरचक्रस्य चाख्यातं स्त्रीपुंसोश्चैव लक्षणम् ।**
**राजधर्मो दानधर्मो युगधर्मस्तथैव च ।।**
**व्यवहारः कथ्यते च तथाचाध्यात्मवर्णनम् ।**
**इत्यादि लक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते ।।**

उपर्युक्त लक्षणयुक्त शास्त्रलाई तन्त्र शब्दले व्यवहार गरिन्छ ।

हिन्दूहरूका समस्त साधना उपासनाको कुन्जी तन्त्र नै हो, सम्पूर्ण सम्प्रदायको सम्पूर्ण साधनाको गूढ रहस्य विधिवत् यसै तन्त्रशास्त्रमा निहित छ ।

तन्त्रशक्ति उपासनाका नियम विधानको संहितामात्र होइन अपितु सबै साम्प्रदायिक साधनाको एकमात्र प्रामाणिक आधार पनि यै हो । यसमा स्थूलतम साधना प्रणालीदेखि लिएर अति गोपनीय रहस्यपूर्ण मन्त्र शास्त्र, योगसाधना आदि सम्पूर्ण क्रियाकौशलको विशद वर्णन पनि छ ।

जसरी मानव प्रकृति सात्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ । त्यसरी नै तन्त्र शास्त्र

पनि उक्त भेदले तीन प्रकारको हुन्छ । एवं यसको साधना प्रणाली त्यसै गरी गुणभेदले तीन प्रकारको हुन्छ । जसको जस्तो प्रकृति अथवा अभिरुचि हुन्छ उस्तै प्रकारको उसले तद्नुरूप पथ र प्रकारद्वारा सिद्धि प्राप्त गर्दछ । जो शक्ति देवस्वभाव अथवा देवीगुणयुक्त जीवका जननीरूप हुन् ती नै असुरकी पनि जननी हुन् । यसकारण दुवैले आ–आफ्नो अभीष्टसिद्धिका निम्ति आराधना उपासना गर्दछन्, किन्तु फल भिन्ना-भिन्नै हुन्छ । यसै कारणले शास्त्रमा दुवै प्रकारका साधकको निम्ति दुवै प्रकारका साधनाको मार्ग बताउंदछ ।

हाम्रा प्राचीन शास्त्रमा उपासक सम्प्रदायलाई पाँच भागमा विभाजित गरेको छ । जस्तै—गाणपत्य, सौर, शाक्त, वैष्णव तथा शैव । वास्तवमा यो उपासना पृथक् पृथक् देवताको होइन किन्तु उसै एक बिश्वतोमुख परब्रह्मा परमात्माको उपासना हो जो कालान्तरमा पृथक् पाँच भावमा विभाजित हुन गएको हो । शास्त्रमा भनेको छ—

**सौराः शैवगणेशाश्च वैष्णवाः शक्तिपूजकाः ।**
**मामेव ते प्रपद्यन्ते वर्षाम्भः सागरं यथा ।।**
**एकोहं पञ्चधा भिन्नः क्रीडार्थं भुवनेऽखिले ।**

अर्थ—जस्ता प्रकारले वर्षाको जल चारैतिरबाट आएर अन्ततः समुद्रमा मिल्दछ, त्यस्तै गाणपत्यादि उपासक पनि विभिन्न उपासना पद्धतिद्वारा परब्रह्ममा नै प्राप्त हुन्छन् । वाचक शब्द नै भिन्न हुन् नकि वाच्यार्थ । देवताका जति नाम र रूप छन्, वास्तवमा ती सबैले एक परब्रह्मा परात्माको बोध गराउँछन् । यो सम्पूर्ण जगत् शिवशक्तिमय छ ।

तीन भाव—शिव, शक्ति र विष्णुमा जसले एकत्व-दर्शन गर्दछ, त्यै वस्तुतः ज्ञानी हो । यसप्रकार यद्यपि व्यावहारिक भेदको आधारमा पञ्चदेवोपासना प्रचलित छ तथापि ती पञ्चदेव एक परब्रह्मक स्फुरणमात्र हुन् ।

तन्त्रशास्त्रमा योगसाधना पद्धति जो निरूपण छ, त्यो छ पूर्ण वैज्ञानिक । यसबाट मनुष्यलाई आदर्श, पवित्र जीवनको सरल मार्ग मिल्दछ, जसको अनु-सरणबाट जीवनको त्यस सर्वोच्च शिखरमा पुग्न सकिन्छ जहाँ साधकले यो अनुभव गर्न लाग्दछ —उसको त्यो स्थिति त वस्तुतः उसैको भिन्न थियो जसको साक्षात्प्रत्यक्ष ज्ञान कुनै माध्यमबाट होइन अपितु स्वतः अन्तर्निरीक्षण मात्रबाट सम्भव छ । त्यस परम पदमा पुगेपछि जीवात्माको त्यो स्थिति हुन्छ, जसलाई मुक्ति भनिन्छ । मुक्ति नै मानवजीवनको परम पुरुषार्थ हो, लक्ष्य हो । दुर्भाग्यवशः अधिकांश व्यक्तिको निम्ति मुक्तिधाममा प्रवेशको द्वार एकदम बन्द थियो, किन्तु जब उनको मुमुक्षुता क्रमशः तीव्र भयो, तब आफ्नो कल्याणका निम्ति उनले एक नूतन मार्ग र साधनको खोज गरे । यो नूतन मार्ग आगमतन्त्रको मार्ग हो र नवीन साधन वीज मन्त्र एवं तन्त्र हुन् ।

तन्त्रशास्त्रले ती सबै सदियौंदेखि अवहेलित, अपमानित बलात् अस्पृश्य र निम्न मानिएका अनुसूचित जाति, सम्प्रदाय, समाज र लिङ्गका व्यक्तिलाई आत्म-कल्याणको उचित मानवीय अधिकार प्रदान गरेर अति महान् उपकार गरेको छ जो अन्य शास्त्र ग्रन्थले उनको निम्ति सर्वथा निषिद्ध घोषित गरेको थियो । तन्त्रशास्त्रको यो घोषणा जाति, लिङ्ग र धर्मलाई लिएर मनुष्य मनुष्यमा कुनै भेद छैन, अत्यन्त उदार र क्रान्तिकारी छ । आगम मार्गमा मानवमात्र दीक्षाको अधिकारी हुन्छ । वेदले लगाएको निषेध, प्रतिवन्ध फुकाएर तन्त्र शास्त्रले ती असंख्य मानवको उद्धार गरेको छ । वैदिक व्यवस्थाअनुसार ती व्यक्तिलाई आत्म-कल्याणको कुनै अधिकार छैन जो निम्न जातिसंग वेदाध्ययनको पनि अधिकार छैन, किनकि वेदाध्ययन उपनयन संबन्धित हुन्छन् । उक्त व्यवस्थामा स्त्री तथा शूद्रलाई संस्कारपूर्वक हुनु पर्छरे, जुन स्त्री शूद्रको हुँदैन । अतः आत्मकल्याण आत्मज्ञानको उपायभूत वेदाध्ययन अधिकार नै प्राप्त छैन । यत्तिमात्र खेदको विषय हो । विषय त अझै यो छ ती व्यक्तिको लागि पनि जो उच्चशिक्षित र संस्कृत नै किन नहोऊन्, वैदिक साधनानुष्ठानसम्बन्धी अधिकार प्राप्त हुन सक्तैन यदि ती जन्मतः ब्राह्मण, क्षत्रिय अथवा वैश्यकुलमंग संबन्धित नहोऊन् यद्यपि यो वेदका तथाकथित व्याख्याता भाष्यकर्ताकै कपोलकल्पित हृदयक्षुद्रता, मूढता, संकीर्णतामूलक व्यवस्था हो, वेदमा त्यस्तो भेदभाव, पक्षपात, अन्यायपूर्ण संकुचित व्यवस्था छैन र हुन पनि सक्तैन । वेदले त जिज्ञासु, योग्य मानव मात्रलाई आत्मकल्याण, आत्मोन्नतिको समान अधिकार प्रदान गरेको छ । जस्तो —वेदमा स्पष्ट घोषित छ— "यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः ।" संक्षेपमा

वास्तविक वैदिक व्यवस्था त यस प्रकार छ—जाति र वर्ण बेग्लै हुन् एकत्वबुद्धि भ्रमात्मिक हो । सामाजिक हित, उन्नति, व्यवस्था, मर्यादाका निमित्त ब्राह्मण, क्षत्रियादि वर्ण हुन् नकि जाति । 'वर्ण' पद गुणवाचक, वृत्ति व्यवसायवाचक हो । जन्मना वर्ण होइन जाति निश्चित हुन्छ र त्यो 'मानवता' रूप एक छ, किन्तु वर्ण गुण कर्म निमित्तक हो नकि जन्मप्रयुक्त । वर्ण तत्कालीन व्यवस्थानुसार चार छन् एवं अन्य कर्मको आधारमा अरू पनि हुन सक्तछन् । प्रत्येक वर्णका निम्ति कर्म निश्चित, निर्धारित गरिएका छन्, तर कर्म, वृत्तिचयनमा ती स्वतन्त्र छन्, पहिले कर्मचयन त्यसपछि वर्णनिश्चय । कर्मानुसार नै ती त-तद् वर्ण–विशेष पद व्यवदेश्य पनि हुन्छन् इत्यादि । यसको पुष्टि निम्न लिखित प्रबल प्रमाणहरूबाट हुन्छ —

**समानप्रसवात्मिका जातिः । न्या. सू.**
**आकृतिग्रहणा जातिः । जातिव्यवस्था ।**
**वृत्या निर्णीयते वर्णो वृत्यैव विनियम्यते ।**
**वृत्या संगृह्यते लोको तस्माद् वृत्तिर्गरीयसी । महाभारत ।**
**चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः । गीता ।**
**शूद्रो ब्राह्मणतामेति ब्राह्मणश्चैति शूद्रताम् । मनु ।**
**सर्वे एते शब्दाः गुणसमुदायेषु वर्तन्ते—ब्राह्मणः, क्षत्रियो, वैश्यः, शूद्र इति । पतञ्जलि–म. भा.–२।२।६।**

अस्तु, यस वस्तुस्थितिको अपलाप, अवहेलना गरी कतिपय स्वार्थी व्यक्तिले वेदको मनोवाञ्छित, विपरीत व्याख्या गरी एकाधिपत्य स्थापित गरे, जसको तन्त्रशास्त्रले विरोध गर्‍यो र ती अधिकारवञ्चित व्यक्तिलाई तन्त्रशास्त्रले सहानुभूतिपूर्वक इष्टसिद्धि, आत्मोन्नतिको पृथक् व्यवस्था गर्‍यो । तन्त्रशास्त्रमा सबै जिज्ञासु स्त्री, पुरुषलाई समान अधिकार प्राप्त छ, चाहे ती कुनै पनि जाति, संप्रदायका किन नहोऊन् ।

तन्त्र सर्वप्रथम व्यवहार शास्त्र हो, जो प्रथमतः आवश्यकरूपले कर्मसंग संबन्धित छ । यस प्रसंगमा यो स्मरणीय छ — हिन्दूहरू ज्ञान कर्मका बीचमा सह–सम्बन्ध स्थापित गर्दछन् । यद्यपि कर्मको त्यो ज्ञानसंग साक्षात्संबन्ध छैन जुन ज्ञान मुक्तिजनक हुन्छ । तथापि उक्त ज्ञान उचित कर्माचरणविना पनि सम्भव छैन । त्यो कर्म अरू केही होइन प्रत्युत शारीरिक मानसिक र आध्यात्मिक अभ्यास, व्यायाममा निर्भर गर्दछ, जसलाई साधारणतः साधना भनिन्छ ।

साधनाको आफ्नो इतिहास छ जो जाति र सम्प्रदायका भेदले भिन्न छ । तन्त्रशास्त्रमा हिन्दूका प्रत्येक कार्य विषय 'साधना' नामले व्यवहृत हुन्छ; त्यसैले तन्त्रशास्त्रलाई साधनाशास्त्र पनि भन्दछन् तन्त्र यस प्रकार व्यवहारशास्त्र हो, जसले व्यवहारका नियम, विधान र प्रमाण प्रस्तुत गर्दछ । यसकारण आध्यात्मिक क्षेत्रमा पनि तन्त्रको आवश्यकता, उपयोगिता निर्विवाद स्वीकार गरिन्छ । सम्भव छ, वेदान्तशास्त्रको अध्ययनले वृहत् बौद्धिक प्रतिभाशाली व्यक्तित्व उत्पन्न गर्न सक्तछ तथा दार्शनिक सिद्धान्तका सूत्र उपनिवद्ध गर्न सक्ला, तर व्यावहारिक दृष्टिले त्यसको कुनै मूल्य हुनेछैन, यदि उसले व्यवहार दर्शनको उपेक्षा गरोस् । केवल शास्त्रीय ज्ञानबाट मुक्तिजनक कल्याणकारी ज्ञान हुन सक्तैन । अतः उभय-सिद्धान्त र प्रयोगको समुचित समन्वित ज्ञान नै उत्तम लक्ष्यप्राप्तिको सहायक हुन सक्तछ । उभयको सहास्तित्व, सहानुगम, अनुपालन नै समर्थ इष्टसाधन हुन सक्तछ नकि पृथक् पृथक् । जहाँ अन्य शास्त्र केवल सैद्धान्तिक हुन्छन्, वहाँ चिकित्साविज्ञान र तन्त्रशास्त्र यस्ता छन्, जो सैद्धान्तिक हुनका साथसाथै व्यावहारिक, प्रयोगात्मक अतएव स्वयम्प्रमाण पनि छन् । तन्त्रशास्त्र व्यावहारिक हुनुको साथै आदर्शवादी पनि हो । तर्क, युक्तिको निकषामा नकसिएको धर्म यथार्थ हुन सक्तैन एवं कुन साधक व्यक्ति धर्मसिद्धान्तको उपयुक्त हुन्छ, एतदर्थं तार्किकशक्तिको आवश्यक पर्दछ । जति जसमा यी गुण होलान्, त्यत्तिले त्यो धार्मिक क्षेत्रमा सफल पनि सम्झिन्छ तथा यो पनि सुविदित कुरा छ–शास्त्रीय मन्त्र, साधनानुष्ठानको फलोत्पादकता अधिकांशतः साधकको उपयुक्तता र न्यायसंगत शक्तिमा निर्भर गर्दछ ।

वेदान्त प्रति आसक्ति, आग्रहको कारणले कतिपय व्यक्तिले ज्ञानलाई नै बढी महत्त्व दिएर कर्मकाण्डलाई दुर्बल बताउँदछन्, त्यस व्यक्ति निमित्त जसले आत्मज्ञान प्राप्त गरिसकेको छ अवश्य कर्म मूल्यरहित छ । किन्तु यहाँ यो स्मरणीय

छ — कुनै प्रकारले पनि वेदान्त प्रतिपादित युक्ति, भाषाको अधिकारमात्रले आवश्यक रूपले आत्मज्ञानको नेतृत्व गर्न सक्तैन । एक ज्ञानी त्यो हो, जसले आत्माको सैद्धान्तिक र प्रत्यक्ष ज्ञान मात्र राख्दैन अपितु साथसाथै व्यावहारिक क्षेत्रमा पनि परि-निष्ठित, परिपक्व भएको होस् । वास्तविक ज्ञानले आत्म–शुद्धि, चित्त–शुद्धि तथा आत्मानुभव खोज्दछ र त्यसैले सत्य अर्थमा आत्मामाई अन्तर्गत र वहिर्गत बन्धनबाट मुक्त गर्न सक्तछ । उचित कर्मानुष्ठानले आत्मशुद्धि गराउँछ जसमा विशुद्ध ज्ञान उदित हुन्छ । यसै कर्म–काण्ड र ज्ञान–काण्डको परस्पर संबन्ध छ । तन्त्रशास्त्रले केवल द्वैत अथवा अद्वैतको होइन किन्तु दुवैको व्याख्या गर्दछ । तन्त्रशास्त्रद्वारा विहित, प्रतिपादित व्रत, पूजा द्वैतधारणामा आधारित छ भने आध्यात्मिक अनुभव जो उपासनाद्वारा प्राप्त हुन्छ एवं जसले त्यति आत्मालाई समष्टि पूर्णात्मामा मिलाउँदछ, पूज्य पूजकको एकतामा निर्भर छ । यै एकत्वदर्शन तान्त्रिक साधनाको परम फल हो । यै संक्षेपमा तान्त्रिक दर्शन हो ।

उपर्युक्त विवेचनाबाट तान्त्रिक दर्शनको के विशेषता परिलक्षित हुन्छ भने जहाँ अन्य शास्त्र संप्रदायले संसार-लाई दोषयुक्त बताई उसका परित्यागको उपदेश दिन्छन्, वहाँ तन्त्रको सन्देश के छ भने संसारमा प्रतीयमान दोष वस्तुतः संसारको होइन अपितु हाम्रै दृष्टिको हो । दोष वस्तुगत किन्तु व्यक्तिगत हुन्छ । अतः त्याग संसारको होइन किन्तु दृष्टिदोष दृष्टिमलिनताको हुनु पर्छ । यसरी तन्त्रशास्त्रले संसारत्याग कर्मत्यागबाट होइन किन्तु संसार सांसारिक वस्तुमाथिबाट तिनैको अनुभवतः भोग र दिव्यतादर्शनको माध्यमबाट जीवकल्याणको प्रशस्त मार्ग प्रस्तुत गर्दछ । संसार, सांसारिक विषयवस्तुको त्याग, शाप-सरणबाट होइन, यसैमा कर्मशील रहेर यिनैको अनुभव गर्दै व्यक्तिको गति, दृष्टि र भावनामा परिवर्तन ल्याएर उसका कल्याणको, मुक्तिको सरल मार्ग उपाय अन्वेषण गरी प्रस्तुत गर्दछ, यै तान्त्रिक दर्शन पद्धतिको विषय र विशेषता हो ।

# "हिन्दू विवाहपद्धतिको वैज्ञानिकता"

—*देवीप्रसाद लंसाल*

कन्यार्थी वर जब कन्यादाताका घरमा आउँदछ, कन्यादानको समयभन्दा केही पहिल्यै पादप्रक्षालनको कर्म हुन्छ । यो कर्म लौकिक होइन, वैदिक कर्म हो । प्रादप्रक्षालनको समय आएपछि, दाताको शक्तिअनुसार, बर कन्यालाई वस्त्र, सिंहासन, शय्या जे हुन्छ आरामसाथ बस्न हुने आसनमा बसाउनुपर्दछ । त्यो आसन शुद्ध, पवित्र हुनुपर्दछ ।

जस्तै :—

**सिंहासनं सुवर्णादिधातुना निर्मितं शुभम् ।**
**दारुभिर्निर्मितं चाथ शरैर्वा शुद्धमासनम् ।।**

वरकन्या आसनमा बसिसकेपछि कन्यादाताले वरलाई संबोधन गरेर "अर्थयिष्यामो भवन्तम्" यो वाक्य उच्चारण गरेपछि वरले पनि "अर्चय" भनेर अनुमति दिएपछि "२५ सिङ्गा कुशलाई शुद्ध धागोले लपेटेर बनाएकोलाई 'विष्टर' भन्दछन्" त्यस्तो विष्टर कन्यादाताले दुवै हातले समातेपछि, पुरोहितले तीन पटक 'विष्टरः, विष्टरः, विष्टरः' भन्दछन्, त्यसपछि कन्यादाताले बरलाई संबोधन गरेर विष्टरः प्रति गृह्यताम् भनेपछि वरले 'विष्टरं प्रतिगृह्णामि' भनेर त्यो विष्टर उत्तरपट्टि मुख पारेर आसनमुनि राख्दछ । त्यसपछि वरकन्याको हात धुलाएपछि, पाउ धुनलाई सुनको, चाँदीको अथवा तामाको झारीमा केही मनतातो जल भरेर राख्नू ।

जस्तै :—

**पाद्यार्थमुदकं कोष्णं ताम्रपात्रे च संस्थितम् ।**
**तेन प्रक्षालयेत्पादं विधिना च तथा परम् ।।**

त्यस जलको धारा कन्या दाताकी स्त्रीले दिने र कन्या दाताले पाउधुने, कन्यादाताले जलधारा दिने र कन्याकी आमाले पाउ धुने, पाउधुँदा वरले, यसो भन्नुपर्दछ,–हे सुसंस्कृत पवित्र जल ? तिमी विराट् पुरुषका शरीरबाट उत्पन्न भएका रससार हौ, हे उदक ? म तिमीलाई लिन्छु, हे विराट्का रससार ? मन्त्रद्वारा संस्कार गरिएका जल, मेरो पादप्रक्षालन गर्न योग्य होऊ, भन्ने मन्त्र पढ्दै प्रक्षालन गर्नू, मन्त्र पढिसकेपछि होइन ।

जस्तै :—

**"विराजो दोहोसि विराजो दोहमसीय मयि पाद्यायै विराजो दोह ।"**

पाउ धुँदा ब्राह्मणको पहिले दाहिने, पछि बायाँ, क्षत्रियको पहिले बायाँ, पछि दाहिने धुनुपर्दछ । कन्या–दाताका दम्पतिले धोइसकेपछि अरू परिवारले धुने परंपरा छ ।

पादप्रक्षालनपछि अर्घदान हुन्छ । विवाहको निमित्त भिन्न–भिन्न धातुको अर्घपात्र बनाउनुपर्दछ भनेर बताएको छ । जस्तै ब्राह्मणलाई काँसको, क्षत्रियलाई सुवर्णको, वैश्यलाई चाँदीको, शूद्रलाई फलामको अर्घपात्र बनाउनुपर्दछ ।

जस्तै :—

**कांश्यपात्रं भवेद्विप्रे स्वर्णपात्रं तु भूमिपे ।**
**रौप्यपात्रं भवेद्वैश्ये लौहपात्रञ्च शूद्रके ।।**

यस प्रकारको पात्र तयार भएपछि, त्यस पात्रमा कुश, चन्दन, फूल, अक्षता, जल, दूध, दही, रुक्म (.........) यी आठ वस्तु विवाहको अर्घपात्रमा राख्नुपर्दछ ।

जस्तै :—

**कुशचन्दनपुष्पाणि चाक्षता उदकं तथा ।**
**पयो दधि तथा रुक्ममष्टाङ्गोर्घ्यं करग्रेह ।।**

यसरी अर्घपात्र तयार भएपछि पुरोहितले 'अर्घः, अर्घः, अर्घः' तीन पटक भनेपछि कन्यादाताले अर्घ पात्र दुवै हातले समातेर 'अर्घः प्रति गृह्यताम्' भन्ने वाक्य उच्चारण गरेपछि वरले 'अर्घं प्रतिगृह्णामि' भनेर कन्यादाताको हातबाट आफ्नो हातमा लिनुपर्दछ । हे जल? तिमीबाट म सबै प्रकारका इच्छित पदार्थ पाऊँ भनेर त्यस अर्घपात्रको जल–फूल आफ्नो शिरमा चढाउनू ।

जस्तै :—

**दातुरर्घ्योऽर्घमादाय तस्माच्छिरसि धारयेत् ।**
**मन्त्रान्ते सर्वकामः सन् किञ्चित्पुष्पादिकं वरः ।।**

त्यसपछि बाँकी जललाई, हे जल? अहिले मेरो कार्य सम्पन्न भएको हुनाले म तिमीलाई समुद्रतिरै पठाउँछु, अतः मैले पठाएका तिमी समुद्रमा जाऊ, अथवा कुनै रम बन, तिम्रा प्रसादले मेरा दाजु–भाइ, छोराहरू वीर बनून्, मलाई आवश्यक परेका समयमा, म तिमीलाई सजिलैसंग प्राप्त गर्न सकूँ, भनेर ईशानपट्टि जमीनमा सेलाइदिनुपर्दछ ।

मन्त्र :—

**ॐ समुद्रं वः प्रहिणोमि स्वां योनिमभिगच्छत अरिष्टास्माकं वीरामापरासेचि मत्पयः ।**

यसपछि वरलाई तीनवार आचमन गराएपछि मधुपर्कको पालो आउँदछ । संशोधन गरेको एक पल घ्यू, एक पल दही, दुइ पल मह मिलाएर काँसको पात्रमा राखेर काँसैको पात्रले छोपेकालाई मधुपर्क भन्दछन् ।

जस्तै :—

**सर्पिश्च पलमेकन्तु द्विपलं मधु कीर्तितम् ।**
**पलमेकं दधि प्रोक्तं मधुपर्कविधौ बुधैः ।।**

यस प्रकार तयार पारेको मधुपर्कको पात्र दुवै हातले समातेपछि पुरोहितले तीन पटक 'मधुपर्कः, मधुपर्कः, मधुपर्कः' भन्दछन्, त्यसपछि कन्यादाताले वरलाई संबोधन गरेर 'मधुपर्कः प्रतिगृह्यताम्, भन्ने वाक्य उच्चारण गरेपछि वरले 'मधुपर्कं प्रतिगृण्हामि' भनेर दाताका हातमा नै ढाकेको पात्रलाई उघारेर मधुपर्क राम्रोसंग हेर्नू । मधुपर्क राम्रोसंग हेर्नुपर्ने कारण के हो भने, गाईको दूधमा रौं पर्ने, घ्यूमा माखा पर्ने र महमा कीरा पर्ने सम्भावना हुन्छ । मधुपर्कमा रौं भए वरलाई कुष्ट रोग हुन्छ, माखा भए धनहीन हुन्छ, कीरा भए अन्धो हुन्छ भन्ने कुरा शास्त्रमा बताइएको छ । अतः राम्रोसंग निरीक्षण गरेरमात्र आफ्नो हातमा लिनुपर्दछ ।

जस्तै; शास्त्रमा बताएको छ —

**गवां दुग्धे तु रोमाणि घृतमध्ये तु मक्षिकाः ।**
**मधौ च कीटकाः स्युर्वै तदर्थं हि निरीक्षणम् ।।**
**रोमभिस्तु भवेत्कुष्ठी मक्षिकाभिर्दरिद्रता ।**
**कीटकैश्च भवेदन्धस्तदर्थं हि निरीक्षणम् ।।**

निर्दोष मधुपर्कको पात्र उघारेर हेर्नाले बालक, यौवन र वृद्धावस्थामा गरिने र गरिएका पाप राशि बत्तिका पुतली झैं नष्ट हुन्छन् । त्यसपछि दाताको हातमा नै मधुपर्क हेर्दा, यसो भन्नु पर्दछ, 'हे मधुपर्क ? म तिमीलाई सूर्यका आँखाले हेर्दछु,' भनेर निरीक्षण गरिसकेको मधुपर्क आफ्ना हातमा लिएर भन्नू 'हे मधुपर्क ? म तिमीलाई सूर्यका आज्ञाले, आश्विनीकुमार र पूषाले दिएका शक्तिले म दुवै हातले लिन्छु' भनेर दुवै हातले समात्नू ।

मन्त्र :—

**ॐ देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णोहस्ताभ्यां प्रतिगृह्णामि ।**

यस प्रकार मधुपर्कको पात्र आफ्नो हातमा लिइसकेपछि, यसो भन्नू, 'हे अग्निदेव ? कैलो मुख भएका तपाईंलाई नमस्कार छ, किनकि खाद्यवस्तुमा अज्ञानवश पर्न आएका अभक्ष्य–भक्षण गर्दा लागेको पाप पन्छाउन देखिएका अपवित्र बस्तु बाहिर निकाल्दछु" भनेर दाहिने हातको अंगुष्ठ र अनामिका अङ्गुलिले तीनवार जमीनमा चढाउनू ।

मन्त्र यस प्रकार छ :—

**ॐ नमः श्यावास्यान्नशने यत्त आविद्धं तत्ते निष्कृन्तामि ।**
**संविधाय करस्थं तं मन्त्रेनालोड्य निक्षिपेत् ।**
**त्रिस्त्रिवारं भाष्यबलान्मन्त्राभ्यासकृतिस्तथा ।।**

आफ्नो देशाचार, कुलाचारअनुसार मधुपर्क निरीक्षण गर्न कन्यालाई पनि दिने प्रथा छ । वास्तवमा

कन्यालाई मधुपर्क हेर्न दिनाको कारण नारी जाति सूक्ष्म वस्तु निरीक्षण गर्न चतुरा हुन्छन् भनेर रोम आदि हेर्न दिएको हुनुपर्दछ। वैदिक धर्म, देशाचार, कुलाचार, सनातनदेखि चलिआएको परंपरा धर्मशास्त्रमा विरोध नपर्ने धर्म आफूले नजानेको नबुझेको कुरा विशिष्ट विद्वान्हरूसंग सोधपूछ गरेर गर्नुपर्दछ, त्यसै छोड्न हुँदैन ।

जस्तै :—

**वेदधर्मान् देशधर्मान् कुलधर्मांश्च शाश्वतम् ।**
**धर्मशास्त्राविरुद्धांश्च नत्यजेद् ज्ञानदुर्बलः ।।**

यसपछि यसो भन्दै तीन पटक बुढीऔंला र अनामिकाले मधुपर्क प्राशन गर्नू । 'हे देवता हो ? यो मधुपर्क मौरीले जम्मा गरेको पुष्प रसबाट बनेको हो, यसले मनुष्यको शरीरलाई सुन्दर पार्दछ, यसबाट अन्नादिले जस्तै जीवन निर्वाह गर्न सकिन्छ, अतः यो परम पवित्र सर्व गुणाधिक मधुपर्कको योग्य बनू र त्यस्तै असल–असल अन्न खान सक्ने बनू' भन्ने मन्त्र पढ्दै प्राशन गर्नु भन्ने शास्त्रीय विधान छ ।

मन्त्र :—

**ॐ यन्मधुनो मधव्यं परमं रूपमन्नाद्यं तेनाहि मधुरो मधव्येन परमेण रूपेणान्नाद्येन परमो मधव्यो-न्नादोसानि ।**

यो मन्त्र पढ्दै प्राशन गर्दै गरेर शेष रहेको मधुपर्क नजीकमा छोरो भए छोरालाई, छोरो नभए शिष्यलाई नजिकमा, शिष्य पनि नभएदेखि आफ्नो आसनदेखि पूर्वपट्टि अंघचमा शेष मधुपर्क राख्नू ।

जस्तै :—

**सर्वे पुत्राय वा शेषं दद्युः शिष्याय तंविना ।**
**दद्युः शिष्यं विना पूर्वेऽसञ्चरेऽद्युश्च सर्वतः ।।**

यति गरिसकेपछि तीन पटक आचमन गर्नू । त्यसपछि यजमानले गाई ल्याउँछ, अथवा कुशको गाई बनाउँदछ र वरलाई त्यो कुशको गाई दिन्छ । वर कन्यादातालाई संबोधन गर्दै भन्दछ—'हे चेतनशील ? यजमान ? मेरा तुष्टिका निमित्त गोवध नगर, किनकि यी गाईले कुनै प्रकारको अपराध गरेकी छैनन्, अतः वध गर्न अयोग्य छन्, गोवध सबैभन्दा ठूलो अपराध हो । जानो–जानी अथवा अज्ञानवश गोवध कन्यावध ब्राह्मणवध भएको छ भने चौदह इन्द्रको भोगकालसम्म नरकवास गर्नपर्दछ ।

जस्तै :—

**ब्राह्मणं गां तथा कन्यां हन्यादज्ञानतोऽपि यः ।**
**निरये भृज्यते तावद्यावदिन्द्राश्चतुर्दशः ।।**

फेरि यी गाई रुद्रकी आमा हुन् । (कुनै समयमा भगवान् रुद्र ऋषिका भयले गाईका गर्भबाट 'नन्दिकेश्वर' का रूपमा प्रकट भएका थिए) । .........यी वसुकी छोरी हुन्, किनकि विष्णुले समुद्र मथन गर्दा समुद्रबाट उत्पन्न भएकी हुनाले वैष्णवी भनिन्छिन् । यी आदित्यकी बहिनी हुन्, देवताहरूको अमृत दूध हो, गाई दूधको खानी हुन् । अतः गाईलाई मैले अथवा कसैले पनि मार्न हुँदैन । अतः मेरो र मेरा यजमानको पाप नाश गर भनेर छोडिदिनुपर्दछ ।

मन्त्र :—

**ॐ माता रुद्राणां दुहिता वसूनां स्वसादित्यानाममृतस्य नाभिः प्रनु वोचं चिकितुषे जनाय मागामनागामदितिं बधिष्ट मम चामुष्य च पाप्मा हतः ।।**

गोमेध, वाजिमेध, नरमेध, विवाहमा गोवध, परस्त्रीमा पुत्रोत्पादन यी पाँच कर्म कलियुगमा निषेध छ, अतः कलियुगमा यी कर्म गर्न हुँदैन ।

जस्तै :—

**गोवाजिनरमेधाश्च विवाहे गोवधस्तथा ।**
**परक्षेत्रे सुतोत्पत्तिः कलावेतानि वर्जयेत् ।।**

अतः कलियुगमा गोवध संबन्धी चर्चा कहिल्यै पनि गर्न हुँदैन । विवाह सबन्धी मधुपर्क गर्दा गोवधका सट्टामा, गहूँ, माष, मुङ्का खाद्यवस्तु शुद्ध घ्यूमा पकाएर अर्घ्य दिनुपर्दछ । यदि कलियुगमा वचनलेमात्र गोवध संबन्धी चर्चा गरेमा पनि आफ्ना पितृ–पितामहका साथ नरकवास गर्न पुग्दछ ।

जस्तै; भनेको छ :—

**वाचाऽपि नवदेद्धीमान् गवामालम्भनं कलौ ।**
**मधुपर्केऽपि वै दद्यादर्घ्यान्नं च सुसंस्कृतम् ।।**
**गोधूममाषमुद्गनां घृतखण्डादिभिः शुभैः ।**

उपर्युक्त कर्म सकेपछि, कन्यादाताले द्रव्य, पुष्प, सुपारी, यज्ञोपवीत, अक्षता कन्याको वस्त्रमा राखेर वरको वस्त्रसमेत लिएर ग्रन्थिबन्धन गर्दछन्, यस गाँठोलाई लगनगाँठो भन्दछन् । यसपछि कन्यादानको सङ्कल्प हुन्छ, सङ्कल्प समाप्त भएपछि कन्यादाता हात जोडेर प्रार्थना गर्दछन् ।

मन्त्र :—

**दाताहं वरुणो राजा द्रव्यमादित्यदैवतम् ।**
**वरोऽसौ विष्णुरूपेण प्रतिगृह्णात्वयं विधिः ।।**

दान नभएसम्म 'कन्या' शब्द प्रयोग गर्नुपर्दछ, कन्यादान गरिसकेपछि 'बधू' शब्दको प्रयोग गर्नुपर्दछ । चतुर्थी कर्म समाप्त भएपछि 'सुमङ्गली' शब्द प्रयोग गर्नुपर्दछ भन्ने अत्रि ऋषिको भनाई छ । वाग्दान दिँदैमा 'कन्यात्व' निवृत्ति हुँदैन, किनकि 'वरदानोचिता कन्या" भनेको हुनाले र पहिलो वर दश दोषले युक्त भएमा अर्को वरलाई दिन हुने भएकाले जबसम्म कन्यादान हुँदैन, तबसम्म कन्यात्व रहिनै रहन्छ ।

जस्तो कि प्रतिपादित छ :—

**आप्रदानाद् भवेत्कन्या चाऽभिषेकाद् बधूः स्मृता ।**
**सुमङ्गली चतुर्थ्यां तु यथात्रेर्वचनं तथा ।।**
**महादोषे सुविज्ञाते पूर्वं सप्तपदी विधेः ।**
**मरणादौ समुत्पन्ने देयाऽन्यस्मै न दोषभाक् ।।**

अतः वर्तमान समयका सुशिक्षित समुदायले हाम्रा धर्मग्रन्थलाई 'अनुदार' भन्ने उपाधि दिएका छन्, तर उपर्युक्त श्लोकबाट हामीलाई थाहा हुन्छ—विवाहसंबन्धी सबै कर्म समाप्त भएको छ, तर सप्तपदी बाँकी छँदैमा वरमा दोष देखियो वा अकस्मात् वरको मृत्यु भयो भने सरासर अर्को वर तलाश गरेर दिए हुन्छ भन्ने हाम्रा आचार्यहरूको भनाई छ । अतः यी अनुदार भए उदार कसलाई भन्ने ? के आजभोलिको परम्परालाई उदार परंपरा भन्न सुहाउला ?

## सप्तपदी

जोकोहीलाई पनि आफ्नु जन्मिएको त्यसै माटामा हुर्किएको ठाउँ छोडेर अन्यत्र जाँदा के कसो होला भनेर मानसिक खुलदुली हुनु स्वाभाविकै हो । दुइ चार महीना, एक–दुइ वर्ष परदेश जान पर्दा के के न हुन्छ कि भनेर आत्तिने मानिस पनि प्रशस्त नै पाइन्छन्, तर कन्याहरूलाई त जनमिएको ठाउँमात्र हैन माता–पिताको थर, गोत्रसम्म परिवर्तन गरेर अर्कै परिवारसंग मिल्न जानुपर्दछ । त्यस समयमा ती बालिकाहरूको मानसिक स्थिति कस्तो हुँदो हो ? आन्तरिक पीडा, शङ्का, उपशङ्का के कस्ता उठ्दा हुन् । यी सबै शङ्का हटाउनका रिमित्त आचार्यहरूले 'सप्तपदी' विधि समावेश गरेका हुन् । किन कि सज्जनका साथमा सात पाइला मात्र संगसंगै हिंडेपछि मित्रता हुन्छ भन्ने छ, अतः यसै 'सप्तपदी ले ती बालिकाहरूले हृदयरूप आकाशमा उठ्ने घोर तरङ्गलाई हटाउँदछ । 'सप्तपदी' मा सात थुप्रा चामल राखिन्छन्, त्यसमा फूल अबीर चढाएको हुन्छ । ती सात थुप्रा चामलमा बधूलाई वरले क्रमैसँग हिंडाउँछन् ।

जस्तै :—

**एक मिषे विष्णुस्त्वा नयतु ।**

वर भन्दछ विष्णुरूप भएको म "किनकि पहिल्यै भनिसकिएको छ 'वरोऽसौ विष्णुरूपेण" तिमीलाई आफूसंग भएको अन्नपात आदिकी स्वामिनी बनाउन पहिलो पाउ चलाउन लगाउँदछु । वरको कुरा सुनेर बधू प्रसन्न भएर भन्दछे; धन सम्पत्ति, अन्नपातादि, खाद्य–पेय वस्तु जे जति छन्, ती सबै मेरा अधीनमा गरिदिनुपर्दछ भनेर पहिलो पाउ चलाउँदछे ।

जस्तै :—

**धनं धान्यं च मिष्टान्नं व्यञ्जनाद्यं च यद्गृहे ।**
**मदधीनं च कर्तव्यं बधूराद्यपदे वदेत् ।।**

**द्वे ऊर्जे विष्णुस्त्वा नयतु ।**

फेरि वर भन्दछ गृहस्थाश्रममा प्रवेश गरेपछि हरेक प्रकारको बलको आवश्यकता पर्दछ, अतः म आफूलाई सबैभन्दा बलियो बनाउन विष्णुरूप भएको म तिमीलाई द्वितीय पाउ चलाउन लगाउँदछु, बधूको मनमा यो भान पर्दछ – मेरा पति मेरा संबन्धीहरूबाट आफू सबल भएको संझन्छन्, अतः पतिगृहमा मेरो मान

मर्यादा राम्रो हुनेछ भन्ने ठानेर प्रसन्न हुँदै भन्दछे। 'सदा सर्वदा मीठो भोली बोलेर तपाईंका कुटुम्बलाई फैलाउनेछु, दु:खमा धैर्य धारण गरेर सुखमा प्रसन्न हुनेछु' भन्दै द्वितीय पाउ चाल्दछे।

जस्तै :—

**कुटुम्बं प्रथमिष्यामि ते सदा मञ्जुभाषिणी ।**
**दु:खे धीरा सुखे हृष्टा द्वितीये सा ब्रवीद्वरम् ॥**

**त्रीणि रायस्पोषाय विष्णुस्त्वा नयतु ।**

वर भन्दछ मेरो भएभरका धनसम्पत्तिको अध्यक्ष बनाउन विष्णुरूप भएको म तिमीलाई तृतीय पाउ चलाउन लगाउँछु। त्यसपछि बधू धनसम्पत्ति पनि मेरै जिम्मा दिन लागे भन्ने ठानेर खुशी हुँदै भन्दछे— 'ऋतुकालमा अशुद्ध भएसम्म अलग्ग बसेर, स्नान गरी शुद्ध भएपछि तपाईंका साथमा खेलवाड गर्नेछु, म मनसा वाचा कहिल्यै पनि परपुरुषसंग जाने छैन भनेर तृतीय पाउ चाल्दछे।

जस्तै :—

**ऋतौ काले शुचि: स्नाता क्रीडयामि त्वया सह ।**
**नाहं परपतिं यायां तृतीये सा ब्रवीद्वरम् ॥**

**चत्वारि मयोभवाय विष्णुस्त्वा नयतु ।**

फेरि पनि वर भन्दछ, मेरो सुखसन्तोष तिम्रो अधीनमा छ, अत: विष्णुस्वरूप भएको म तिमीलाई चतुर्थ पाउ चलाउन लगाउँदछु। वरको यस्तो वाक्य सुनेर मेरा पति त मसंग सर्वतोभावेन रिझिएछन् भन्ने विचार गरेर खुशी हुँदै भन्दछे। 'म तपाईंका केशमा बास्ना आउने तेलहरू लगाएर कोरिदिन्छु, माला, चन्दन, सुनका गहनाले तपाईंलाई सिंगार्नेछु' भन्दै चतुर्थ पाउ चलाउँछे।

जस्तै :—

**लालयामि च केशान्तं गन्धमाल्यानुलेपनै: ।**
**काञ्चनैर्भूषणैस्तुभ्यं तुरीये सा ब्रवीद्वरम् ॥**

**पञ्च पशुभ्यो विष्णुस्त्वा नयतु ।**

गाई–भैंसी आदि दूध दिने पशुहरुबाट दूध–दही–नौनी आदिका खानपानको सुखका निमीत्त विष्णुरूप म तिमिलाई पाँचौं पाउ चलाउन लगाउँदछु। त्यसपछि बधूले मनमनै विचार गर्दछे–मेरा पतिदेव मसंग अत्यन्तै अनुरक्त भएर आफ्नो सर्वस्व मलाई सुम्पिसके भनेर आनन्दित हुँदै, यो सब कुरा धर्मबाट नै बढ्ने हो भनेर फेरि भन्दछे। सखीहरूलाई अघिपछि लाएर जगज्जननी गौरीको आराधनामा तल्लीन हुँदै तपाईंकी हुनेछु, भन्दै पाँचौं पाउ चाल्दछे।

जस्तै :—

**सखीपरिवृता नित्यं गौर्य्याराधनतत्परा ।**
**त्वयि भक्ता भविष्यामि पञ्चमे साब्रवीद्वरम् ॥**

**षट् ऋतुभ्यो विष्णुस्त्वा नयतु ।**

हेमन्त, शिशिर, वसन्त, ग्रीष्म, वर्षा, शरद् यी छ ऋतुमा गर्ने सुख, आनन्दहरू, जस्तै; जाडोमा शरीरलाई तताउन र कहिल्यै पनि जाडाको अनुभव हुन नदिन, वसन्त ऋतुमा वनविहार गर्ने, ग्रीष्मऋतुमा जलक्रीडा गर्ने, वर्षाऋतुमा घरका झ्यालमा र उच्चा उच्चा कौसीमा बसेर वर्षाको आनन्द लिन, शरद्ऋतुमा गाईको दूध खान आदि छ ऋतुको आनन्द लिनलाई विष्णुरूप म तिमीलाई छैठौं पाउ चलाउन लगाउँछु। पतिले भनेको वाक्य सुनेर बधू मेरा पूज्य पतिले आफूले सके-सम्मको सुख भोग गराउने भए भन्ने ठानेर प्रसन्न हुँदै सुख भनेको विनापुण्यले हुँदैन, अत: पुण्य गर्न आवश्यक छ भन्ने विचारले भन्दछे। यज्ञयज्ञादि गर्दा, दान–धर्मादि गर्दा म तपाईंको वायाँपट्टि वस्नेछु, जहाँ तपाईं बस्नु-हुन्छ, म पनि त्यहीं बस्नेछु, भन्दै छैठौं पाउ चलाउँदछे।

जस्तै :—

**यज्ञे होमे च दानादौ भवेयं तव वामत: ।**
**यत्र त्वं तत्र तिष्ठामि पदे षष्ठेऽब्रवीद्वरम् ॥**

**सखे सप्तपदा भव सामामनुव्रता भव विष्णुस्त्वा नयतु ।**

हे मित्र ? (आर्ष वाक्य हुनाले पुरुषलाई जस्तै संबोधन गरेको ) तिमी स्वर्ग, मर्त्य, पाताल आदि सातै लोकमा प्रसिद्ध होऊ, यस्तो प्रसिद्धि कसो गरी पाइन्छ

भने, स्त्रीजातिको सबभन्दा ठूलो धर्म पातिव्रत्य धर्म हो, अतः तिमीले आफ्नो शील रक्षा गर्‍यौ भने, सातै लोकमा प्रसिद्धि पाउनेछौ । अतः तिमीलाई विष्णुरूप म उपर्युक्त कर्ममा सफल होऊ भन्ने आशीर्वाद दिंदै सातौं पाउ चलाउन लगाउँदछु । यसरी आफ्ना पूज्य पतिबाट आशीर्वाद पाएपछि हर्षविभोर भएर बधू भन्दछे । हे कुलोत्तम ? पूर्वाचार्यहरूले बताएका विधान-अनुसार विवाहकर्मबाट तपाईं मेरो पति हुनुभयो, यस यज्ञमा आवाहन गरिएका देवताहरू र विवाहोत्सवमा उपस्थित भएका सभ्यहरू साक्षी छन् ।

जस्तै :—

**सर्वेऽत्र साक्षिणस्त्वं हि मम भर्तृत्वमागतः ।**
**कृतेन ब्रह्मणा पूर्वं विधानेन कुलोत्तम ? ।।**

उपर्युक्त कार्यकलापबाट थाहा हुन्छ—हाम्रो वैदिकपरंपरा अनुदार छैन अपितु अत्यन्त उदार छ । तर किन हो वर्तमान समयमा दिन प्रति दिन यस परंपरामाथि जन साधारणको आस्था घट्दै गएको छ । यस प्रति बढेको अनास्थातर्फ पनि ध्यान दिन आवश्यक देखिन्छ, 'वसुधैव कुटुम्बकम्' भन्ने ती आदर्श महा–पुरुषहरूले देखाएको मार्गमा हिंड्न आज हाम्रो समाज किन हिचकिचाउँदछ । के यो पद्धति दोष पूर्ण छ ? अथवा दूषित बनाइयो । त्यसो भए यसको निराकरण कर्म नितान्त आवश्यक देखिन्छ ।

वैदिक कर्मकाण्डमा अनास्था हुनाको कारण कर्म–काण्डी पुरोहित वर्गलाई प्रयोगमा ल्याइने मन्त्रको आशय, ज्ञान नहुनाले नै हो भन्नुमा अत्युक्ति होओइन । यदि त्यस वर्गले प्रत्येक कर्म गराउँदा उक्त मन्त्रहरूको अर्थ संझाउने परंपरा बसालेको भए ज्ञानपिपासु समाजले पनि यस मार्गलाई बेवास्ता गर्ने थिएन । हाम्रो 'हिन्दू विवाह'मा कति सुन्दर र उपयोगी प्रतिज्ञा वर–बधूलाई गराइन्छ, यदि त्यस मन्त्रको अर्थ वर–बधूलाई संझाइ दिएमा तिनका मनमा कति राम्रो असर पर्दो हो । 'आजभोलिका वर–बधू राम्रोसित बुझाइदिएमा संझिन नसक्ने अवस्थाका हुँदैनन् । पुरोहितज्यूले मकै भुटे झैं हुड्डुड्डु गरेर पढेर सिध्याइदिन्छन्, कुन मन्त्रले के गर्ने, कुन मन्त्र कसले पढ्ने, थाहै हुँदैन । बरवधू-लाई त के भन्ने पुरोहितज्यूहरू पनि कतिपय यसको आशय नबुझ्ने होलान् । उपर्युक्त संक्षिप्त दिग्दर्शनमा कति राम्रो आदर्श र उपादेय कर्महरू वैज्ञानिक ढङ्गले प्रतिपादन गरिएको छ । वर्तमान समयमा मनुष्य मात्रमा ज्ञानको भोक जागेको छ, यस्ता समयमा यस वर्गले जागरुक भएर उचित बाटो लिइदिएमा, बिस्तारै–बिस्तारै अनास्था हट्दै जानेछ र हाम्रो समाजमा सामञ्जस्य आउनेछ भन्ने आशा गर्दै बिदा लिन्छु ।

—:०:—

# राजा भास्कर मल्ल (महीन्द्र सिंह)का विषयमा संशोधन र निर्णय

–मोहनप्रसाद खनाल

इतिहास भनेको सत्य र वास्तविक प्रमाणद्वारा बितेका घटनाहरूको चित्रण गर्ने विषय हो। त्यसकारण कल्पनाको आधारमा असत्य कुरालाई पनि सत्य जस्तो देखाउनु वा सत्यलाई लुकाएर कुनै वास्तविक घटेका घटनाहरूलाई घटेको नै थिएन भनी देखाउने चेष्टा गर्नु होइन। हाम्रो देशमा भरखरै भने जस्तो आफैले कडाभन्दा कडा परिश्रम गरी प्रामाणिक ढंगबाट तथ्य घटनाहरूको छानवीन गरी इतिहास लेख्ने कामको शुरू मात्र भएको छ। यस कामको थालनी ऐ. शि. श्री बाबुराम आचार्यज्यू तथा संशोधन मण्डलबाट नै भएको हो भन्नुमा केही अत्युक्ति हुंदैन।

यसै सिलसिलामा कान्तिपुरका राजा भास्कर मल्ल र महीन्द्र सिह भिन्नाभिन्नै व्यक्ति हुन् भन्नु हुंदैन। ऐ. शि. श्री. बाबुराम आचार्यज्यूले श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग १ मा यस्तो लेख्नुभएकोछ।

'…त्यहाँपछि झगल ठकुलले गुप्त सन्देश पठाएर दोलखाली महीन्द्र सिंहलाई कान्तिपुरमा बोलाएर स्वागत सत्कार गरी राखे। कान्तिपुरमा रहेका जगज्जय ठाकुर पनि झगल ठाकुलका मित्र थिए। भास्कर मल्ललाई पदच्युत गरी जगज्जय ठाकुरलाई उत्तराधिकारी बनाएर महीन्द्र सिहलाई कान्तिपुरको मुकुट पहिराई यिनको लेखपछि दोलखाको ठकुराई कान्तिपुरका ठकुराईमा सम्मेलन गराउने योजना झगल ठाकुलले तयार गरी समयको प्रतीक्षा गरिरहेका थिए। अचानक २१ जनवरी १७१५ का दिन बिफरका व्यथाले ललितपुरका राजा महीन्द्र मल्लको देहान्त हुंदा र यिनका उत्तरधिकारी कोही नहुंदा पाँचौ दिन ललितपुरका प्रमानहरू कन्तिपुरमा पुगेर भास्कर मल्ललाई ललितपुरमा राजा थाप्न माग्दा भुवनलक्ष्मी पनि छोरालाई लिएर जान तयार हुनु स्वाभाविकै थियो। तर झगल ठकुलले यसै दिन भास्कर मल्ल र भुवनलक्ष्मीलाई समेत कैद गरी जगज्जयले पनि उत्तराधिकारी बनाउने शर्त मन्जूर गराएर महीन्द्र सिहलाई कान्तिपुरको मुकुट पहिराइदिए। (२५ जनवरी) र जगज्जय पनि मल्ल कहलाए।"

तर संशोधन मण्डलका सदस्यहरूद्वारा संपादित इतिहास संशोधनको प्रमाण प्रमेय पहिलो भागका संपादकहरूले ऐतिहासिक सार तथा संशोधन मण्डलद्वारा प्रकाशित पूर्णिमाको पूर्णाङ्क २ मा प्रकाशित महीन्द्र सिंह (भास्कर मल्ल)को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या भन्ने निबन्धमा श्री शंकरमान राजवंशीले कान्तिपुरका राजा भास्कर मल्लले हात्ती खेदा गरी ल्याएपछि "स्वविक्रमोपार्जित गजपति पद महीन्द्र सिंह," कहलाएका हुन्। त्यसकारण भास्कर मल्ल तथा महीन्द्र सिंह एउटै व्यक्ति भन्ने देखाउन खोज्नुभएको छ। एउटै विषयलाई लिएर नेपालका प्रशिद्ध इतिहासकारहरूमा यस्तो भिन्नता देखिनु र त्यसको सहि निर्णयमा दुवै थरी अझ नपुग्नु यो विवादग्रस्त विषय हुन आएको छ। त्यसकारण अधूरो र अस्वाभाविक कुराहरूको खण्डन गर्दै प्रस्तुत निवन्धद्वारा यही प्रसङ्गको निर्णय यहाँ दिइन्छ।

"कान्तिपुरका राजा शिवसिंहले ललितपुर लिएर त्यहाँ आफ्ना छोरा हरिहर सिंहलाई राखे झैं दोलखा ठकुराईलाई पनि लिएर त्यहाँ आफ्ना भाई रणजित्सिंहलाई प्रतिनिधि गराई पठाएका र यिनै रणजित्सिंहका छोरा इन्द्रसिंह थिए।"

"अघिल्ला वंशका राजाकी छोरी विजयलक्ष्मीसंग यिनले विवाह गरेका थिए। शिवसिंहले यस तरहसंग

दोलखाका ठकुराईमा आधिपत्य जमाए तापनि इन्द्र सिंहका वंशमा ठाकुराई चलिरहन दिए । यस वंशमा पैदा भएका महीन्द्र सिंह देखिन्छन् ।......यसकारणले कान्तिपुरमा आएपछि पनि महीन्द्र सिंहले दोलखाका ठकुराईको अस्तित्व बचाइराखेको देखिनाले यिनी दोलखाका ठाकुर हुनमा सन्देह छैन" । (ऐ. शि. श्री बाबुराम आचार्यज्यूको श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग १ को पृष्ठ ८४ मा)

यो सर्वथा अशुद्ध छ ।

**कारण :–**

कान्तिपुरका राजा शिवसिंहले दोलखामा आक्रमण गर्नुभन्दा अगाडिसम्म दोलखा राज्य स्वतन्त्र रूपमा खडा थियो । तर वि. सं. १६६५ ताका शिवसिंहले दोलखामा आक्रमण गरी अधिकार जमाएपछि उहाँ उनले आफ्नो प्रतिनिधि बनाएर कसैलाई पनि पठाएका थिएनन् । त्यसकारण त्यहाँको राज्य प्रशासन शिवसिंहपछि कान्तिपुरका शासकहरूद्वारानै सञ्चालन गरिन्थ्यो । शिवसिंहले जसरी ललितपुर विजय पश्चात् आफ्ना छोरा हरिहरसिंहलाई प्रतिनिधि बनाई पठाएका थिए, त्यसै गरी नै अभयपुर (दोलखा) मा पनि आफ्ना भाइ रणजित्सिंहलाई प्रतिनिधि बनाएर पठाउनु संभव पनि थिएन । किनकि ललितपुर विजय भएको १० वर्ष जति पछिमात्र अभयपुर विजय भएको थियो र ललितपुरमा प्रतिनिधि भएर गएका छोरा हरिहरसिंहले आफू प्रति कस्तो व्यवहार गरेका थिए भन्ने पनि शिवसिंहले देखिसकेका थिए । यसो भएर नै शिवसिंहले दोलखा विजय भएपछि त्यहाँ आफ्ना कुनै प्रतिनिधि नपठाई कान्तिपुरबाटनै आफूले त्यहाँको राज्य प्रशासनको काम गरेका थिए ।

**प्रमाण**

**ऊः नम : श्री श्री श्री भिमायणेश्वराय**
**प्राङ्गानां विघ्नहन्तारं**
**पाण्डवानां शिरोरुहं ।।**
**कौरवामामर संहारं**
**त्वं वन्दे द्रुपतिप्रियं ।।**
**दोलखापुरी दिक्षांता**
**साक्षावैन्द्रपुरी समा**
**पुरास्थापितो श्री भीम**
**महातेजो प्रभाश्वर ।।**
**श्री शिवसिंह नृपः श्री मानपालीतं दोलखापुरी**
**तम्भीम विविधैर्यत्नैः सुवर्णः कारीतं बहु :**
**दानपति श्री मानपाल महाद्यु ति तस्य पुत्र जिवराज**
**ततोतिमान गुरु दिति विक्रम ।।**
**विन्दु अग्नि मुनि अब्दे**
**जेष्ठ शुक्र माधवे**
**यवणं परिदा चैव**
**प्रतिष्ठा गुरुवासरे ।।**

**अपरं देश भाषा ।।**

स्वस्ति श्री मत् श्री ३ धर्म्म धातु वागीश्वर निवासित श्री काष्ठमण्डप महानगरे महाराजाधिराज परमेश्वर परम भट्टारक श्री श्री जय शिवशिंह देव प्रभु ठाकुर शप्रज्या वस सओत्वाल तरुमुल महाविहार वस्थित सणीकुंछे दानपती शाक्य भिक्षु श्री पाल्नु पुत्र श्री गुरु श्री जीवराज श्री जीवनसिंह श्री रथन जगताज साहु थ्वते शुवर्ण पलि कलश गजुरि त्रोहोरण श्री ३ भिमश्य नस्के थ्वतेया पुण्येन जजमानस्य आयु आरोग्य धन जन लक्ष्मी वृधिरस्तु । सम्वत् ७३० जेष्ठ शुक्ल द्वादसि प्र.त्रियोदशि स्वातिनक्षेत्र परिघ जोग वृहस्पती वार थ्व कुन्हु त्रो होरपाजुरो ।७। शुभ ।

(दोलखा भीमेश्वरको स्थानको शिवसिंहको पालाको शुवर्णपत्र) कान्तिपुरका राजा शिवसिंहका भाइ रणजित्सिंहका छोरा इन्द्रसिंह तथा यसै वंशमा पैदा भएका महीन्द्र सिंह हुन् ।

**माथिनै भनिसकियो**
**यो सर्वथा अशुद्ध छ ।**

**कारणः–**

कान्तिपुरका राजा शिवसिंह महीन्द्र मल्लका छोरा तथा सदाशिव मल्लका भाइ हुन् । महीन्द्र मल्लको मृत्युपछि उनका जेठा छोरा सदाशिव मल्ल कान्तिपुरका राजा भए । पछि आफ्ना दाजु सदाशिव मल्ललाई पदच्युत गरी कैद गराई यिनले कान्तिपुरको मुकुट पहिरेका थिए । कान्तिपुरमा यस प्रकारको यस्तो घटना घट्दा दोलखा ठकुराईमा इन्द्रसिंहका नातिको राज्यप्रशासन चलिरहेको थियो ।

यसकारण कान्तिपुरका राजा शिवसिंहको जन्म हुनुभन्दा पूर्वनै दोलखा ठकुराईमा त्यहांका राजा इन्द्र-सिंहको शासन चलेको थियो, तथापि जय इन्द्रसिंहका उत्तराधिकारी (छोरा) जयनारायण कान्तिपुरका राजा शिवसिंहका पिता महीन्द्र मल्लका समकालीन थिए ।

**प्रमाण**

**ऊँ नमस्वराय ।।**
**मरकतमणिवर्णं बज्रपर्यंकसंस्थां**
**दशशत मनांमि मेकवक्त्रां त्रिनेत्रां ।**
**अभयवरदहस्तां पंकजात्यन्त शोभां**
**सुरवर नमितांघ्रि चक्षुतारां नमामि ।।**

श्रेयोस्तु ।। सम्वत् ६६७ आषाड शुक्ल पूर्णिमाश्यां तिथौ पूर्वफाल्गुणि नक्षेत्रे शनिश्चर वासरे श्री मह्रोल-पट्टनाधिराज श्री श्री जय इन्द्र सिंह देव ठाकुरस्यं दिवंगतौ पुत्री रमणी जुयातं उदेशान थ्व चक्षुतारा प्रतिमा द्वयइ तत्पुण्येन दिवंगता पुत्री सुखावती लोक भुवन प्राप्त थ्व जु दानपी दान प्रतिशय रारोग्य बृन्द रस्तु ।।७ शुभ । (प्रतिमाको आशनीमा कुंदिएको दोलखाका राजा जय इन्द्र-सिंह देवको शुवर्णपत्र)

यी जय इन्द्र सिंह वि. सं. १६०५ ताका मरेका हुंदा यिनका जेठा छोरा जयनारायण दोलखाका राजा भए । यी कान्तिपुरका राजा महीन्द्र मल्लका समकालीन थिए । दोलखाका राजा जय इन्द्रसिंहका दुइ छोराहरू मध्ये अर्का छोराको माम वासुदेव थियो ।

**प्रमाण**

ऊं. श्रेयोस्तु ।। सम्वत् ६६९ वैशाष शुक्ल पूर्णिमास्यां तीथौ व (अ) नुराधा नक्षत्रे शिवयोगे शनिश्वर वासरे श्री मह्रोलखा पट्टने रिसीती त्वालस श्री जयनारायण ठाकुरस्यं धर्मपात्र स्थापना थाङा भ्रातृ श्री वासुदेव ठाकुरस्यं थ्व चक्रावली दुंता जुरो ।।७।। शुभ ।।

(दोलखा बौद्धचैत्यमा भएको वासुदेवको सुवर्णपत्र)

"⋯यसै दिन महीन्द्रसिह राजा भएको धनजुचैत्यका शिलालेखबाट देखिएको यस घटनाको उल्लेख त्यसै ठ्यासफुमा पनि लेखेर राजाको नाम नदिएको हुनाले यसै दिन (२५ जनवरी १७१५ मा) झगल ठाकुलले भास्कर मल्ल र भुवनलक्ष्मीलाई समेत ढपक्क ठाकेर महीन्द्र सिंहलाई मुकुट पहिराएको स्पष्ट देखिन आएको छ ।"

(ऐ. शि. श्री बाबुराम आचार्यज्यूको श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायणको संक्षिप्त जीवनी भाग १ को पृष्ठ ८३ मा)

यो पनि अशुद्ध छ ।

**कारण-:**

कान्तिपुरका एक जना काजी झगल ठाकुरले दोलखाका राजालाई आमन्त्रित गरी सजिलैसंग कान्तिपुरका राजा भास्कर मल्ललाई र राजमाता भुवनलक्ष्मी दुवैलाई कैद गरी परचक्री राजा महीन्द्र सिंहलाई राजा बनाउन सक्नु संभव छैन । किनकि एक त कान्तिपुरका प्रजाहरूले यस कुकृत्यलाई सहन गर्न सक्नु साधारण कुरा थिएन । यस कार्यको निमित्त कान्तिपुरका प्रजाहरूले यहां रक्तपात पनि शुरू गरिदिन्थे भने अर्कोतिर यताका छिमेकी राजाहरू पनि यो दृश्यलाई हेरेर बस्ने खालका थिएनन् । यस कारण एक जना काजीबाट कान्तिपुर राज्यमा यति ठूलो घटना घट्नु संभवभन्दा धेरै टाढाको कुरा थियो । फेरि चाबहिलको धनजु चैत्यमा रहेको शिलाखेखमा पनि यसै दिन महीन्द्रसिंह कान्तिपुरका राजा भएका भन्ने उल्लेख नभएको र खालि "श्री श्री महीन्द्रसिंह देव मल्ल महाराजा प्रभु ठाकुरस विजय राज्ये" भन्ने मात्र लेखिएकोले फेरि सो मितिभन्दा पहिलेनै पनि कान्तिपुरका राजा भएर महिन्द्रसिंहले गरिदिएको सदनपत्र पनि प्राप्त भएकोले सो कुरा मिल्न आउंदैन । यदि माथि उल्लिखत कुरा नै ठीक थियो भने ने. सं ८३५ पौष कृष्ण षष्ठी शुक्रवारका दिन दोलखाका राजा महीन्द्र सिंह राजा भएका तथा कान्तिपुरका राजा भास्कर मल्ल आमासहित कैद गरिएका भए फेरि कान्तिपुरका राजाको रूपमा भास्कर मल्लको अस्तित्व रहन नपर्ने, तर माथि उल्लिखित मितिभन्दा पछि पनि भास्कर मल्लको र महीन्द्रसिंहको एकै व्यक्तिलाई सोही कामको निमित्त उही जग्गा उत्ति मूल्यमा तीन दिन अगाडि (ने. सं ८३५ फाल्गुण शुदि १२) महीन्द्र सिंहको र तीन दिन पछाडि (ने. सं

८३५ फाल्गुण शुदि १५) भास्कर मल्लको सदन पत्रहरू प्राप्त भएका छन्* ( फलक नं. १ । ) यदि माथिकै कुरा ठीक भएको भए यस्तो अनर्थ हुने थिएन । त्यसकारण माथि उल्लिखित प्रमाणहरूद्धारा भास्कर मल्ल तथा महीन्द्र सिंह एउटै व्यक्ति हुनमा केही सन्देह छैन ।

प्रमाण

ऊं स्वस्ति ।। श्री मत्पशुपति चरन कमल धूलि-धूसरित शिरोरुह श्री मन्मानेश्वरीष्टदेवता वरलब्ध प्रसाद देदीप्यमान मानोन्नत् श्री रघुवंशावतार रविकुल तिलक हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकलराजचक्राधीश्वर श्री श्री जय भास्कर मल्ल परभमट्टारक देवानां सदासभर विजयिनां प्रभूठाकुल सन भवर ठकथव सचोङ विप्र श्री प्रल्लाद जैसि नाम्ने प्रसादिकृतं । नागदोल रवेल तुवल वातिका नाम संज्ञकं ।। श्री श्री राजकुलक्षेत्रेन पश्चिमत दक्षिनतश्च तिलंवकेन उत्तरतो पूर्वतश्च एतंषां मध्ये एकशत वाति-काया क्षेत्राङ्कतोपि श्वेलं मु कर्ष ९५ भूय नागदोल वुरों ५ ततः क्षेत्रस्य यथादेशकार प्रवत्तमान संचारार्धेन सूवर्णमूल्य नवविंशति टंकाधिक । सप्तसत भास्कर मल्ली टंका ७२९ मादाय स्वाधिना नवतुक न्यायन क्रयन विक्रीयनं भवति ।। घल्थाली तडोग्वल शेहो कव कर्ष २ दिहि वूडोनाथं कर्ष २ प्रतिहोरि चेकन खिमच्या थाना-यात । अत्रपत्रार्थे दृष्ट साक्षि श्री नीरनारायण मल्ल देवस ।। सम्वत ८३५ फागुण शुदि १५ शुभ ।।७।।

ऊं स्वास्ति ।। श्री मत्पशुपति चरण कमल घूलि धूसरित शिरोहृ श्री मन्मानेरीश्वष्ट देवता वरलब्ध प्रसाद देदीप्यमान मानोन्नत श्री रघूवंशावतार रविकूल तिलक हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकल राजचक्राधीश्वर श्री श्री जय महीन्द्र सिंह देव परम भट्टारक देवानां सदा समरविजयिनां_____अत्रपत्रार्थे दृष्ट साक्षि श्री नीरनारायण मल्लदेव स ।। सम्वत ८३५ फागुण शुदि १२ शुभ ।।

यो ताडपत्रको संपूर्णभाग पृष्ठ ५१____ _मा दिइएकोछ ।

"____तर महीन्द्र सिंहले दोलखाको ठकुराईका उत्तराधि-कारी आफ्ना छोरा नीलनारायण मल्ललाई थामेर कान्तिपुरको मुकुट पहिरेका थिए । महीन्द्र सिंह दोलखा-तिर गएका समयमा जगज्जय मल्ल पनि साथमा गएर त्यहांको जमीन एक ब्राह्मणलाई नीलनारायण मल्लका अनुपस्थितिमा बिक्री गराएको हुनाले (इ. सं १७२१) महीन्द्रसिंहका देहान्तपछि दोलखाका ठकुराईमा कान्तिपुरको भोग भइसकेको भनी जगज्जय मल्लले नीलनारायण मल्ललाई भुस्याए___"

(ऐ. शि. श्री बाबुराम आचार्यज्यूको श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग १ को पृष्ठ २७ मा)

माथिकै जस्तो यो पनि अशुद्ध छ ।

कारणः—


दोलखाका राजा महीन्द्रसिंह भएका भए आफूले कान्तिपुरमा आई मुकुट पहिरिंदा आफ्ना छोरा नीरना-रायण मल्ललाई दोलखाका उत्तराधिकारी बनाएका भए ने. सं ८३६ जेष्ठ शुदि ५ मा सुनखानीका ब्राह्मण आदिलाई गरी दिएको सनदपत्रमा आफू शासककै रूपमा रहेर दृष्ट साक्षीमा दोलखाका उत्तराधिकारी भएर रहेका नीरनारायण मल्ललाई राख्नु उचित हुंदैनथियो । फेरि दोखलाका शासक तथा उत्तराधिकारीहरू कुनै पनि मल्ल नकहिएका हुंदा नीरनारायण मात्र आएर कसरी मल्ल कहलाए ? अर्कोतिर भवरकोटका प्रल्लाद जैसीलाई गरिदिएको भास्कर मल्लको ने. सं ८३५ फाल्गुण शुक्ल पूर्णिमाको सनदपत्रमा दोलखा ठकुराईका उत्तराधिकारी नीरनारायण मल्ल दृष्ट साक्षी हुनुमा यो अनर्थ हुने थियो। इत्यादि कारणहरूबाट नरनारायण मल्ल दोलखा राजवंशका नभै कान्तिपुर ठकुराईकै हुनमा केही सन्देह छैन ।

प्रमाण


ऊं स्वस्ति ।। श्री मत्पशुपति चरण कमल धूलि धूसरित शिरोरूह श्री मन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसाद देदीप्यमान मानोन्नत श्री रघुवंशावतार रविकुलतिलक हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र शकल

* ताडपत्रहरू परन्तुसम्मको निम्ति नहुने हुंदा सोही कुरा तामापत्रमा लेखिदिने चलन पछिसम्म पनि चलेको पाइएको छ । त्यसकारण तीन दिनअगाडि महीन्द्रसिंह तथा तीन दिनपछाडि भास्कर मल्लको नामबाट यी पत्रहरू लेखिएका हुन् ।

क



ख



क. राजा महीन्द्र सिंहले प्रह्लाद जैसीलाई गरिदिएको संवत् ८३५ फागुन शुदि १२ को ताडपत्र ।

ख. राजा भास्कर मल्लले प्रह्लाद जैसीलाई गरिदिएको संवत् ८३५ फागुन शुदि १५ को तामापत्र ।

राज–चक्राधिश्वर श्री श्री जय भास्कर मल्ल देव परम भट्टारक देवानाम् सदा समरविजयिनान्_____ ।। अत्र पत्रार्थे दृष्ट साक्षि श्री नीरनारायण मल्लदेव सम्वत ८३५ फाल्गुण शुदि १५ शुभ ।।

भास्कर मल्ललाई खेदा (हात्ती पक्रने काम) मा विशेष शोख थियो । उनले तराईबाट स्वयं हात्ती पक्रेर ल्याएपछि आफ्नो प्रशस्तिमा समेत "स्वविक्रमोपार्जित गजपति पद विराजमान श्री श्री महीन्द्रसिंह देव" आफ्नो पुरुषार्थले कमाएको गजपति (हात्तीका धनी) भन्ने पदले सुहाएका श्री श्री जय महीन्द्रसिंह देव भनी लेख्न थालेका थिए ।

(इतिहास संशोधनका संपादकहरुद्वारा संपादित इतिहास संशोधनको प्रमाण प्रमेय (पहिलो भाग) को ऐतिहासिक सारको पृष्ठ ८७ मा) "यी महीन्द्रसिंहले पनि आफैले हात्ती खेदा गरी ल्याउन सकेका हुनाले आफ्नो प्रशस्तिमा स्वविक्रमोपार्जित राजपति पद विराजमान श्री श्री जय महीन्द्र सिंह देव भनी लेख्न लागेका हुन् । यिनले आफैले हस्ती ल्याउन सकेका हुनालेनै यिनको नाम महीन्द्रसिंह भनी प्रख्यात भएको हो । पहिले त यिनको नाम भास्कर मल्ल थियो । संशोधन मण्डलद्वारा प्रकाशित पूर्णिमा अंक २ मा श्री शंकरमान राजवंशीज्यू को महीन्द्र सिंह (भास्करमल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या नामक निवन्धको पृष्ठ ५८ मा"

यी पनि अशुद्ध छन्

कारण:–

कान्तिपुरका राजा भास्कर मल्लको जन्म वि. सं १७५३ साल कार्तिक मैनामा भएको थियो । यिनका बाबु भूपालेन्द्र मल्लको मृत्युपछि (वि. सं १७५७मा) यिनी कान्तिपुरका राजा भएका थिए । मल्ल राजाहरू हात्ती ल्याउनुमा ठूलो पुरुषार्थ संझन्थे । जो राजा हात्ती खेदा गरी ल्याउन सक्दथे उनले आफ्नो प्रशस्तिमा "स्वविक्रमोपार्जित गजपति पद विराजमान" भन्ने पद लिएका हुन्छन् । त्यसकारण कान्तिपुरका राजा भास्कर-मल्लले हात्ती खेदा गरेर नल्याउँदामानै पनि आफ्नो नाम महीन्द्रसिंह राखेका थिए भन्ने अनेकन् प्रमाणहरू पाइएका छन् । किनकि कान्तिपुरका राजा भास्कर मल्लले ने. सं ८३६ को उत्तरार्धमा सम्म हात्ती खेदा गरेर ल्याउन सकेका थिएनन् । यसो हुंदामानै उनले आफ्नो प्रशस्तिमा" स्वविक्रमोपार्जित गजपति पद विराजमान" भन्ने पद लिन सकेका छैनन् । यसपछि भने ने. सं ८३७ को पूर्वार्धमानै उनीलाई हात्ती खेदा गर्नको लागि पैसा चाहिएर जग्गा बेचेका थिए । यति वेला भने उनले हात्ती खेदा गरेर ल्याइसकेको देखिन्छ । यसो हुंदानै उनलाई हात्ती खेदा गर्न जांदा कति पैसाको आवश्यकता हुंदो रहेछ भन्ने कुराको जानकारी भएको थियो भन्न सकिन्छ । त्यसपछि भने उनले आफ्नो प्रशस्तिमा "स्वविक्रमोपार्जित गजपति पद विराजमान" भन्ने पद लिएका छन् । ने. सं८३६ को जेठ मैनासम्ममा पनि यिनले हात्ती खेदा गरेर ल्याउन सकेका थिएनन् भन्ने कुराको उदाहरण दोलखा सुनखानीका ब्राह्मण हर्षदेव आदिलाई गरिदिएको ताडपत्रनै छ (पु. प. सं. भा. २ को पृष्ठ २ मा) यसकारण भास्कर मल्लको हात्ती देखा गर्न नजांदै पनि महीन्द्रसिंह भन्ने नाम थियो।

प्रमाण

ॐ स्वस्ति ।। श्री मत्पपशुपति चरण कमल धूलिधूसरित शिरोहरू श्री मन्मानेश्वरीष्टदेवता वरलब्ध प्रसाद देदीप्यमान मानोन्नत श्री रघुवंशावतार रविकुल-तिलक हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकल राजचक्राधीश्वर श्री श्री जय महीन्द्र सिंह देव परम भट्टारक देवानां सदा समरविजयिनां, प्रभु ठाकुल सन भवरकोट चोङ विप्र श्री प्रल्हाल जैसि नाम्ने प्रसादीकृतं नागद्वल खेलतुवल वातिका नाम संज्ञकं श्री श्री राजकुल क्षेत्रेन पश्चिमतो दक्षिनतश्च तिलम्वकेन उत्तरतो पूर्वश्च एतेषां मध्ये पंचनवति वातिकायां नव पंच रोपनिकं क्षेत्रांकतोपि वल कर्ष ९५ भुय नागद्वल वुरो ५ दिहि कर्ष २ वुरो नायं धल्यालि वर्ष २ तडोग्वत्र लोहोक्व ततः क्षत्रश्य यथा देश कार प्रवर्त्तमान संचारार्धेन सुवर्ण मूल्य नवविंशति टंकाधिक सप्तसत महीन्द्रसिंही टंका ७२९ मादाय स्थाधिना नवलुक न्यायन क्रयन विक्रीयनं भवति ।। प्रति होलि चेकन मूल खिमि च्याह थालया तविया ।। अत्र पत्रार्थे दृष्ट साक्षि श्री नीरनारायण मल्ल देवस ।। सम्वत् ८२५ फागुण शुद्धि १२ शुभ ।

(भवरकोट निवासी मेघराज कापलेबाट प्राप्त ताडपत्र)

ॐ स्वस्ति ।। श्री मत्पशुपति चरण कमल धूलिधूसारित शिरोहरू श्री मन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसाद देदिव्यमान मानोन्नतार रविकुल तिलक हनुमध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकल राजचक्राधीश्वर स्वविक्रमोपार्जित गजपति पद विराजमान श्री जय महीन्द्रसिह् देव परम भट्टारक देवानां सदा समरविजयिनां___

____प्रतित हात्ति खेदास खर्च्चथात हेङा । अत्र पत्रर्थे दृष्ट साक्षि श्री जगतजय (जगज्जय) मल्ल ।। सम्वत् ८३७ माघ वद्धि १४ ।। शुभ ।।

-★-

द्रष्टव्यः— यसमा दिइएका संपूर्ण अभिलेखहरू अभिलेख प्रकाशमा प्रकाशित हुंदैछन् ।
सो पुस्तक हाल प्रेसमानै छ ।

# Neolithic Tools from Nepal and Sikkim

*By Dr. N. R. Banerjee and*
*Janak Lal Sharma*

A. **Introduction**

The evidence of the Neolithic artefacts from Nepal and Sikkim is somewhat larger than that of the palaeoliths, discovered earlier.* So far only ten tools are known, but for three specimens, there is no clear record of the finds pots of the rest, though it is asserted that apart from the one from Sikkim, all the rest are from Nepal. In fact, the author's attention was drawn to a mixed collection of six tools which were lying in the stores of the Department of Archaeology at Kathmandu, by the reported discovery in the course of planned exploration of a specimen of oval cross-section in whitish grey sandstone in the Dang Valley. Since the possibility of the occurrence and use of such tools from different parts of Nepal had to be conceded, the entire collection was examined by me (N. R. Banerjee) along with one from Sikkim, now in the possession of Shri J. L. Sharma of the Department of Archaeology, and the one from Katukisewar, so kindly lent for my study by its discoverer (1966), Shri Ram Niwas Pandey of the Tribhuvan University, Kathmandu; and yet another discovered by Shri J. L. Sharma in the course of a brief exploration carried out by the Department of Archaeolgy in the Dang Valley (1970)

B. **Description:**

The ten specimens are described below:

Fig. 1

1. Made of granitic gneiss, it is in the shape of a chisel, 8.75 cm. long and 2.5 cm. wide at the widest part near the almost straight cutting edge. The tool tapers slightly towards the top, and though the tip is broken, it is 2 cm. broad. The flat chisel is 1 cm. thick. One of the sides of the cutting edge is chamferred. The specimen was carefully ground on all the facets, including the sides, and presents an oblong and flattened cross-section.

2. The specimen, an axe, is made of dolerite, and is black in colour. It is 10 cm. in length and 6 cm. broad at its broadest point near the slightly curved cutting edge. Ground and polished to produce multiple surfaces it can be classed under the facetted type. Its cutting edge is slightly curved. The

---

* N.R. Banerjee, "Discovery of the Remains of Prehistoric Man in Nepal." **Ancient Nepal,** No. 6, 1969, pp 6–9. We are grateful to Shri S.N. Puri, Member, Geology, of the Indian cooperation Mission, Kathmandu, for the identification of the stones described in this paper.

‡ See p. 57





**Fig. 1.** No. 1 from Sikkim, no 3. from near Mackwanpur, no. 8 from near Budhanilkantha and no. 9 from Dang Deokhuri area. The exact findspots of the rest are not known.





**Fig. 2.** A neolithic tool from the Dang valley.

the breadth of the butt suggests that it was hafted for use.

3. It is a thin chisel made of slate in the shape of a trapezium, the cutting edge being slightly chamferred on one side. It is 5 cm. in length, 4.5 cm. wide at its lower end and 2.5 cm. at the top, and the maximum thickness of the piece is .75 cm.

It was found in the midst of a cultivated field at **Odhare,** Ramtek Basti, not very far from Gangtok on the southern slopes of the Himalayan ranges, in Sikkim, corresponding to the midland zone of Nepal's topography.

It is interesting to note that the word **Odhare,** where the specimen was found, means a cave. It would, therefore, point to the probable existence of such caves, where folks using such polished implements may have once lived in the remote past. Its occurrence in the cultivated field may be attributed in this context to a discard.

The sides are flattened as in the cases of the other chisels, from Nepal.

4. This specimen made of quartzitic sandstone appears to be a celt used for cutting or chopping light wood or soft grass or reeds and plants. It is 7.5 cm. in length, 5.5 cm. broad at its broadest point above the cutting edge. In width it is almost uniform, being rectangular in the outline plan. While the slightly flattened sides and the broad faces are smooth, the cutting edge, which is almost straight, but for the rounded curves at the two lateral ends, is not as smooth. The lack of smoothness may be attributed to the absence of the finishing touch.

It is said to have been collected from a cave near Mackwanpur, which occurs to the south of the Mahabharat Lekh. This specimen can, therefore, be attributed to the Bhitri Madesh area, as is the specimen from Dang, described below (No. 9).

5. It is a flattish axe made of granitic gneiss. It is 11.4 cm. in length and 5.75 cm. in breadth and has a slightly curved cutting edge. Though polished all over, strips at the edges retain original surfaces, slightly sunk and rough.

6. The specimen, made of granitic gneiss is comparable to No. 1 in respect of the flattened sides, though the cutting edge is almost straight in the middle and slightly curved at the edge. It is 8 cm. in length and 4.5 cm. at its broadest a little above the cutting edge. At its upper end it is 3 cm. broad, the tip being broken. It is also ground on all the four faces, forming a rectangular cross-section. The cutting edge has been produced by grinding both the faces so that the edge has become almost straight. The edges on the sides too are straight giving it a rectangular cross-section.

7. It represents the only specimen from the Kathmandu valley of which the findspot is known. It was picked up by a little girl, Kumari Bhavana Sontakke, a little to the north of Budhanilkantha, in the bed of the Vishnumati. It is black in colour and is made of gneissic granite. It has a sharp, slightly splayed cutting edge and has almost flattened edges giving it a rectangular cross-section.

8. This small specimen of celt is made of granitic gneiss, and is reported to have been found in the possession of a resident of Panauti to the east of Banepa. It is 6.4 cm. in length and 4.4 cm. in width at the cutting edge, which is almost straight. Several specimens are reported from Panauti which would, therefore, appear as an area deserving of careful search. It has a straight polished edge giving it a rectangular cross-section. Interes-

tingly, this specimen bears parallel depressions or striations on the flat faces, only a little worn out by the process, apparently caused in the course of cutting by means of a metal wire or saw as in the case of the shouldered axes of Assam. The metal used was probably a variety of alloy steel to give it the required hardness for cutting into granite. This would indicate the probable chronology for the comparable assemblage of tools as belonging to the Iron Age, which could be any time between c. 1000 and 200 B. C. for a beginning and the early centuries of the Christian era as the upper terminal. The rationale of the use of stone tools in an age of metal would probably be to supplement a rather limited supply of the more utile metal.

9. The longest specimen brought to our notice is one of whitish grey phyllite, with a green core, found by Shri Ram Niwas Pandey† at Katukisewar, near Tulsipur the headquarters town of the Dang Ghorahi district in the Dang Valley within the confines of the Rapti Anchal. It was picked up on the bank of a stream in the course of a regular exploration undertaken by him along with Shri Drona Prasad Rajoria and Shri Chola Raj Sharma in 1966 on behalf of the Department of Culture of the Tribhuvan University.

It can be described to be a text book specimen of a neolithic axe of lenticular cross-section with a broad, almost straight, cutting edge. It is 19 cm. in length and 7.3 cm. at the cutting edge and 4 cm. at the flattish butt. Though ground all over, there are patches of uneven surfaces owing to the nature of the material. In shape and length it recalls the long and narrow blade of iron used by the womenfolk of the farmers, by fixing a long pole into the hole of the blade in the Kathmandu valley, and suggests a similar use. The cutting edge is slightly chamferred on one side for a breadth of .75 cm.

Fig no 2

Shri J. L. Sharma picked up a couple of comparable specimens, though very much rolled, amid a scatter of gravels lying alongside the course of a stream called Gwarkhola, about half a mile to the east of the Tarigaon airport in the Dang valley in the Rapti Anchal. Only one of these is described and illustrated below.

Made of gneissic granite, it is 8.8 cm. long, and its almost hemispherically splayed cutting edge has a diameter of 7 cm. Flat on both the sides, the specimen has a rectangular cross-section. The specimen is so rolled as to be of doubtful import. In view of the earlier find of a neolithic axe of oval cross-section in the Dang valley, the probability of the specimen being a tool may perhaps be conceded and in this context it would tentatively imply an admixture in the valley of Dang of tools of the two distinctive types, if not their actual meeting ground. But much larger evidence of unimpeachable character

† We are grateful to Shri Pandey for giving us the permission to illustrate and describe his tool in the paper. That the area is likely to prove crucial in the pre-or protohistory of Nepal is clearly indicated by some other doubtful specimens found by Shri Pandey himself and later by Shri J. L. Sharma.

* See pp. 51

must be found before any conclusion is drawn as to the identity of the specimen as a tool as well to the implied admixture of the two typologically distinctive tool shapes in this area.

## C. Conclusion

### i Distrbution

The limited studies so far have indicated an extensive area stretching from Dang in the intermediate valley (Bhitri Madesh) to the central Himalayan belt in Sikkim as the presently known bounds of the neolithic tools in the region.

### ii Souice

Though the bulk of the specimens would compare favourably with the tools of straight and facetted edges of rectangular cross-section, from Assam and North-east India, the presence of the specimen recovered from Katukisewar in the Dang Valley in whitish grey sandstone, which is distinctive different from the rest, would point to a different strain, and would plead for a meeting of the two strains in this region. The evidence of course is too meagre to warrant a hasty conclusion. That the bulk of the tools compare with those from Assam is clear, and tentatively it may be hazarded that the distributional movement into Nepal may have taken place from that direction, on the basis, merely, of typology.

### iii Utility and Function

That these axes may have been used for breaking the larger clods of earth into smaller ones is indicated by the echo of the ancient practice in the methods of cultivation adopted by the farmers in the terraced hill valleys, especially the Jyapus of the Kathmandu valley. These farmers use a large iron blade with a curved handle for turning the soil. This implement does the basic work of the plough. Womenfolk use a long but thin blade, of almost the size and shape of the stone tool from Katukisewar, Dang, fixed to the end of a long pole for breaking the clods. Both the operations involve considerable bending of the back and are conditioned by the nature of the terraced strips of land available for cultivation, where the oxen or other animals cannot be employed effectively or economically, apart from the troubles, and inconveniences of mobility or manouvreability on narrow ledges.

### iv Chronology

The general similarity to and affinity with the complex of neolithic tools from Assam, and the absence as yet of any find in a stratigraphic context leaves us with typology alone as the determinant factor in respect of chronology. If, therefore, the conceded premise of the directional trend from the north-east should hold good, a stelf point in the time bracket c. 1000-200 B. C. could be stipulated tentatively and provisionally as the chronology of the tools in question.

This is further supported by the marks or striations of cutting with a metallic wire as in the case of the shouldered celts of Assam.

—:o:—

## ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Shankarman Rajbansi | Editor, Rastriya Abhilekhalaya |
| Shri Suryabikram Gyanwali | Member, Royal Nepal Academy |
| Shri Khomraj Nepal | Darshanacharya, Rastriya Abhilekalaya |
| Shri Deviprasad Lamsal | Jyotishacharya, Rastriya Abhilekhalaya |
| Shri Mohanprasad Khanal | Research scholar, Dumakhal, Kathmandu |
| Shri Dr. N. R. Banerjee | Archaeological Adviser, Department of Archaeology |
| Shri Janaklal Sharma | Chief Research Officer, Department of Archaeology |

'प्राचीन नेपाल'का निमित्त प्राग् इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग संबन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग संबन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

**निर्देशक**
पुरातत्त्व विभाग
सिंहदरबार
काठमाडौं, नेपाल

Contribution of original nature dealing with prehistoric and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to *Ancient Nepal*.

The contribution should be concise and well documented, and based on hitherto uupublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent. The typescript should be in double space and on one side of the paper only and sent to:—

The Director
Department of Archaeology
Singha Durbar
Kathmandu, Nepal